साताै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२० फागुन २०७८, शुक्रबार (4 Mar 2022, Friday) ■ नेपाल संवत् ११४२ ■ वर्ष १५ ■ अंक ३१७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# ‘बाहुबली’ ठेकेदार : १० करोडमाथिका ५६२ सडक र पुलका आयोजनामध्ये २५५ ठेक्का १६ ठेकेदारको हातमा

### शक्तिको आड र कमिसनको खेलले भेटेजति ठेक्का हत्याउने र पेस्की रकम खल्तीमा हाल्ने ठेकेदारी प्रवृत्तिले सयौँ आयोजना वर्षौंसम्म अलपत्र

## ■ सञ्चालनमा नआउँदै भासिएको कमला नदी पुलको ठेकेदार पप्पु कन्स्ट्रक्सनको हातमा ६६ ठेक्का



साढे तीन वर्षमा सक्ने गरी १५ असार ०६८ मा पप्पु कन्स्ट्रक्सनले ठेक्का लिएको हुलाकी राजमार्गअन्तर्गत सिराहा-धनुषा जोड्ने कमला नदीको पुल साढे १० वर्षमा पनि सम्पन्न भएको छैन। बरु निर्माणकै क्रममा गत असारमा पुल भासियो।

## १० करोडमाथिका दुई खर्ब ७७ अर्बका ५६२ आयोजनामध्ये १६ ठेकेदारसँग मात्र एक खर्ब २७ अर्बका २५५ ठेक्का

**सुवास भट्ट, जीवन बस्नेत**

शक्तिको आड र कमिसनको खेलले भेटेजति ठेक्का हत्याउने र पेस्की रकम खल्तीमा हाल्ने ठेकेदारी प्रवृत्तिले सयौँ आयोजना वर्षौंसम्म अलपत्र छन्। सम्झौताअनुसार तोकिएको अवधिमा काम नगर्ने ठेकेदारलाई नसियत दिनुको सट्टा थप ठेक्कामा प्रवेश दिएर पुरस्कृत गर्दा ठेक्कापट्टा क्षेत्रमै विकृति झाँगिएको छ। यतिसम्म कि देशका ८० प्रतिशतभन्दा बढी आयोजना एक दर्जन ठेकेदारको कब्जामा छन्।

» पृष्ठ २ मा क्रमशः



■ ८० प्रतिशत ठेक्का एक दर्जन व्यवसायीको हातमा छन्

● **रवि सिंह,** अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ



■ ठेकेदारसँगै सरकारी निकाय र कानुन पनि उत्तिकै दोषी छन्

● **विनोद केसी,** पूर्वसचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय

## ■ चार ठेकेदारसँग मात्र एक खर्ब ३४ अर्ब ३२ करोडका १८९ ठेक्का



१ पप्पु कन्स्ट्रक्सन
सञ्चालक
**हरि रौनियार ‘पप्पु’**
कुल ठेक्का : ६६
कुल लागत : **२० अर्ब ९५ करोड ४४ लाख**



२ लामा कन्स्ट्रक्सन
सञ्चालक
**जिपछिरिङ लामा**
कुल ठेक्का : ४६
कुल लागत : **२४ अर्ब २९ करोड ३७ लाख**



३ रमण कन्स्ट्रक्सन
सञ्चालक
**बलराम महतो**
कुल ठेक्का : ४१
कुल लागत : **११ अर्ब ६१ करोड ४७ लाख**



४ कालिका कन्स्ट्रक्सन
सञ्चालक
**विक्रम पाण्डे**
कुल ठेक्का : ३६
कुल लागत : **७७ अर्ब ४६ करोड १८ लाख**

दश करोडमाथिका ७० आयोजना यी चार ठेकेदारका हातमा छन्। त्यसमध्ये लामा कन्स्ट्रक्सनसँग १८ अर्ब १२ करोड सात लाखका २० ठेक्का, पप्पु कन्स्ट्रक्सनसँग पाँच अर्ब ९० करोड ९४ लाखका १९ ठेक्का, कालिका कन्स्ट्रक्सनसँग १८ अर्ब ४८ करोड ६१ लाखका १९ ठेक्का र रमन कन्स्ट्रक्सनसँग चार अर्ब ३० करोड ७३ लाखका १२ ठेक्का छन्।

५ आशिष निर्माण सेवा प्रालि
**ठेक्का संख्या : २५**
लागत : **१० अर्ब ५६ करोड ७४ लाख**

६ लुम्बिनी बिल्डर्स
**ठेक्का संख्या : २४**
लागत : **सात अर्ब सात करोड ६१ लाख**

७ दिवा निर्माण सेवा
**ठेक्का संख्या : २३**
लागत : **११ अर्ब ७४ करोड ६५ लाख**

८ एलिट कन्स्ट्रक्सन
**ठेक्का संख्या : २३**
लागत : **पाँच अर्ब ८३ करोड पाँच लाख**

९ शर्मा एन्ड कम्पनी
**ठेक्का संख्या : १६**
लागत : **आठ अर्ब ९५ करोड ५६ लाख**

१० हिमडुङ थोकर
**ठेक्का संख्या : १४**
लागत : **चार अर्ब ७८ करोड ८३ लाख**

११ एपेक्स कन्स्ट्रक्सन कं. लि.
**ठेक्का संख्या : १३**
लागत : **६ अर्ब ६९ करोड ७५ लाख**

१२ कान्छाराम कन्स्ट्रक्सन
**ठेक्का संख्या : १२**
लागत : **६ अर्ब तीन करोड ६२ लाख**

१३ बज्रगुरु कन्स्ट्रक्सन
**ठेक्का संख्या : १२**
लागत : **चार अर्ब ५९ करोड ४७ लाख**

१४ ए एन्ड के कन्स्ट्रक्सन
**ठेक्का संख्या : १२**
लागत : **६ अर्ब ४८ करोड चार लाख**

१५ सपना निर्माण सेवा प्रालि
**ठेक्का संख्या : ११**
लागत : **एक अर्ब ८५ करोड २९ लाख**

१६ गजुरमुखी निर्माण कम्पनी
**ठेक्का संख्या : १०**
लागत : **पाँच अर्ब ६७ करोड ३२ लाख**

## ■ ठेक्का हत्याउन यसरी हुन्छ ‘फिक्सिङ’

पूर्व-पश्चिम रेलमार्गको इनरुवा-काँकडभिट्टा खण्डमा ट्र्याक बेड निर्माण गर्न ०७७ असारमा रेल विभागले टेन्डर आह्वान गर्‍यो। १०६ किलोमिटर दूरीको ट्र्याक बेड बिछ्याउन विभागले ३३ अर्बको टेन्डर निकालेको थियो। १४ गते ३० र १७ गते अर्को २४ गरी कुल ५४ प्याकेजमा टेन्डर आह्वान गरिएको थियो। तर, यति ठूलो टेन्डर निकाल्दा आयोजनाको पूर्वतयारी नै थिएन। आयोजनाका लागि आवश्यक जग्गासमेत प्राप्त नहुँदै विभागले टेन्डर आह्वान गर्‍यो। यो ठेक्कामा ठेकेदारहरूबीच ‘फिक्सिङ’ भयो। ठूला १८ निर्माण कम्पनीले भाग पाउने गरी ठेक्का टुक्र्याइएको थियो। तत्कालीन सत्तापक्षदेखि प्रतिपक्षसम्मका निकट ठेकेदारलाई भागशान्ति गरेर ठेक्का सुनिश्चित गरिएको थियो। ठेक्कामा मिलेमतो भएको सार्वजनिक भएपछि अन्ततः विभाग सम्पूर्ण ठेक्कै रद्द गर्न बाध्य भयो। मिलेमतोमा कसरी ठेक्का वितरण हुन्छन् भन्ने यो एक उदाहरण हो।

गलत लिखत तयार गरी ठेकेदार छनोट गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत २९ मंसिरमा काठमाडौं महानगरपालिकाका पाँच कर्मचारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गर्‍यो। महानगरपालिकाले साढे ६९ करोड रुपैयाँ लागतमा आफ्नो भवन वडा नं. १२ मा बनाउन निर्माणका लागि ठेक्का लगाएको थियो। तर, बोलपत्रको सर्त नपुग्ने निर्माण व्यवसायीलाई सर्त पुगेको भनी प्राविधिक मूल्यांकन प्रतिवेदनमा गलत लिखत तयार गरेर ठेक्का दिइएको थियो। लिखत तयार गर्ने महानगरपालिकाका निर्देशक भैरवबहादुर बोगटीसहित पाँचजनाविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ। मूल्यांकन प्रतिवेदनमा गलत लिखत तयार गरी महानगरले समानान्तर निर्माण सेवा प्रालिलाई ठेक्का दिएको थियो।

# एमसिसीपछि चुनावकेन्द्रित छलफलमा सत्तागठबन्धन

### विषय प्रवेश भएको छ, अर्को बैठकमा थप छलफल हुन्छ

● रामचन्द्र पौडेल, वरिष्ठ नेता, कांग्रेस



विशिष्ट परिस्थितिमा बनेको गठबन्धन कसरी परैसम्म लैजाने भन्ने विषयमा पनि छलफल भयो। घोषणा भइसकेको निर्वाचनमा दलहरूबीच सहकार्य गर्न सकिन्छ कि भनेर विषय उठेको छ। यसमा विषय प्रवेश भयो। दलहरूले आन्तरिक छलफल गर्ने र त्यसपछि अर्को चरणमा यसमाथि छलफल होला।

**दिपेश शाही**/नयाँ पत्रिका

१२ बुँदे व्याख्यात्मक घोषणासहित एमसिसी संसद्बाट अनुमोदन गराउने मध्यमार्गी विकल्पले जोगाएको सत्तागठबन्धनभित्र आगामी निर्वाचनकेन्द्रित छलफल सुरु भएको छ। एमसिसी अनुमोदनको चार दिनपछि बिहीबार बसेको गठबन्धनको बैठकमा पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा र आगामी निर्वाचनको तयारीमा छलफल भएको छ। यद्यपि, एमसिसीमै असहमति जनाएर गठबन्धनबाट राष्ट्रिय जनमोर्चा भने बाहिर आइसकेको छ।

एमसिसी संसद्बाट पारित गर्ने विषयमा देखिएका गम्भीर मतभेदले गठबन्धन झन्डै-झन्डै विघटनमा पुगेको थियो। तर, निर्णायक बिन्दुमा चार दलले १२ बुँदे व्याख्यात्मक घोषणासहित एमसिसी अनुमोदनको विकल्प रोजेपछि गठबन्धन सुरक्षित बनेको थियो। बिहीबार बसेको

» पृष्ठ २ मा क्रमशः

स्थानीय तह निर्वाचन

## आयोगलाई आठ अर्ब ११ करोड बजेट, विद्युतीय मतदानको व्यवस्था नहुने



■ मतदाता नामावलीमा दाबी-विरोध २६ फागुनसम्म

■ विदेशमा रहेका मतदाता चुनावमा भोट हाल्ने अधिकारबाट वञ्चित हुने

**हिमाल पौडेल**/नयाँ पत्रिका

स्थानीय तह निर्वाचनका लागि अर्थ मन्त्रालयले निर्वाचन आयोगलाई आठ अर्ब ११ करोड बजेट सुनिश्चित गरेको छ। आगामी ३० वैशाखमा एकै चरणमा सम्पन्न हुने निर्वाचनका लागि सरकारले अर्थ मन्त्रालयमार्फत आयोगलाई रकम सुनिश्चित गरेको हो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले मोटामोटी रूपमा अर्थ मन्त्रालयले बजेटको सुनिश्चितता गरेको बताए। ‘स्थानीय तह निर्वाचन सञ्चालन एवं व्यवस्थापनका लागि आयोगलाई नेपाल सरकार, अर्थ मन्त्रालयबाट आठ अर्ब ११ करोड बजेटको सुनिश्चितता प्राप्त भएको छ,’ आयोगका प्रवक्ता पौडेलले भने।

आयोगले १० फागुनमा आठ अर्ब ९५ करोड

» पृष्ठ २ मा क्रमशः

## ■ दसैँ-तिहारमा दिने बिदा थपियो

**काठमाडौं**/ आगामी वर्षका लागि सरकारले नौ दिन चाडपर्व बिदा बढाएको छ। गृह मन्त्रालयको प्रस्तावअनुसार सोमबार बसेको मन्त्रिपरिषद् बैठकले ०७९ मा दसैँ-तिहारको बिदासमेत लम्ब्याएर नौ दिन बढाएको हो।

आगामी वर्ष दसैँको विजयादशमीको पर्सिपल्ट (द्वादशी)सम्म बिदा दिने निर्णय भएको छ। यसअघि टीकाको भोलिपल्ट (एकादशी)सम्म मात्र बिदा हुन्थ्यो। त्यस्तै, तिहारमा भाइटीकाको भोलिपल्ट पनि बिदा हुने भएको छ। नेवार समुदायले त्यस दिन भाइटीकाकै रूपमा किजा पूजा गर्छन्।

आगामी वर्ष क्रिसमस, धान्नेपूर्णे (वैशाख पूर्णिमा), मोहम्मदजयन्तीमा पनि बिदा दिने निर्णय भएको छ। तमु तथा सोनाम ल्होसार र मुस्लिम समुदायको दुईवटा चाडमा पनि बिदा दिने निर्णय भएको छ। यो वर्ष पनि मन्त्रिपरिषद्का निर्णयका आधारमा यी चाडपर्वमा बिदा दिइएकोमा आगामी वर्ष भने बिदासम्बन्धी सूचनामै यसलाई समेट्ने निर्णय भएको छ।

## युक्रेनबाट निस्कन सफल १५ नेपाली तीन दिन पोल्यान्ड प्रहरीको हिरासतमा

### युक्रेनका लागि गैरआवासीय राजदूत भन्छन्- नौजना छुटिसके, ६ जनालाई छुटाउने प्रयास भइरहेको छ

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

युद्धग्रस्त युक्रेनबाट बाहिरिएर पोल्यान्ड सीमाक्षेत्र पुगेका १५ नेपालीलाई त्यहाँको प्रहरीले पक्राउ गरी तीन दिनसम्म हिरासतमा राखेको खुलेको छ। तर, उनीहरू पक्राउको कारण भने खुल्न सकेको छैन।

युक्रेनका लागि गैरआवासीय राजदूत रामकाजी खड्काले १५ नेपालीलाई पोल्यान्ड प्रहरीले हिरासतमा राखेको पुष्टि गर्दै नौजना छुटिसकेको र ६ जनालाई छाड्ने प्रयास भइरहेको बताए। खड्काकै रोहवरमा उनीहरू छुटेका हुन्। ‘नौजनालाई छाडिएको छ, बाँकी ६ जनालाई छाड्ने प्रक्रिया जारी छ,’ उनले भने।

पक्राउ परेका सबै नेपाली हुन् भनेर राजदूतले हस्ताक्षर गरेपछि मेडिकास्थित सीमा प्रहरी छाड्न तयार भएको हो। ‘सीमाक्षेत्रबाट हिँड्दै आएका उहाँहरू किन पक्राउ पर्नुभयो भन्ने खुल्न सकेको छैन। तर, रिहाइका लागि सहजीकरण गरिरहेको छु,’ खड्काले भने।

युक्रेनमा रहेका नेपालीले ह्वाट्सएप ग्रुपमा तीनजना सीमाक्षेत्रमा हराएको उल्लेख गर्दै आएका थिए। ‘हराएका भनिएका सबै प्रहरीको हिरासतमा मैले भेटेको छु, यहाँबाट कोही पनि

» पृष्ठ २ मा क्रमशः

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.



## एमसिसीपछि...

पृष्ठ १ बाट क्रमशः

गठबन्धनको बैठकमा आगामी चुनावमा सहकार्य गर्ने विषयले समेत प्रवेश पाएको छ। यसअघि गत १२ माघमा भएको राष्ट्रिय सभा निर्वाचनमा गठबन्धनमा रहेका दलहरू संयुक्त रूपमा लडेका थिए।

प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकले चुनावी सहकार्यका विषयमा समेत छलफल गरेको कांग्रेस नेता रामचन्द्र पौडेलले बताए। 'विशिष्ट परिस्थितिमा बनेको गठबन्धन कसरी परैसम्म लैजाने भन्ने विषयमा पनि छलफल भयो। घोषणा भइसकेको निर्वाचनमा दलहरूबीच सहकार्य गर्न सकिन्छ कि भनेर विषय उठेको छ,' नेता पौडेलले भने, 'यसमा विषय प्रवेश भयो। दलहरूले आन्तरिक छलफल गर्ने र त्यसपछि अर्को चरणमा यसमाथि छलफल होला।' नेता पौडेलका अनुसार बैठकमा गठबन्धनभित्र देखिएका मतभेद स्पष्ट हुने गरी समीक्षा भएको छ।

सत्तागठबन्धनलाई चुनावसम्मै लैजाने विषयमा दलहरूबीच फरक-फरक मत छन्। मुख्यगरी कांग्रेसभित्र यस विषयमा ठूलो मतभेद छ। तर, अन्य सत्तासाझेदार माओवादी, एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) गठबन्धनलाई कायम गरेर जानुपर्ने पक्षमा छन्। माओवादी केन्द्र र एकीकृत समाजवादी गठबन्धन चुनावसम्मै लैजानुपर्ने पक्षमा छन्। जसपा अहिलेसम्म यस विषयमा खुलेर बोलिरहेको छैन। यद्यपि, गठबन्धन जोगाएरै जाने पक्षमा जसपाका अधिकांश नेताहरू छन्।

प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा अहिलेको स्थितिमा गठबन्धन कायमै राखेर जाने मनस्थितिमा देखिएका छन्। सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले बैठकमा स्थानीय तहको निर्वाचनलगायत विषयमा छलफल भएको बताए। 'गठबन्धन विशेष परिस्थितिमा बनेको हो। अहिले पनि यसको आवश्यकता छ। आवश्यकता महसुस गरेर नै अगाडि बढ्छ,' प्रवक्ता कार्कीले भने। निर्वाचनमा सहकार्य गर्ने विषयमा गठबन्धनमा रहेका दलहरूले आन्तरिक छलफल गर्ने र त्यसपछि धारणा बनाउने उनले बताए। 'यी विषयमा आ-आफ्ना दलमा छलफल गरेर धारणा निर्माण हुन्छ। त्यसपछि गठबन्धनको पनि बैठक बसेर छलफल हुन्छ,' उनले भने।

प्रवक्ता कार्कीले दलका आफ्ना सजिलो र अप्ठ्यारो पक्षमा छलफल गरेर निष्कर्षमा पुगिने बताए। माओवादी केन्द्रका प्रमुख सचेतक देव गुरुङले बैठकमा आगामी निर्वाचनमा कसरी जान सकिन्छ भन्ने विषयमा सामान्य छलफल भएको र बाँकी अब बस्ने पार्टीका आन्तरिक बैठकपछि ठोस निष्कर्षमा पुगिने बताए। तत्कालीन प्रधानमन्त्री केपी ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटन गरेपछि गठबन्धन निर्माण भएको थियो।

प्रधानमन्त्री देउवाले एमसिसी पास गर्न सहयोग गरेकोमा सत्तासाझेदार दललाई धन्यवाद दिएका थिए। बैठकले एमसिसी संसद्बाट पारित भएको विषयमा समेत समीक्षा गरेको छ। 'प्रधानमन्त्रीले अन्य पार्टीका साथीहरूको प्रशंसा गर्नुभयो। साथै, उहाँहरूले पनि एमसिसी पास भएकोमा प्रधानमन्त्रीको प्रशंसा गर्नुभयो,' कांग्रेस नेता पौडेलले भने।

## आयोगलाई...

पृष्ठ १ बाट क्रमशः

२९ लाख चार हजार बजेट माग गरेको थियो। अर्थ मन्त्रालयबाट अहिले जति बजेट छुट्याए पनि सरकारले आवश्यकताअनुसार थप रकम उपलब्ध गराउने उनको भनाइ छ। 'अहिले बजेट जे-जति आए पनि आगामी दिनमा आवश्यकता परे सरकारले उपलब्ध गराउँछ भन्ने आश्वासन छ,' प्रवक्ता पौडेलले भने, 'बजेटलाई लिएर चिन्ता गर्नुपर्ने अवस्था छैन।'

आयोगले अद्यावधिक गरेको मतदाता नामावलीमा दाबी-विरोध गर्नका लागि २० देखि २६ फागुनसम्मको मिति तोकेको छ। साथै, निर्वाचनमा भाग लिन निवेदन दिएका ८० वटा राजनीतिक दलबारे अध्ययन भइरहेको आयोगले जानकारी दिएको छ। आयोगका अनुसार निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली २६ फागुनमा प्रकाशन हुनेछ। आयोगले निर्वाचनमा खटिने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको नामावली अध्ययनको गरिरहेको छ।

निर्वाचन आयोगका प्रवक्ता पौडेलले स्थानीय निर्वाचनमा विद्युतीय मतदानको व्यवस्था नहुने संकेत गरेका छन्। प्रवक्ता पौडेलले इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम)को विश्वसनीयतामा ठूलो प्रश्न रहेको बताए। टेक्निकल इभ्यालुएसन कमिटीले इभिएम प्रमाणीकरण गर्ने भन्ने विषयमा आयोग सन्तुष्ट हुन नसकेको उनको भनाइ छ। 'टेक्निकल इभ्यालुएसन कमिटीलाई कुनै पनि कानुनले चिन्दैन र त्यस्तो कमिटी गठन गर्ने अधिकार कुनै पनि कानुनले आयोगलाई दिएको छैन,' उनले भने। विद्युतीय मतदानमा जाँदा मेसिन खरिद गर्न लागत पनि धेरै लाग्ने र खरिद गरिएका मेसिनको प्रमाणीकरण कसले गर्ने भन्ने प्रश्न अझै अनुत्तरित रहेको उनले बताए। 'इभिएममा विश्वसनीयतामाथि ठूलो प्रश्न छ। प्रमाणीकरणको विषय अनुत्तरित नै छ,' पौडेलले भने।

विदेशमा रहेका मतदाता चुनावमा भोट हाल्ने अधिकारबाट वञ्चित हुने भएका छन्। आयोगले अहिले कानुनी व्यवस्थाको अभावका कारण विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउन नसकिने बताएको छ। 'विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार संरक्षण गर्न अहिलेको कानुनी व्यवस्थाबाट सम्भव छैन। अहिलेका प्रचलित निर्वाचन कानुनहरू जे-जति छन्, यी कानुनले नेपालबाहिर मतदान केन्द्रको परिकल्पना गर्दैन,' प्रवक्ता पौडेलले भने, 'त्यसबाहेक अन्य इलेक्ट्रोनिक विधि वा हुलाक पद्धति अपनाउन कानुन हुन जरुरी छ। यो विषयमा पनि आयोग र सरकारबीच छलफल भइरहेको छ।' आगामी दिनमा कानुन निर्माण हुँदा वा संशोधन हुँदा यी विषय समावेश भएर आएपछि कार्यान्वयन हुन सक्ने आयोगको भनाइ छ।

**कर्मचारी आवश्यकता**

यस न्हुज बहुउद्धेशीय सहकारी संस्था लिमिटेडको लागि निम्न कर्मचारीहरु आवश्यक भएकाले, इच्छुक अनुभवि महानुभावहरुले सम्पर्क गर्नुहोला ।

व्यवस्थापक – १ जना
कम्प्युटर अपरेटर – २ जना
बजार प्रतिनिधि – ५ जना

तलब आपसी समझदारीमा कायम गरिने छ ।

सम्पर्क नम्बर ९८५१०८५३४६, स्वयम्भू

## १० करोडमाथिका...

पृष्ठ १ बाट क्रमशः

सडक र पुलका अधिकांश ठेक्का हत्याउने र पेक्सी खाने, तर काम नगर्ने पप्पु कन्स्ट्रक्सनले ढिलै गरी सम्पन्न गरेका केही आयोजना पनि सञ्चालन हुँदानहुँदै भत्किएका छन्। संघीय समाजवादीबाट प्रतिनीधिसभामा सांसद बनेका पप्पुका सञ्चालक हरिनारायण रौनियार ठेक्कामा गुणस्तरहीन काम गरेको भन्दै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेका कारण निलम्बनमा छन्। तर, उनैको कम्पनीसँग अहिले पनि सडक र पुलका ६६ ठेक्का छन्, जसमध्ये अधिकांश आयोजना सम्झौता अवधि सकिँदा पनि अधुरै छन्। पप्पुले कुल २० अर्ब ९५ करोड ४४ लाखको ठेक्का ओगटेको छ।

त्यस्तै, राप्रपाका उपाध्यक्ष तथा निवर्तमान संघीय सांसद विक्रम पाण्डेको कालिका कन्स्ट्रक्सन पनि ठेक्का पार्ने र काम नगर्नेमा अगाडि छ। सिक्टा सिँचाइ आयोजनामा भ्रष्टाचार गरेको अभियोगमा अख्तियारले दायर गरेको पाण्डेविरूद्धको मुद्दा विचाराधीन छ। कालिकासँग अहिले ३६ आयोजनाको ठेक्का छ, जसको कुल लागत ७७ अर्ब ४६ करोड १८ लाख छ। संख्यात्मक रूपमा धेरै ठेक्का हत्याउनमा पप्पु अगाडि छ भने सबैभन्दा धेरै बजेटको ठेक्का कालिकासँग छ।

धेरै ठेक्का ओगट्ने र काम नगर्नेमा लामा कन्स्ट्रक्सन र रमन कन्स्ट्रक्सन पनि अगाडि छन्। लामासँग कुल २४ अर्ब २९ करोड ३७ लाख लागतका ४६ ठेक्का छन्। रमनसँग ११ अर्ब ६१ करोड ४७ लाख लागतका ४१ ठेक्का छन्। लामा कन्स्ट्रक्सनका प्रमुख जिपछिरिङ लामा नेपाली कांग्रेसको समानुपातिक सांसद हुन्।

यी केही उदाहरण हुन्। सडक विभागसँग हाल ३६ सय ६८ सडक र पुलका चालू आयोजना छन्। यीमध्ये दुई करोडभन्दा बढी लागतका आयोजना १७ सय ७५ छन्। १० करोडमाथि लागतका पाँच सय ६२ आयोजना छन्। यी आयोजना एक सय ३० ठेकेदारले पाए पनि दुई सय ५५ अर्थात् ४५ प्रतिशत भने जम्मा १६ ठेकेदारकै कब्जामा छन्।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले एउटै व्यवसायीले सम्हाल्न नसक्ने गरी अत्यधिक ठेक्का ओगट्ने परिपाटीले सम्झौताअनुसार निर्धारित समयमा आयोजना नसकिएको बताए। '८० प्रतिशत निर्माण आयोजना एक दर्जन व्यवसायीको हातमा छ। आयोजना प्रमुख र राजनीतिक नेतृत्वसँग मिलेमतो गरी आफूअनुकूलका मापदण्ड राख्न लगाएर ठेक्का हत्याउने अनि त्यसमा 'जोयन्ट भेन्चर' र 'सबकन्ट्र्याक्ट' गरेर अयोग्यलाई दिने प्रवृत्ति ठूला निर्माण कम्पनीमा छ,' उनले भने भन्छन्, 'यस्तो प्रवृत्तिले राज्यलाई लागत भार बढ्दै गएको छ भने नागरिकलाई सास्ती बढेको छ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७६ माघमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार देशभर रुग्ण ठेक्काहरूको संख्या एक हजार दुई सय सय छ। यसमध्ये सडक विभागअन्तर्गत सात सय एक रुग्ण ठेक्का छन्। अघिल्लो ठेक्का पूरा नगरी अन्य ठेक्कामा हात हाल्ने प्रवृत्ति निर्माण व्यवसायीमा छ भने सरकारी निकायले क्षमता नहेरी एउटै व्यवसायीलाई धेरै ठेक्का दिने गरेको छ। निर्माण व्यवसायीले आफ्नो क्षमताभन्दा बढीको ठेक्का ओगट्दा बजेट, जनशक्ति र सामग्रीको व्यवस्थापनले धान्दैन। जसकारण आयोजना समयमा सकिँदैनन्। तैपनि सरकारी निकायले त्यस्ता ठेकेदारलाई नयाँ ठेक्कामा कुनै बारबन्देज लगाउने गरेको छैन।

सार्वजनिक खरिद अनुगमन कार्यालयका पूर्वसचिव विनोद केसीले समयमा काम नगर्दा पनि त्यही ठेकेदारको हातमा दर्जनौँ ठेक्का पर्नुमा सरकारी निकाय र कानुनको दोष रहेको बताए। 'सम्झौतामा ठेक्का सक्नुपर्ने समय तोकिएको हुन्छ। उक्त समय व्यतीत हुन दिने, ठेकेदारले काम नगरे पनि छुट दिने, अनुगमन नगर्ने कुरा पनि उत्तिकै गलत हो। कानुनले पहुँच दिएपछि र सरकारी निकायले अनुगमन तथा ठेक्का जारी गर्दा ध्यान नदिएपछि यस्तो हुनु स्वाभाविक हो,' उनले भने, 'समयमा काम नभए हर्जना गर्ने, कारबाही गर्ने गर्नुपर्‍यो नि! धेरै ठेक्का पाइसकेका र पूरा नगरेका ठेकेदारलाई नयाँ ठेक्का दिनु पनि त गलत हो नि! यो प्रणालीगत कुरा हो। प्रणालीले नियन्त्रण गर्नुपर्छ।'

कुनै ठेक्का पारेर आयोजना सुरु गर्नुपूर्व पाउने मोबिलाइजेसन पेस्की रकम पनि व्यवसायीहरूले अन्यत्र खर्च गर्ने गरेका छन्। मोबिलाइजेसन दुरुपयोग भएको भन्दै विभागले विगत दुई वर्षयता १० प्रतिशत मात्र मोबिलाइजेसन दिन थालेको छ। त्यसअघि २० प्रतिशतसम्म दिने व्यवस्था थियो। अहिले सार्वजनिक खरिद नियमावलीको संशोधन प्रस्तावमा पनि १० प्रतिशतसम्म मात्र मोबिलाइजेसन दिने व्यवस्था गरिएको छ।

सडक विभागका महानिर्देशक शिवहरि सापकोटाले ठेक्का लिएर काम नगर्नेलाई फेरि नयाँ ठेक्कामा प्रवेशका लागि कानुनले नै छेकबार नगर्न निर्देश गरेको दाबी गरे। न्यून बोलकबोल गर्नेलाई ठेक्का दिनुपर्ने कानुनी बाध्यताले पनि पूर्वाधार विकासमा क्षति पुर्‍याएको उनको तर्क छ।

### ८० प्रतिशत ठेक्का एक दर्जन व्यवसायीको हातमा छन्



● **रवि सिंह**, अध्यक्ष,
नेपाल निर्माण व्यवसायी महासंघ

देशको ८० प्रतिशत ठेक्का एक दर्जन व्यवसायीको हातमा छ। एउटै व्यवसायीले सम्हाल्नै नसक्ने गरी ठेक्का ओगट्ने परिपाटीले सम्झौताबमोजिम निर्धारित समयमा आयोजना सम्पन्न हुन सकेका छैनन्। यसले राज्यलाई लागत भार बढ्दै गएको छ भने नागरिकलाई सास्ती बढेको छ। आयोजना प्रमुख र राजनीतिक नेतृत्वसँग मिलेमतो गरी आफूअनुकूलका 'क्राइटेरिया' राख्न लगाएर ठेक्का हत्याउने अभ्यास देखिएका छन्। ठूला निर्माण कम्पनीहरूले मितेमतो गरी 'कार्टेलिङ' गरिरहेका छन्। आयोजनाका लागि आवश्यक जग्गा उपलब्ध हुनुपूर्व नै ठेक्का हात पार्नेसम्म भइरहेका छन्। आयोजना हात पारेपछि त्यसमा 'जोयन्ट भेन्चर' र 'सब-कन्ट्र्याक्ट' गरेर अयोग्यलाई दिने प्रवृत्ति ठूला निर्माण कम्पनीमा छ। १०-१२ व्यवसायीका कारण निर्माण व्यवसाय नै बदनाम भएको छ। त्यसैले ठेक्काको सीमा तोक्न सरकारलाई महासंघले सुझाव दिएको छ।

### ठेकेदार मात्र होइन, सरकारी निकाय र कानुन पनि उत्तिकै दोषी छन्



● **विनोद केसी**, पूर्वसचिव,
सार्वजनिक खरिद अनुगमन कार्यालय

ठेक्का लिने, त्यसलाई वर्षौंसम्म अल्झाइरहने अनि उसैले नयाँ ठेक्का पाउने अभ्यासमा ठेकेदार मात्र होइन, सरकारी निकाय र कानुन पनि उत्तिकै दोषी छन्। कानुनले पहुँच दिएपछि र सरकारी निकायले अनुगमन तथा ठेक्का जारी गर्दा ध्यान नदिएपछि यस्तो हुनु स्वाभाविक हो। सम्झौतामा यति समयभित्र ठेक्का सक्नुपर्ने भनिएको हुन्छ। यो समय व्यतीत हुन दिनु, ठेकेदारले काम नगरे पनि छुट दिनु, अनुगमन नगर्नु उत्तिकै गलत हो। समयमा काम नभए हर्जना तिराएर कारबाही गर्नुपर्‍यो नि! धेरै ठेक्का पाइसकेका र पूरा नगरेका ठेकेदारलाई नयाँ ठेक्का दिनु प्रणालीगत गल्ती हो। प्रणालीले नै यसलाई नियन्त्रण गर्नुपर्छ।

### न्यून बोलकबोल गर्नेलाई ठेक्का दिनुपर्ने कानुनी बाध्यता नै मुख्य समस्या



● **ई. शिवहरि सापकोटा**,
महानिर्देशक सडक विभाग

न्यून बोलकबोल गर्नेलाई ठेक्का दिनुपर्ने कानुनी बाध्यता छ। न्यूनतम कबोल गरेको खण्डमा उसैसँग ठेक्का सम्झौता गर्नुपर्ने हुन्छ। ठेक्का सम्झौता गर्दा अघिल्ला ठेक्का पूरा गरे-नगरेको विषय हेरिँदैन। निर्माण कम्पनीको क्षमता आकलन गर्ने चलन पनि छैन। न्यूनतम बोलकबोल गरे पाइहाल्छ। मुख्य कमजोरी यही नै हो। यसले पूर्वाधार विकासमा क्षति

'न्यून बोलकबोल गर्नेलाई ठेक्का दिनुपर्ने कानुनी बाध्यता छ। उसैसँग ठेक्का सम्झौता गर्नुपर्ने हुन्छ। ठेक्का सम्झौता गर्दा अघिल्ला ठेक्का पूरा गरे-नगरेको विषय हेरिँदैन। निर्माण कम्पनीको क्षमता आकलन गर्ने चलन पनि छैन। मुख्य कमजोरी नै यही हो,' उनले भने, 'परिणाम नहेर्ने र ठेक्का दिइरहने गर्दा पूर्वाधार विकासमा क्षति पुगेको छ।'

### शक्तिशाली ठेकेदारहरू संसद्देखि सरकारसम्म, रौनियार र पाण्डे अदालतमा मुद्दा खेप्दै

दर्जनौं ठेक्का ओगटेर अलपत्र पार्दै मुलुकको पूर्वाधार विकासलाई नै बन्धक बनाउने ठेकेदारहरू सरकारदेखि संसद्सम्म पुगेका छन्। पप्पु कन्स्ट्रक्सनका सञ्चालक हरिनारायण रौनियार पर्सा क्षेत्र नम्बर ३ बाट संघीय समाजवादीका सांसद हुन्। बर्दियाको गुलरिया र बारबर्दिया जोड्ने जब्दीघाट पुल निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग गरेको भन्दै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेका कारण अहिले उनी निलम्बनमा छन्। १९ असोज ०७५ मा दायर मुद्दामा रौनियारविरुद्ध १९ करोड ३२ लाख २५ हजार बिगो माग दाबी गरिएको छ। यो मुद्दा विचाराधीन छ।

त्यस्तै, राप्रपा उपाध्यक्ष तथा प्रतिनिधिसभाका पूर्वसांसद कालिका कन्स्ट्रक्सनका सञ्चालक विक्रम पाण्डे पनि राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनामा भ्रष्टाचार अभियोगमा अदालतमा मुद्दा खेपिरहेका छन्। अख्तियारले २१ मंसिर ०७५ मा उनीसहित २१ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। पाण्डेसँग दुई अर्ब १३ करोड ७६ लाख ८० हजार बिगो माग गर्दै बिगोबराबरको जरिवाना र बिगो जफत गर्न माग गरेको छ। पाण्डेलाई दुई वर्ष कैद सजायको माग दाबी पनि अख्तियारले गरेको छ। उनको मुद्दा अदालतमा विचाराधीन छ। ०७४ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुरको मन्त्रिपरिषद्मा वन तथा भूसंरक्षणमन्त्रीसमेत बनेका थिए।

लामा कन्स्ट्रक्सनका प्रमुख जिपछिरिङ लामा नेपाली कांग्रेसको समानुपातिक सांसद हुन्। हिमडुङ एन्ड थोकरका बहादुरसिंह लामा पनि कांग्रेसका समानुपातिक सांसद हुन्। रसुवा कन्स्ट्रक्सनका मोहन आचार्य रसुवाबाट निर्वाचित नेपाली कांग्रेसका सांसद हुन्।

त्यस्तै, हिमाली निर्माण सेवाका धनबहादुर बुढा डोल्पा-१ बाट निर्वाचित सांसद हुन्। बुढा केपी ओली नेतृत्वकै पछिल्लो सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री थिए। अमित बिल्डर्सका प्रेम तुलाचन पनि मुस्ताङबाट निर्वाचित सांसद हुन्।

प्रदेशमा निर्वाचित १८ सांसद पनि ठेकेदार छन्। प्रदीप कन्स्ट्रक्सनका सञ्चालक खड्कबहादुर खत्री कर्णाली प्रदेशको भौतिक पूर्वाधार विकासमन्त्री बनेका थिए। नक्कली बैंक ग्यारेन्टी प्रकरणमा बैंकिङ कसुरको अभियोग लागेपछि उनी ०७६ साउनमा पदमुक्त भएका थिए। तीनै तहमा गरी दुई सयभन्दा बढी संख्याका जनप्रतिनिधि ठेकेदार छन्।

### निर्माण व्यवसायी महासंघका अध्यक्षविरुद्ध नै दुई मुद्दा

आयोजनामा भएको बदनियतका कारण निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहविरुद्ध दुई मुद्दा छन्। लालबकैया नदी नियन्त्रण आयोजनामा निर्धारित सर्त र सम्झौताविपरीत कम गुणस्तरको सामग्री प्रयोग गरी अनियमितता गरेको आरोपमा सिंहसहित पाँचजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत वर्ष १३ पुसमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। सिंहको कम्पनी महादेव खिम्ती निर्माण सेवा र मैनाचुली निर्माण सेवाका प्रबन्ध-निर्देशक मदनकुमार अधिकारीविरुद्ध तीन करोड ६५ लाख बिगो कायम गरी आयोगले मुद्दा दायर गरेको थियो। सिंहविरुद्ध गत १२ साउनमा आयोगले अर्को मुद्दा पनि दायर गरेको छ। पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजनाअन्तर्गत खोटाङ खण्डको निर्माणकार्य ठेक्का सम्झौता उल्लंघन गरी ६८ लाख ९४ हजार रुपैयाँ भुक्तानी लिएको भन्दै आयोगले उनीविरुद्ध अदालतमा मुद्दा दायर गरेको हो। भुक्तानी लिएबराबरको बिगो कायम गरी मुद्दा दायर भएको छ। दुवै मुद्दा अदातमा विचाराधीन छन्।

## ठूला ठेकेदारहरूले वर्षौंदेखि अलपत्र पारेका प्रतिनिधि आयोजना

### ■ पप्पुले तीन वर्षमा सक्नुपर्ने पुल १० वर्षमा पनि सकेन, बरु बन्दाबन्दै भासियो, उसकै हातमा ६६ ठेक्का

सडक र पुलका अधिकांश ठेक्का हत्याउने र पेस्की खाने, तर काम नगर्ने पप्पु कन्स्ट्रक्सनको पुरानै धन्दा हो। उसले तोकिएको समयभन्दा निकै ढिला सम्पन्न गरेका कैयौं सडक र पुल सञ्चालन हुँदानहुँदै भत्किएका पनि छन्। साढे तीन वर्षमा सक्ने गरी १५ असार ०६८ मा ठेक्का लिएको हुलाकी राजमार्गअन्तर्गत सिराहा-धनुषा जोड्ने कमला नदीको पुल साढे १० वर्षमा पनि सम्पन्न भएको छैन। बरु निर्माणकै क्रममा गत असारमा पुल भासियो। तोकिएको अवधि घर्किएको वर्षौंसम्म पनि निर्माण नसक्ने र गरेको काममा पनि लापरबाही गर्ने उही पप्पु कन्स्ट्रक्सनसँग हाल सडक र पुलका ६६ वटा ठेक्का छन्।

### ■ कालिकाले एक वर्षमा सक्नुपर्ने आयोजना ६ वर्षमा पनि बनाएन

सामाखुसी-टोखा-गुर्जेभञ्ज्याङ सडकको निर्माण तथा स्तरोन्नतिका लागि पहिलो प्याकेजको ठेक्का कालिका कन्स्ट्रक्सनले ७ वैशाख ०७३ मा पाएको थियो। एक वर्षमा सम्पन्न गर्ने गरी १४ करोड २७ लाख रुपैयाँ लागतमा कालिकाले यो ठेक्का पाएको थियो। सडक विभागका अनुसार यो सडकको सम्झौताअनुसारको काम अझै सकिएको छैन।

### ■ लामा कन्स्ट्रक्सनले समयमा सडक नबनाइदिँदा पहिरोले घर बगे

ठेक्का लिएर निर्माण अलपत्र पार्ने लामा कन्स्ट्रक्सनविरुद्ध म्याग्दीको बेनी-दरबाङ क्षेत्रका स्थानीय आन्दोलनमै उत्रिए। लामा-समानान्तर जेभीले दुई वर्षमा सक्ने गरी ४ असोज ०७४ मा ४५ करोड ५३ लाख ७२ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। सम्झौताअनुसार ४ असोज ०७६ मा नै सम्पन्न भइसक्नुपर्थ्यो। तर, सडक अझै बनेको छैन।

सडक विस्तारका क्रममा डोजरले खनेर छाडिदिएपछि गत वर्षदेखि वर्षातमा पहिरो बग्न थालेको थियो। पहिरोले १५ भन्दा बढी घर विस्थापित र सयौं रोपनी खेत बगाएपछि स्थानीय ठेकेदारविरुद्ध आन्दोलनमै उत्रिए।

गत साउनमा उनीहरूले सडकमा ठेकेदार कम्पनी लामा कन्स्ट्रक्सनका सञ्चालक जिपछिरिङ लामाको फोटो टाँसेर आन्दोलन नै गरे। बाटो समयमै निर्माण नहुँदा सयौं घर पहिरोको जोखिममा रहेका, सयौंको खेतबारी पहिरोले बगाएको, गाईवस्तुका गोठ बगाएको, आवातजावत कठिन भएको भन्दै उनीहरूले छिटो निर्माण सम्पन्न गर्न दबाबका लागि ठेकेदारको फोटोसहितको कालो ब्यानर सडकमा टाँसेका थिए।

### ■ मैनाचुली निर्माण सेवाले पाँच वर्षमा सक्नुपर्ने पुलको १० वर्षमा आधा मात्रै काम, उसैसँग १९ ठेक्का

हुलाकी राजमार्गअन्तर्गत झापाको भद्रपुरस्थित बिरिङ खोलामा आरसिसी पुल बनाउन मैनाचुली निर्माण सेवा प्रालिले १३ असार ०६८ मा ठेक्का पायो। १५ करोड ५० लाख ५८ हजार लागतको यो पुल पाँच वर्षमा सक्ने गरी सम्झौता भएको थियो। तर, १० वर्षमा पनि अधुरै छ। थपिएको म्याद १२ जेठ ०७७ मा पनि पुल नबनेपछि फेरि म्याद थपिएको छ। सडक विभागका अनुसार हालसम्म पुलको ५३ प्रतिशत मात्रै प्रगति भएको छ।

### ■ दुई वर्षमा सक्नुपर्ने भक्तपुर-नगरकोट सडक आठ वर्षसम्म अलपत्र पार्ने सैलुङ कन्स्ट्रक्सनसँग १२ ठेक्का

भक्तपुर-नगरकोट-सिपाघाट सडकको चर्चा देशभर तब भयो, जब नगरकोटका स्थानीयले गत वर्ष सडकमै निर्माण कम्पनी सैलुङ कन्स्ट्रक्सनका अध्यक्ष शारदाप्रसाद अधिकारीको फोटो टाँसेर विरोध गरे। स्थानीयले मात्रै होइन, अहिले त नगरपालिकाले समेत निर्माण कम्पनीविरुद्ध आन्दोलन गरिरहेको छ। जम्मा १६ किलोमिटर दूरीको यो सडक दुई वर्षमा सक्ने गरी २२ जेठ ०७१ मा सम्झौता भएको थियो। तर, आठ वर्षसम्म अलपत्रै छ। ३१ करोड ५२ लाख ९२ हजार लागतको आयोजनाको अहिलेसम्म ६१ प्रतिशत मात्रै प्रगति भएको सडक विभागको मूल्यांकन छ। राजधानीबाट नजिकको पर्यटकीय गन्तव्य नगरकोट जाने यो मूल सडक विजोग पारेको सैलुङ कन्स्ट्रक्सनकै हातमा १२ ठेक्का छन्।

### ■ तीन वर्षमा सक्नुपर्ने चाबहिल-साँखु सडक ६ वर्षमा पनि उस्तै छाड्ने बज्रगुरु कन्स्ट्रक्सनसँग २३ आयोजना

काठमाडौंको चाबहिल-जोरपाटी-साँखु सडक विस्तार तीन वर्षमा सक्ने भनेर बज्रगुरु कन्स्ट्रक्सनले १३ असोज ०७२ मा ठेक्का सम्झौता गरेको थियो। ४५ करोड ९६ लाख र ३१ करोड ८१ लाख गरी दुई खण्डको कुल ७७ करोड ५० लाख ४९ हजार लागतमा दुई ठेक्का हात पारेको थियो। ०७५ मा सकिनुपर्ने आयोजना ६ वर्ष पूरा हुँदा पनि अलपत्र छ। हालसम्म ५५ प्रतिशत मात्रै प्रगति रहेको सडक विभागले जनाएको छ। ठेक्का लिएर समयमा काम नगरेपछि स्थानीयले विभिन्न सांकेतिक विरोधदेखि आन्दोलनसम्म गर्दै आएका छन्। स्थानीयले हिलाम्मे सडकमा धान रोप्ने, बल्छी खेल्नेजस्ता सांकेतिक विरोध गरेका छन्। हिउँदमा धुलो र बर्खामा हिलोले आजित भएका उनीहरूले ०७६ वैशाखमा सडकमै टायर बालेर यातायात अवरुद्ध गरेपछि प्रहरीले बल प्रयोग गरेको थियो। ठेक्का हातमा लिएर काम नगर्ने यही बज्रगुरु कन्स्ट्रक्सनसँग यस्ता २३ आयोजना छन्।

### वर्षौंसम्म अलपत्र रुग्ण ठेक्काका अर्बौं पेस्की र जमानत रकम जोखिममा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन वर्षअघि ०७५ माघमा सार्वजनिक गरेको 'नेपाल सरकारद्वारा सञ्चालन भएका आयोजनाहरूमा निर्माण कार्यको ठेक्का व्यवस्थापनको अवस्था अध्ययन तथा विश्लेषण' प्रतिवेदनअनुसार देशभर एक हजार आठ सय ४८ रुग्ण ठेक्का थिए। जसको लागत एक खर्ब १८ अर्ब रहेको प्रतिवेदनमा उल्लेख थियो। दशौं वर्षसम्म सम्पन्न भएर अलपत्र परेका यी आयोजनाका लागि दिइएको २३ अर्ब ६० करोडको मोबिलाइजेसन पेस्की (२० प्रतिशतसम्म) र पाँच अर्ब ९० करोडको कार्यसम्पादन जमानत (पाँच प्रतिशत) रकम जोखिममा परेको अख्तियारले औंल्याएको थियो। रुग्ण आयोजनामध्ये ठूलो संख्या भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको सडक विभागअन्तर्गत थियो। विभागसँग नौ सय ६ रुग्ण ठेक्का रहेको प्रतिवेदनमा उल्लेख थियो। ०६४ देखिका ती आयोजनाको लागत २० अर्ब ७६ करोड रुपैयाँ रहेको प्रतिवेदनमा जनाइएको छ। त्यसमध्ये ६ सय २३ ठेक्काको त न म्याद थप भएको देखियो न सम्पन्न भएको नै।

एक वर्षपछि ०७६ माघमा अख्तियारले 'रुग्ण ठेक्काको व्यवस्थापन अध्ययन तथा विश्लेषण प्रतिवेदन' शीर्षकमा अद्यावधिक प्रतिवेदन जारी गर्‍यो। अख्तियारको ताकेतापछि एक वर्षमै रुग्ण ठेक्काको संख्या एक हजार दुई सय दुईमा झर्‍यो। जसको लागत ८६ अर्ब ४४ करोड रुपैयाँ थियो। अख्तियारको प्रतिवेदनपछि सडक विभागले पनि रुग्ण ठेक्काबारे कारबाही अघि बढाएको थियो। एक वर्षमै विभागअन्तर्गतका एक सय ९४ ठेक्का सम्पन्न भए भने ११ ठेक्काको सम्झौता नै विभागले रद्द गरिदियो। दुई वर्षअघिसम्म विभागअन्तर्गत सात सय एक रुग्ण ठेक्का थिए। त्यसको लागत १८ अर्ब ११ करोड रुपैयाँ छ। त्यसयताको अद्यावधिक तथ्यांक अख्तियारले जारी गरेको छैन भने विभागसँग पनि छैन।

## युक्रेनबाट...

पृष्ठ १ बाट क्रमशः

नेपाली नागरिक हराएका छैनन्,' उनले भने।

एक सातामा पाँच सय एक नेपालीले युक्रेन छाडेका छन्। बिहीबार साँझसम्म युक्रेनबाट नेपालीहरू पोल्यान्ड, स्लोभाकिया, रोमानिया र हंगेरीको सीमासम्म पुग्ने क्रम जारी छ। युक्रेनको राजधानी किभ, खार्किभ, ओडेसालगायतबाट बिहीबार साँझ थप ६ जना नेपाली पोल्यान्ड-युक्रेन सीमाक्षेत्र पुगेका छन्।

राजदूत खड्काका अनुसार अब युक्रेनमा न्यून संख्यामा नेपाली छन्। 'बिहीबार साँझसम्म युक्रेनबाट चार सय तीनजना पोल्यान्ड र ७१ जना स्लोभाकिया पुग्नुभएको छ,' खड्काले भने, 'रोमानियामा २३ जना र हंगेरीमा चारजना पुग्नुभएको छ। सबै सकुशल हुनुहुन्छ।'

युक्रेनमा लामो समयदेखि रहँदै आएका नेपाली मूलका व्यवसायी पनि विस्थापित भएका छन्। गैरआवासीय नेपाली संघका अध्यक्ष हरिबहादुर मल्ल परिवारसहित हंगेरी पुगेका छन्। 'म एकदमै तनावमा छु, शरणार्थीको जिन्दगी सुरु भएको छ,' मल्लले भने। ब्ल्याक सीनजिकै चार दशकदेखि बस्दै आएका मल्ल तथा अन्य व्यवसायी दशौं लाख अमेरिकी डलरको व्यापार व्यवसाय छाडेर अर्को मुलुक पलायन भएका छन्। 'कहाँ पुग्छु भन्ने ठेगान छैन। आफ्नै गाडीमा बाहिर निस्केको छु। अलिकति सहज भएपछि कुराकानी गरौंला,' मल्लले भने।

### रुसी सैनिक थप आक्रामक, बेलारुसमा दोस्रो वार्ता

रुसी सैनिकले बिहीबार युक्रेनको महत्त्वपूर्ण बन्दरगाह सहर खेरसोन कब्जामा लिएको छ भने अर्को व्यापारिक सहर मारियुपोल घेराबन्दी गरेको छ। दोस्रो विश्वयुद्धमा सेन्ट पिटरबर्गमा नाजी सेनाले घेराबन्दी गरेझैं रुसी सैनिकले मारियुपोल घेराबन्दी गरेको स्थानीय मेयरलाई उद्धृत गर्दै बिबिसीले समाचार दिएको छ। थप रुसी सैनिक राजधानी किभ र अर्को सहर खार्किभ पुगेका छन्। एक साताअघि रुसले उत्तर, दक्षिण तथा पूर्वी युक्रेनमा आक्रमण गर्ने चेतावनी दिएको थियो।

रुसको प्याराट्रुपर्स सैनिक युक्रेनको खार्किभभित्र प्रवेश गरेको छ। मारियुपोलमा ठूलो संख्यामा जनधनको क्षति भएको बताइएको छ। रुसको रक्षा मन्त्रालयले खेरसोन कब्जामा लिएको बिहीबार विज्ञप्तिमार्फत जनाएको छ। राजधानी किभ तथा अन्य सहरबाट स्थानीय बाहिरिने क्रम जारी छ। बिहीबारसम्म १० लाखभन्दा बढी युक्रेनीले छिमेकी पोल्यान्ड, स्लोभाकिया, हंगेरी र रोमानियामा शरण लिएका छन्।

यसैबीच, रुस र युक्रेनका प्रतिनिधिबीच बेलारुसमा दोस्रोपटक वार्ता भएको छ। वार्तामा तत्कालै युद्धविराम घोषणा गर्न, ध्वस्त पारिएका सहरहरूबाट नागरिकलाई बाहिर निस्कन सुरक्षित करिडोरको ग्यारेन्टी गर्न युक्रेनले माग गरेको छ। वार्ताका एजेन्डा भन्दै यी मुद्दा युक्रेनका अधिकारीले ट्विटरमा उल्लेख गरेका छन्।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

**Federal Project Implementation Unit, Kaski**

**Invitation for Bids**

Date of Publication: 2078/11/20 BS

1. The Department of Urban Development and Building Construction, Federal Project Implementation Unit, Kaski (DUDBC, FPIU, Kaski) invites electronic bids from Nepalese eligible bidders for the various works.

| SN | Contract No/ Bid No | Description of Works | Bid Security (NRs) | Bid Price (NRs) | Eligibility Criteria | Major Key Activities | Remarks (Estimated Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | FPIU/KASKI/ NCB/WORKS /078/79/73 | Construction Of Ringroad In Palungtar Municipality, Gorkha District (Sathdobato-Hattigauda-Ghaderikhola-Dhungetari-Birdi-Sera-Pauwataar Khanda) | 13,00,000.00 | 5,000.00 | Annual Turnover: 6,11,00,000.00 Similar Nature: 3,26,00,000.00 Line of Credit: 6,13,30,000.00 | 1. RCC works: 580cum 2. Stone Masonry: 150cum 3. Formworks: 4300sqm 4. Steel reinforcement: 43MT | Single Stage, Double Envelope Bidding Procedure |
| 2 | FPIU/KASKI/ NCB/WORKS /078/79/74 | Construction Of Drain And Foothpath Of PMC (Dig Office Gate To Sahid Chowk, District Administration Office Gate) | 1,20,000.00 | 3,000.00 | | | **NRs. 38,46,059.95** (Excluding VAT), Single Stage, One Envelope Bidding Procedure |

2. Pre bid meeting date: 2078/12/08 at 13:00 Hrs.
3. Bid Submission date: 2078/12/20 till 12:00 Hrs, Bid Opening Date: 2078/12/20 at 13:00 Hrs.
4. For all other details, please refer to the complete set of bidding documents at Federal Project Implementation Unit, Kaski, Telephone: +977-061-463058, fax: 061-465070 and email address: - dudbckaski2076@gmail.com or through website **www.bolpatra.gov.np/egp**

**Project Manager**

# पीडकको पक्षमा दिनहुँ नाराबाजी ! पीडित पक्ष न्याय नपाइने हो कि भन्ने चिन्तामा

## जबर्जस्ती करणी आरोपमा प्रहरी हिरासतमा रहेका पल शाहको पक्षमा उत्रिएका समर्थक अनुसन्धान प्रभावित पार्ने प्रयासमा



बलात्कार आरोपमा अभिनेता पल शाहलाई हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालय, तनहुँ अगाडि बिहीबार देखिएको भिड । तस्बिर : नयाँ पत्रिका



**अनुसन्धानलाई असर पर्दैन, तर जनमानसमा नराम्रो सन्देश जान्छ कि भन्ने हो । त्यसैले प्रहरी कार्यालय वरिपरि मानिसहरूलाई भिडभाड गर्न रोक लगाएका छौँ । यतिखेर ठाउँठाउँमा नायक शाह पक्राउको विरोधमा जुलुस निकालिएको छ ।**

■ **विश्वप्रकाश अर्याल,** प्रमुख जिल्ला अधिकारी, तनहुँ



**पल शाहविरुद्ध जबर्जस्ती करणीको अभियोग लागेको छ । उनीविरुद्ध निष्पक्ष ढंगले अनुसन्धान हुन दिनुपर्छ । अनुसन्धानलाई नै प्रभावित पर्ने यस्ता प्रयासले समाजमा राम्रो सन्देश प्रवाह गर्दैन ।**

■ **हेमन्त मल्ल,** पूर्वडिआइजी

**उपेन्द्र खनाल/नयाँ पत्रिका**
**तनहुँ, १९ फागुन**

नाबालिका बलात्कारको गम्भीर अरोप लागेका अभिनेता पल शाहविरुद्ध अनुसन्धान जारी छ । तर, उनका समर्थक अनुसन्धानलाई नै प्रभावित पार्ने गरी दिनहुँ जिल्ला प्रहरी कार्यालय तनहुँ अगाडि नाराबाजीमा उत्रिएका छन् । पल गत १४ फागुनदेखि प्रहरी हिरासतमा छन् ।

युट्युबरको भिड उस्तै थामिनसक्नुको छ । पलको देवत्वकरणमा उत्रिएका उनीहरू घन्टैपिच्छे 'नयाँ खुलासा' भन्दै बुम र क्यामेराअगाडि फलाक्न थाल्छन् । र, पल निर्दोष भएको घोषणा यसरी ठोकिदिन्छन्, मानिलिउँ उनीहरू अदालतका न्यायाधीश हुन् ।

नेपाल प्रहरीका पूर्वडिआइजी तथा सुरक्षाविद् हेमन्त मल्ल समर्थक र युट्युबरबाट भइरहेको यस्ता हर्कतले समाजमा राम्रो सन्देश नदिने बताउँछन् । 'पल शाहविरुद्ध जबर्जस्ती करणीको अभियोग लागेको छ । उनीविरुद्ध निष्पक्ष ढंगले अनुसन्धान हुन दिनुपर्छ । अनुसन्धानलाई नै प्रभावित पर्ने यस्ता प्रयासले समाजमा राम्रो सन्देश प्रवाह गर्दैन ।'

### ■ समर्थकको भिड बढेपछि प्रहरी कार्यालयवरपर तारबार

समर्थकको भिड नियन्त्रण गर्न जिप्रका तनहुँले कार्यालय आसपासका क्षेत्रमा बाँसको छेकबार मात्र होइन, तारबार नै लगाएको छ । दैनिकजसो समर्थकहरू आएर प्रहरी कार्यालयअगाडि भेला भई हुलहुज्जत गर्न थालेपछि सतर्कता अपनाउन प्रहरीले यस्तो गर्नुपरेको हो । दैनिक हुने यस्ता हर्कतले न्यायको आशमा प्रहरी कार्यालय पुगेका पीडित पक्ष उल्टै न्याय नपाइने पो हो कि भनेर चिन्तित बनेको छ ।

'घटना अनुसन्धानका लागि पीडित प्रहरी कार्यालय जानु स्वाभाविक हो । प्रहरी कार्यालयमा दैनिक हुने त्यस्तो भिड छिचोलेर टाउको जोगाउँदै बयान दिन जाने पीडितको मनोविज्ञान कस्तो होला ? यस्ता हर्कतले पीडितको मनोबल उकास्ने होइन, बरु 'ह्यारेसमेन्ट' गराउने काम हुन्छ । यस्ता घटनाले राम्रो सन्देश दिँदैन,' पूर्वडिआइजी मल्लले भने ।

### ■ तनहुँका सिडिओ विश्वप्रकाश अर्याल भन्छन्- भिडभाडले अनुसन्धानलाई असर गर्दैन

कलाकार पल शाहको समर्थनमा आएको भिडभाडले अनुसन्धानलाई असर नपर्ने प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल बताउँछन् । 'अनुसन्धानलाई असर पर्दैन, तर जनमानसमा नराम्रो सन्देश जान्छ कि भन्ने हो । त्यसैले प्रहरी कार्यालयवरिपरि मानिसहरूलाई भिडभाड गर्न रोक लगाएका छौँ । यतिखेर ठाउँठाउँमा नायक शाह पक्राउको विरोधमा जुलुस निकालिएको छ,' उनले भने, 'त्यति मात्र नभई प्रहरी कार्यालयअगाडि भिडियो खिच्न युट्युबरको ठूलो जमात छ । जसकारण पनि प्रहरीलाई भिड नियन्त्रण गर्न सकस भएको हो ।'

प्रहरीलाई निष्पक्ष रूपमा अनुसन्धान गर्न दिनुपर्ने वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले बताउँछन् । 'प्रहरीलाई अनुसन्धान गर्न दिनुपर्छ । मान्छेहरूको भिडभाडले अनुसन्धान प्रभावित गर्न कोही पनि लाग्नुहुँदैन,' उनले भने, 'दबाब दिएर केही हुँदैन । प्रहरीले स्वतन्त्र रूपमा छानबिन गर्न पाउनुपर्छ । मानिसहरूले भिडभाड गर्दा दबाब दिएको जस्तो पाइन्छ । त्यसकारण दुवैतिरबाट अनुसन्धानलाई सहजीकरण गनुपर्छ ।'

शाहको स्वास्थ्य अवस्था सामान्य रहेको छ । उनलाई भेटघाट गर्न आफन्तहरूको लाइन छ । जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी तथा सूचना अधिकारी युवराज खड्काले आफन्त र कानुन व्यवसायीलाई मात्रै भेटघाट गर्न दिइएको बताए । शाहविरुद्ध १७ वर्षीया नाबालिगलाई जबर्जस्ती करणी गरेको जाहेरी जिल्ला प्रहरी कार्यालय तनहुँमा परेको थियो । ११ फागुनमा पीडित परिवारले शाहविरुद्ध जबर्जस्ती करणीको जाहेरी दिएका थिए । शाह आइतबार प्रहरी कार्यालयमा आफैँ उपस्थित भएपछि प्रहरीले नियन्त्रणमा लिएको हो ।

जबर्जस्ती करणीको अभियोगमा थुनामा रहेका नायक पल शाहका समर्थकले गरेको नाराबाजीले छानबिनलाई प्रभाव पार्न नहुने भन्दै महिला मानवअधिकार रक्षक सञ्जालले निष्पक्ष छानबिन गर्न माग गरेको छ । मानवअधिकारकर्मीले प्रहरी उपरीक्षक राजेन्द्रबाबु रेग्मीलाई भेटी सत्यतथ्य छानबिन गर्न आग्रह गरेको हो ।

# शिक्षा क्षेत्रको बजेट बढाउन शिक्षामन्त्री पौडेल सक्रिय

## शिक्षा क्षेत्रको बजेट २० प्रतिशत पुऱ्याउने प्रधानमन्त्री देउवाको प्रतिबद्धता

**काठमाडौं**/ शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल शिक्षा क्षेत्रको बजेट बढाउने लबिङमा लागेका छन् । अर्थ मन्त्रालय आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तयारीमा जुटेसँगै उनले मन्त्रालयको बजेट बढाउन लबिङ थालेका हुन् । गत आर्थिक वर्षभन्दा चालू आर्थिक वर्षमा शिक्षा क्षेत्रको बजेट ह्वात्तै घटेपछि मन्त्री पौडेल बजेट बढाउन सक्रिय भएका हुन् । 'गत वर्ष कोभिडका कारण बजेटको आकार पनि सानो भयो,' उनले भने, 'यस वर्ष कोभिड महामारी कम छ, संविधानबमोजिम शिक्षामा बजेट बढाएर २० प्रतिशत बनाउनुपर्छ ।'

मन्त्री पौडेलले बिहीबार प्रधानमन्त्री शेरबहादुर देउवासँग शिक्षा क्षेत्रको बजेट बढाउने विषयमा छलफलसमेत गरेका छन् । छलफलमा आगामी आर्थिक वर्षमा संविधानले तोकेबमोजिम शिक्षामा २० प्रतिशत बजेट पुऱ्याउन पौडेलले आग्रह गरेको उनको सचिवालयले जनाएको छ । जवाफमा प्रधानमन्त्री देउवाले शिक्षा क्षेत्र आफ्नो पनि प्राथमिकताको क्षेत्र रहेको बताउँदै बजेट बढाउने आश्वासन दिएको सचिवालयले जनाएको छ ।

यसअघि शिक्षा क्षेत्रको बजेट कुल बजेटको १७ प्रतिशतसम्म मात्र पुगेको स्मरण गर्दै प्रधानमन्त्री देउवाले यसका लागि थप गृहकार्य गर्न निर्देशन दिएका थिए । 'यसअघि शिक्षा क्षेत्रको बजेट सबैभन्दा बढी १७ प्रतिशतसम्म पुगेको रहेछ,' पौडेललाई निर्देशन दिँदै देउवाले भने, 'तपाईंहरूले पनि होमवर्क गर्नुस्, यसपटक गत वर्षको भन्दा शिक्षा क्षेत्रको बजेट बढ्छ ।' शिक्षा क्षेत्रमा चालू आर्थिक वर्षमा ११ प्रतिशत मात्र बजेट विनियोजन भएको थियो ।



संविधानमा शिक्षा क्षेत्रको बजेट देशको कुल बजेटको २० प्रतिशत हुनुपर्ने उल्लेख छ । शिक्षामन्त्री पौडेलले प्रमाणपत्र धितोमा राखेर ऋण दिने विषय बजेटमा हरेक वर्ष समावेश भए पनि कार्यान्वयनमा जटिलता रहेको जानकारीसमेत गराएका थिए । बिहीबारकै छलफलमा संघीय शिक्षा ऐन, उच्च शिक्षा ऐनलगायतका ऐनहरू ल्याउने सन्दर्भमा पनि प्रधानमन्त्री देउवासँग छलफल भएको छ । प्रधानमन्त्रीले प्रमाण र ऋणको विषयमा आफूले नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक र अर्थमन्त्रीसँगको छलफल गर्ने आश्वासन दिएका छन् । ऐनको सन्दर्भमा पनि प्रधानमन्त्री सकारात्मक देखिएको शिक्षामन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

'प्रधानमन्त्री देउवा शिक्षा ऐन ल्याउने विषयमा सकारात्मक देखिनुभएको छ,' शिक्षामन्त्री पौडेलको सचिवालयले भन्यो, 'यद्यपि ऐन सदनबाट ल्याउने कि अध्यादेशबाट ल्याउने भन्ने विषय थप छलफलपछि मात्र निचोडमा पुग्ने उहाँको भनाइ थियो ।' नेपालमा अहिलेसम्म पनि ०२८ मा बनेको शिक्षा ऐन कार्यान्वयनमा छ । मन्त्री पौडेलले सातै प्रदेशमा कम्तीमा एउटा मेडिकल कलेज र नमुना आवासीय विद्यालय स्थापना गर्ने, सात सय ५३ स्थानीय तहमा प्राविधिक तथा बहुप्राविधिक शिक्षालय स्थापना गर्ने र तीन वर्षभित्र सामुदायिक विद्यालयहरूको भवन बनाइसक्ने योजनाबारे पनि प्रधानमन्त्री देउवालाई जानकारी गराएका छन् ।

# उद्घाटन भएको आठ महिनापछि वीर अस्पतालको सर्जिकल भवनबाट सेवा सुरु

**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**

उद्घाटन भएको करिब आठ महिनापछि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालको सर्जिकल भवनबाट कोभिडबाहेकको सेवा नियमित भएको छ । वीर अस्पतालका प्रशासकीय अधिकारी प्राध्यापक डा.भूपेन्द्र बस्नेतले सीमित जनशक्तिबाटै भए पनि सेवा सुरु गरेको जानकारी दिए ।

सर्जिकल भवनमा सेवा दिन सरकारले आठ सय ३१ जना चिकित्सकलगायतको दरबन्दी स्वीकृत गरेको छ । तर, जनशक्तिको बहाना देखाएर विपन्न बिरामीलाई सेवाबाट वञ्चित गर्न नहुने भनेर कोभिडमा लिएका केही जनशक्तिको उचित व्यवस्थापन गरी सर्जिकल भवनबाट ननकोभिड उपचार सेवा सुरु गरिएको बस्नेतले बताए ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले गत २७ असारमा सर्जिकल भवनको उद्घाटन गरेका थिए । कोरोना संक्रमित बिरामी राख्ने स्थान अभाव हुँदा वीरको नयाँ सर्जिकल भवनमा राखेर उपचार सुरु गरिएको थियो । तर, अब भने जुन उद्देश्यले भवन बनाइएको हो, त्यही उद्देश्यअनुसार उपचार सेवा दिन थालिएको अधिकारीहरूले बताएका छन् । नयाँ भवनमा सर्जरी सेवालाई तीव्रता दिइने भएको छ ।

वीर अस्पतालको नयाँ सर्जिकल भवन सात तलाको छ । ग्राउन्ड फ्लोरमा रेडियोलोजीको सिटी, एमआरआई, अल्ट्रासाउन्डलगायतको सेवा सञ्चालनमा आएको छ । यसअघि तीन तलासम्म कोभिडका बिरामी राखिएको थियो । तर, अहिले कोरोना केस नभएपछि दोस्रो तलामा मात्रै कोभिडका बिरामी भर्ना गरिएको वीर अस्पताल कर्मचारी युनियनका सचिव दीपक मुडभरीले बताए ।तेस्रो तलामा अस्पतालको कार्डियोथोरासिक एन्ड भास्कुलर सर्जरी (सिटिभिएस) सेवा, जनरल सर्जरी सेवा सुरु भएको छ । वीरले सर्जिकल भवनमा ननकोभिडका लागि २८ बेड आइसियू, कोभिडका लागि ५१ बेड आइसियू र सर्जरीका लागि १८ बेड आइसियू राखेको छ ।

पाँचौं तलामा अप्रेसन थिएटर राखिएको छ । केही दिनमा अप्रेसन थिएटर सञ्चालन हुने बस्नेतले बताए ।

# कांग्रेस कैलालीको सभापतिमा भट्ट

**नयाँ पत्रिका**
**धनगढी, १९ फागुन**

कांग्रेस कैलालीको सभापतिमा नारायणदत्त भट्ट विजयी भएका छन् । दोस्रो चरणमा भएको निर्वाचनमा प्रतिस्पर्धी प्रकाशबहादुर बमलाई दुई सय ६३ मतअन्तरले हराउँदै भट्ट सभापतिमा विजयी भएका हुन् । भट्टले एक हजार ३५९ मत पाएका छन् । पहिलो चरणको निर्वाचनमा सबैभन्दा बढी एक हजार १६७ मत ल्याएका बमले दोस्रो चरणमा एक हजार ९६ मत मात्र प्राप्त गरे ।

सभापतिमा निर्वाचित भट्ट जनआन्दोलनका घाइते हुन् । सभापतिका तीनजना उम्मेदवारमध्ये पहिलो चरणमा कसैले पनि ५० प्रतिशतभन्दा बढी मत ल्याउन नसकेपछि बिहीबार दोस्रो चरणको निर्वाचन भएको हो । पहिलो चरणमा बढी मत ल्याएका भट्ट र बमबीच दोस्रो चरणमा प्रतिस्पर्धा भएको हो ।



नारायणदत्त भट्ट

उनीहरू दुवैजना संस्थापन पक्षका हुन् । दुई हजार पाँच सय ७२ मतदातामध्ये दुई हजार ४६७ मत खसेको निर्वाचन समितिले जनाएको छ ।

पहिलो चरणबाट बाहिरिएका शेखर कोइराला पक्षका उम्मेदवार रामबहादुर कलेलको प्यानलले दोस्रो चरणमा बमलाई सघाएको थियो । तर, प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवा, नेत्री आरजु राणालगायत केन्द्रीय नेतृत्व भट्टको पक्षमा लागेको थियो । पार्टी केन्द्रको निर्देशनअनुसार कैलालीबाट प्रतिनिधित्व गर्ने ६ जना केन्द्रीय सदस्यलगायत नेताहरू भट्टको पक्षमा उभिएका थिए ।

निर्वाचनमा संस्थापन पक्षकै दुई खेमाबीच तीव्र ध्रुवीकरण देखिएको छ । सुदूरपश्चिमको प्रदेश राजधानी र प्रदेशमै सबैभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्ला भएकाले पार्टीको जिल्ला निर्वाचनमा केन्द्रले प्रत्यक्ष हस्तक्षेप गरेको कांग्रेसका एक नेताले बताए ।

## धनुषा सभापतिमा तीनजनाको उम्मेदवारी दर्ता

**जनकपुरधाम**/ कांग्रेस धनुषाको सभापतिमा तीनजनाले उम्मेदवारी दिएका छन् । २३ फागुनमा हुने मतदानमा कांग्रेसका तीन समूहबाट उम्मेदवारी परेको छ । पार्टी सभापति शेरबहादुर देउवा पक्षबाट सन्तोष यादव, कोइराला समूहबाट दिनेश प्रसैला यादव र विमलेन्द्र निधि समूहबाट योगेन्द्र पजियारले उम्मेदवारी दिएका छन् । तीनैजनाले जनकपुरस्थित कांग्रेसको पार्टी कार्यालयमा रहेको निर्वाचन समिति कार्यालयमा गएर आ-आफ्नो उम्मेदवारी दर्ता गराएका हुन् । नयाँ नेतृत्वका लागि सर्वसम्मत हुन नसकेपछि चुनावी प्रक्रियाबाट नेतृत्व चयन हुन लागेको छ । तीनै उम्मेदवारले आ-आफ्नो जित सुनिश्चित रहेको दाबी गरेका छन् । तर, पार्टीको जिल्लाका नेताहरूको चुनावी समीकरणले पहिलो चरणमा कुनै पनि उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत ल्याउने अवस्था नरहेको कांग्रेसकै नेताहरूले बताउँदै आएका छन् । कांग्रेसको धनुषा जिल्ला अधिवेशनमा तीन हजार एक सय ८७ मतदाता छन् ।

## बाँकेमा दोस्रो चरणको मतदान आज

**बाँके**/ कांग्रेस बाँके सभापतिको निर्वाचनमा कुनै पनि उम्मेदवारले ५१ प्रतिशत मत ल्याउन नसकेपछि दोस्रो चरणको मतदान हुने भएको छ । पहिलो चरणको निर्वाचनमा सभापतिका तीनैजना उम्मेदवारले ५१ प्रतिशत मत ल्याउन नसकेपछि शुक्रबार दोस्रो चरणको मतदान हुन लागेको निर्वाचन अधिकृत चित्रबहादुर शाहीले बताए ।

निर्वाचनमा संस्थापनइतरका नारायणप्रसाद गौडेलले अग्रता लिएका छन् । उनले पाँच सय ६९ मत पाउँदा सभापतिका अर्का उम्मेदवार बादशाह कुर्मीले पाँच सय ३८ र सुरेन्द्रबहादुर हमालले तीन सय १४ मत पाएका छन् । कुर्मी र हमाल संस्थापन पक्षका हुन् । दोस्रो चरणको निर्वाचनमा सबैभन्दा धेरै मत ल्याउने गौडेल र दोस्रो स्थानमा रहेका कुर्मीबीच प्रतिस्पर्धा हुने भएको छ । तेस्रो स्थानमा रहेका हमालले दोस्रो चरणमा कुर्मीलाई समर्थन गर्ने भएका छन् । उनले यसअघि दुवैजना संस्थापन पक्षका उम्मेदवार भएको बताउँदै दोस्रो चरणको निर्वाचन भए एकले अर्कोलाई सघाउने बताएका थिए । सभापतिका लागि शुक्रबार बिहान १० देखि दिउँसो ३ बजेसम्म मतदान हुने भएको छ । सभापति पदका लागि मतदान भएपछि सभापतिसँगै अन्य पदको मतगणना हुने निर्वाचन अधिकृत शाहीले बताए ।

# एक डाक्टरको भरमा सल्यान अस्पताल

## जटिल प्रकृतिका शल्यक्रिया गर्न निजी मेडिकलबाट बोलाइन्छ डाक्टर

**मीना बुढाथोकी/नयाँ पत्रिका**
**सल्यान, १९ फागुन**

कालिमाटी गाउँपालिका-१ लक्ष्मीपुरकी १९ वर्षीया केशरी रागुको १८ माघमा उपचारकै क्रममा जिल्ला अस्पताल सल्यानमा मृत्यु भयो । ७ माघमा खकारमा रगत देखिएपछि उनी लक्ष्मीपुर स्वास्थ्य चौकीमा जाँच गराउन गएकी थिइन् । सामान्य जाँचपछि उनलाई स्वास्थ्यसम्बन्धी परीक्षण गर्न स्वास्थ्य चौकीले जिल्ला अस्पताल सल्यान पठायो । उनी ७ माघ राति अस्पताल पुगिन् । दुईपटक गर्भ जाँच गराएकी उनलाई अस्पतालले सोही दिन नेपालगन्ज रिफर गऱ्यो ।



तर, आर्थिक अवस्था कमजोर भएका कारण अस्पतालबाट घर फर्किएको उनका पति संयोग रागु बताउँछन् । आर्थिक अभावले बाहिर जिल्ला जान नसकेर घरमै बसेकी केशरीलाई प्रसूति व्यथाले च्यापेपछि फेरि जिल्ला अस्पताल सल्यान पुगिन् । श्रीमतीले पेट दुख्न थालेको बताएपछि गाडी खोज्न थालेको बताउँदै संयोग रागुले १८ फागुन दिउँसो करिब साढे १२ बजे मात्रै अस्पताल पुगेको बताए । उनका अनुसार अस्पतालसम्म पुऱ्याउँदा केशरी बाटोमै बेहोस भइसकेकी थिइन् । 'पहिलो गर्भ भएका कारण पनि के भयो भन्ने थाहा भएन,' उनले भने, 'हामी आत्तिँदै अस्पताल पुग्यौँ । डाक्टरले शल्यक्रिया गर्न भने । आमाको अवस्था गम्भीर छ भन्दै भित्र लगे । केही समयपछि आमा र बच्चा दुवैको मृत्युको खबर बाहिर आयो ।'

अस्पताल प्रशासनले भने प्रसूति व्यथाले च्यापेर बेहोस अवस्थामा रहेकी उनलाई जिल्ला अस्पतालसम्म ल्याउन ढिलाइ भएका कारण उपचारकै क्रममा दुवैको मृत्यु भएको दाबी गरेको छ । 'महिलालाई इक्लामेसिया भएर बेहोसी अवस्थामा अस्पताल ल्याइएको थियो,' जिल्ला अस्पतालकी इन्डोर इन्चार्ज सुलोचना महर्जनले भनिन्, 'शल्यक्रिया गरेर बच्चालाई निकालियो, जन्मिँदा बच्चाको ढुकढुकी चलिरहेको थियो, तर तत्कालै मृत्यु भयो ।'

उनले उपचारकै क्रममा आमाको पनि मृत्यु भइसकेको बताइन् । दुईपटक स्वास्थ्य जाँच गराएकी उनलाई स्वास्थ्यकर्मीले १४ चैतमा प्रसूतिको मिति दिएको जानकारी दिँदै महर्जनले भनिन्, 'समयमै उपचार गराएको भए र प्रसूति व्यथा लागेकै समयमा अस्पताल पुऱ्याउन सकेको भए केही सम्भावना थियो ।'

आमाबच्चाको मृत्यु भएको दिन अस्पतालमा पर्याप्त जनशक्ति थिएनन् । डा. अभिषेक सिंह तालिममा सुर्खेतमा रहेको र जटिल खालका शल्यक्रिया गर्ने जनशक्ति नभएको समयमा घटना भएको पीडितका आफन्तको भनाइ छ । घटना भएको दिन अस्पतालमा मेडिकल अधिकृत डा. असिम प्रजापति र स्टाफ नर्स रिना बानिया थिए । 'बेहोस अवस्थामा प्रसूति केस आएपछि अन्य डाक्टरहरू पनि आउनुभयो,' ओटीसमेत हेर्ने गरेकी स्टाफ नर्स बानियाँले भनिन्, 'हामीमध्ये केहीले जिल्ला प्रशासन कार्यालयमा फोन गर्नुभयो । केहीले श्रीनगरस्थित परोपकार मेडिकलमा फोन गरेर डा. मेशक अधिकारीलाई बोलाउनुभयो । तालिम प्राप्त अन्य डाक्टर नभएपछि अधिकारीलाइ बोलाएका हौँ । उहाँ आएपछि १ बजे अप्रेसन सुरु भयो । सात मिनेटमै बच्चा निकालिसकेका थियौँ ।'

जटिल खालको केस आएको भन्दै अन्य अस्पतालमा पठाउनेसमेत तयारी गरिएको अस्पतालले जनाएको छ । अस्पतालमा जटिल खालको प्रसूतिको केस आएको भन्दै आफूलाई हेलिकोप्टरमार्फत उद्धार गर्ने भनेर जानकारी अस्पतालले गराएको पाँच मिनेटमै दुवैको मृत्यु भइसकेको खबर आएको प्रमुख जिल्ला अधिकारी विपीन आचार्यले बताए । 'अस्पतालमा त्यो केस कतिवेला आयो थाहा भएन, तर मैले माथिल्लो निकायसँग समन्वय गर्दै गरेको पाँच मिनेटमै मृत्युको खबर आएको हो,' उनले भने ।

### ■ तीन वर्षको अवधिमा तीन आमा र ३८ नवजात शिशुको मृत्यु

सल्यानमा तीन वर्षको अवधिमा तीन आमा र ३८ नवजात शिशुको मृत्यु भएको छ । स्वास्थ्य सेवा कार्यालयका सूचना अधिकारी थलराज डिसीका अनुसार आर्थिक वर्ष ०७६-७७ मा १८, ०७७-७८ मा १५ र चालू आव वर्ष ०७८-७९ को साउनदेखि हालसम्म पाँच नवजात शिशुको मृत्यु भएको छ । त्यस्तै, आव ०७६-७७ मा दार्मा गाउँपालिका र कालिमाटी गाउँपालिकाका दुईजना आमाको मत्यु भएको डिसीले बताए । उनका अनुसार ०७८-७९ को माघमा कालिमाटी गाउँपालिकाकी एक महिलाको मृत्यु भएको उनले बताए ।

तीन वर्षको अवधिमा एक सय १० मृत जन्म संख्या रहेको कार्यालयले जनाएको छ । आव ०७६-७७ मा २७, ०७७-७८ मा ५९ र ०७८-७९ को साउनदेखि हालसम्म २४ वटा मृत जन्म संख्या रहेको कार्यालयले जनाएको छ । 'तीन वर्षको अवधिमा बच्चा पेटमै मरेको संख्या हेर्ने हो भने भयावह छ,' उनले भने, 'यसलाई न्यूनीकरण गर्न गर्भवती जाँच कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।'

कुनै समय अन्य जटिल खालका शल्यक्रिया गरेको सल्यान अस्पतालमा अहिले भने कर्मचारी अभावमा प्राइभेट मेडिकलबाट डाक्टर बोलाएर शल्यक्रिया गर्नुपर्ने अवस्था आएपछि बिरामीले सास्ती खेप्दै आएका छन् । विगतमा रुकुम, रोल्पालगायतका जिल्लाका बिरामीसमेत जिल्ला अस्पताल सल्यानमा उपचारका लागि आउने गर्थे ।


# VACANCY ANNOUNCEMENT

WWF

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* seeks applications from qualified Nepali candidates for the following full-time position. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

## COMMUNICATIONS SPECIALIST

**Major Responsibilities:** Under the supervision of the Chief of Party, Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project, the Communications Specialist will be responsible for developing and executing communication strategies that support the project. This position will serve as the primary liaison between project teams and all project stakeholders.

**Qualifications:** A Bachelor's or Master's degree in Mass Communications, Development Communications, or a related field with at least five years of work experience in conceptualizing, developing, implementing, and managing communications strategies is required. The Communications Specialist must have strong IT skills including Microsoft Office programs and design software such as Photoshop. The ideal candidate for this position should have a keen eye for detail and should possess ability to work in a team. Strong interpersonal skills and the ability to work in a team are essential. Should be able to work under pressure and meet the deadlines across different time zones. Good facilitation and coaching skills are an advantage. Must be able to travel frequently to the field, including difficult terrain.

***This is the readvertisement of the vacancy announcement for the position of Regional Communications Specialist on 25th February 2022 and 28th February 2022. Candidates who have applied previously need not apply again.*

Interested applicants are requested to download the **application form** from the website and submit it with an application letter to the **email address** listed below by **17:00 hours** on **10th March 2022.** Please mention the position you are applying for as the subject. Emails without an application letter and completed application form will not be entertained. Only shortlisted candidates will be informed. Detailed TOR for the above-mentioned position can be downloaded from our website.

Website: https://www.wwfnepal.org/opportunities/vacancy/
Email: hr@wwfnepal.org

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*

# दृष्टिकोण



# एमसिसीपछिको राजनीति

## एमसिसीले गति लिन लागेको अहिलेको अवस्थामा अब देउवाको ध्यान पार्टी संगठनलाई बलियो बनाउनतिर केन्द्रित हुनुपर्छ



अग्रलेख

● किशोर नेपाल

कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले संसद्मा अड्किरहेको अमेरिकी सहयोग एमसिसीको टुंगो लगाएका छन् । प्रधानमन्त्री देउवाको राजनीतिक जीवनको यो सानो उपलब्धि होइन । विशेषगरी, आफूले नेतृत्व गरेको पाँचदलीय गठबन्धनलाई द्विविधाहरूबाट बाहिर ल्याएर विवादास्पद एमसिसीको पक्षमा उभ्याउनु त्यति सजिलो थिएन । संसद्मा प्रमुख प्रतिपक्षी दलका रूपमा रहेको एमालेको निस्पट्ट मौनताको कुनै अर्थ थिएन । आफैँले छलफलका लागि सदनमा दर्ता गराएको विधेयकको पक्ष वा विपक्षमा एक शब्द नबोलेर सदनमा असान्दर्भिक नाराबाजी गर्नु एमालेको अहंकार थियो । तर, त्यसको कुनै तुक थिएन । बहस 'सकिएर' सदनले एमसिसी अनुमोदन गरिसकेपछि एमालेका वरिष्ठ नेता प्रदीप ज्ञवालीले 'सरकारले एमालेलाई एमसिसीको पक्षमा मतदान गर्ने अवसर नदिएको' प्रतिक्रिया व्यक्त गर्नु अनौठो विडम्बना हो । एमसिसी सदनबाट अनुमोदन भएपछि आएको नेता ज्ञवालीको यस्तो प्रतिक्रिया अमेरिकालाई 'रिझाउने' मृगतृष्णा थियो । एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले बाहेक अरू कसैले नेता ज्ञवालीलाई यस्तो वाक्य बोल्न प्रेरित गरेको पक्कै होइन ।

नेपालका कम्युनिस्ट पार्टीहरूका सचिवालयमा एमसिसी अनुमोदनको प्रस्तावले कडा परकम्प ल्याएकै हो । एमसिसीको पक्षमा न माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, न त एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल नै सहमत थिए । कुरा गठबन्धनको अन्त्यसम्म चलिसकेको थियो । तर, नेताहरू जब गठबन्धन सरकारको अन्त्यपछिका राजनीतिक दृश्यहरूको परिकल्पनामा डुबे, त्यसपछि उनीहरूलाई यथार्थले चिमोट्यो । कम्युनिस्ट नेताहरूले कुरा मिलाए । एमसिसीलाई अमेरिकी सरकारले आफ्नो रणनीति बताइसकेको स्थितिमा यसको पुनर्व्याख्याको आवश्यकता थिएन । तर, नेपालका मूर्धन्य कम्युनिस्ट नेताहरूको सुविधाका लागि एमसिसीको नयाँ व्याख्यात्मक 'न्यारेटिभ' तयार भयो । प्रचण्ड र माधव एमसिसीको पक्षमा चट्टानझैँ उभिएको देखिएपछि वरिष्ठ कम्युनिस्ट नेता चित्रबहादुर केसी गठबन्धन छाड्ने पहिलो नेता भए । उनको अध्यक्षताको राष्ट्रिय जनमोर्चा पाँचदलीय गठबन्धनबाट बाहिरियो । एकीकृत समाजवादीले एमसिसी स्विकारेपछि पनि यस पार्टीका 'सम्मानित' नेता झलनाथ खनाल एमसिसीविरुद्ध गर्जिएका गर्जियै छन् । माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठलगायत थुप्रै कमरेडहरू केन्द्रबाट निस्किने मनस्थितिमा पुगेका छन् । स्वयं प्रचण्डले श्रेष्ठलाई 'असहमति छ भने पार्टी छाडे हुन्छ' भनेको समाचार बाहिर आयो । आफ्नो गल्तीको बोध भएपछि प्रचण्ड भोलिपल्ट बिहानै नारायणकाजीलाई फकाउन उनको घरैमा पुगे । तर, जे हुनु भइसकेको थियो । उनीहरूलाई विद्रोही माओवादी नेता नेत्रविक्रम चन्द 'विप्लव'ले आफ्नो आलिंगनमा 'सुरक्षित राख्ने' योजना बनिसकेको थियो । नारायणकाजी घर फर्किन्छन् कि डेरामै बस्छन् ? यसको टुंगो लागिसकेको छैन सायद ।

यस्तो लाग्छ, एउटै एमसिसी सम्झौताले विभिन्न टुक्रामा विभाजित कम्युनिस्टलाई एकै ठाउँमा ल्याउने सम्भावना बढ्न थालेको देखिन्छ । अहिलेको परिस्थितिमा कम्युनिस्टबीचको एकता त्यति सम्भव देखिँदैन र पनि राजनीतिक आवश्यकताले उनीहरूलाई एकै ठाउँमा ल्याउन पनि सक्छ । एकातिर, माओवादी पार्टी छ र अर्कातिर एमाले । ओलीको प्रधानमन्त्री पदमा 'उत्थान'पछि सर्वोच्च अदालतले एमाले र माओवादीबीचको एकतालाई निरस्त गरिदियो । त्यसपछिको परिवेशमा तेस्रो धारमा देखिएको छ, माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी । माओवादी अध्यक्ष प्रचण्ड उपस्थित सबै कम्युनिस्ट नेताका तुलनामा अब्बल छन् । दशक लामो हिंसात्मक संघर्षपछि उनैले युद्धलाई शान्तिको बाटोमा अवतरण गराए । उनैले गणतन्त्रको जग बसाले । उनै गणतन्त्रका प्रथम कार्यकारी प्रधानमन्त्री भए । उनले आफ्नो पार्टीभित्रको विसंगत र विरोधाभाषी स्थिति सम्हाल्न सकेको भए अहिले कम्युनिस्ट राज स्थापनाको डेढ दशक भइसक्ने थियो । तर, त्यसो हुन सकेन ।

यता, कांग्रेस सभापति तथा गठबन्धन सरकारका प्रधानमन्त्री देउवा पनि कम अप्ठेरोमा छैनन् । कांग्रेसको चौधौँ अधिवेशनमा उनी चुनावको दोस्रो चक्रमा सभापति चुनिएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी शेखर कोइरालाको रणनीति असफल भयो । शेखरले आफूलाई कांग्रेस सभापतिका रूपमा विजयी गराउन देशभरिका कांग्रेस समुदायसँग निकै ठूलो अनुरोध गरेका थिए । कांग्रेसीहरू उनको व्यक्तित्वबाट प्रभावित पनि थिए । तर, प्रभावित हुनु एउटा कुरा हो भने चुनावमा भोट दिनु अर्कै कुरा हो । कांग्रेसको बनोट नै यस्तै छ । स्वर्गीय गिरिजाप्रसाद कोइराला सभापति चुनिएको समयमा यो बनोट भत्कियो । स्वर्गीय कोइराला आजीवन सभापति हुनुभयो । अहिले देउवाको पालामा त्यो बनोट भत्किएको छ । उमेरले दिने हो भने देउवा एकपटक फेरि सभापति हुन चाहन्छन् होला । तर, रिंगमा धेरै छन् सभापति बन्ने चाहनासाथ उभिएका । अपेक्षाकृत नयाँ पुस्ताका विमलेन्द्र निधि र प्रकाशमान सिंह जुन उत्साहसाथ सभापतिको चुनावमा उठेका थिए, त्यत्तिकै आकस्मिकतासाथ पराजित भए । उनीहरूको पुस्ताको सभापति बन्ने पालो सम्भवतः अब सकियो ।




एमसिसीमाथि सदनमा छलफल हुँदै गर्दा प्रतिपक्षी एमालेको निस्पट्ट मौनताको अर्थ थिएन । आफैँले दर्ता गराएको विधेयकको पक्ष वा विपक्षमा एक शब्द नबोलेर सदनमा असान्दर्भिक नाराबाजी गर्नु एमालेको अहंकार थियो ।

यतिखेर, प्रधानमन्त्री देउवाले आफ्नो ध्यान विकासतिर मोडेको देखिन्छ । एमसिसीमा उनको बढेको चाख यसैको परिणाम हो । भियतनाम युद्धका कारण थाइल्यान्ड विकासको अग्रपंक्तिमा देखा परेको थियो । अमेरिका र भियतनामबीच युद्धकालमा थाइल्यान्डको राजधानी बैंकक र अन्य सहर अमेरिकी सैनिकको क्रिडास्थल थिए । चरम गरिबीमा डुबेका थाई जनताले त्यतिवेला अत्यन्त कठिन तवरले, आफ्नो आत्मसम्मानसमेत गुमाएर जीवन गुजारा चलाएका थिए । अहिले अतीतका डरलाग्दा घटनाका बाबजुद थाई जनताले ठूलो विकास गरेका छन् । विकासको त्यो चक्र बंगलादेशबाट नेपालमा प्रवेश गर्ने सम्भावना मुखरित भएका छन् । बंगलादेश विकासको बाटामा धेरै अगाडि लम्किइसकेको छ । बंगलादेशको विकासपछि अब नेपालकै पालो हो । एमसिसी त्यसैको पहिलो चरण पनि हुन सक्छ । एमसिसीले नेपालको विकासको ढोका खोल्न सक्छ । तर, एमसिसीलाई नेपालको उत्तरी छिमेकी र विश्वको नयाँ सुपर पावर चीनले यथास्थितिमा स्वीकार गर्नेछ कि किचोलो निकाल्नेछ ? यसै भन्न सकिँदैन ।

छिमेकी भारत र अमेरिकाको प्रभावका कारण पनि नेपालप्रति चीनको व्यवहार सहज नहुन सक्छ । आजको दुनियाँमा असंलग्न परराष्ट्र नीतिको सक्रियता छैन । अहिलेको विश्व परिस्थितिमा संसारलाई हेर्ने दृष्टिकोण बदलिँदै गएका छन् । यी तथ्यलाई नबुझेसम्म कसैले पनि सोचेकोजस्तो परिवर्तन आउन सक्दैन । जहाँसम्म नेपालको कुरा छ, यो देश राजनीतिक असंगतिहरूको सिकार भएको छ । २०६२-६३ मा त्यति ठूलो परिवर्तन भएर पनि देशमा त्यसको अनुभूति हुन सकेको छैन । नेपाली समाजको माथिल्लो तह र तल्लो तहबीच एउटा यस्तो वर्गको प्रभुत्व रहेको छ, जसका हातमा देशका सम्पूर्ण स्रोत र संशाधन रहेका छन् । यसविरुद्ध कांग्रेस र कम्युनिस्ट शक्तिहरूले सधैँ संघर्ष गर्दै आए पनि देशको स्रोत र साधनमाथि यही वर्गको कब्जा यथावत् रहेको छ । यस वर्गलाई बिपी कोइरालाले भुइँफुट्टा वर्गको संज्ञा दिनुभएको थियो ।

एमसिसीले गति लिन लागेको अहिलेको अवस्थामा कांग्रेस सभापति देउवाको ध्यान पार्टी संगठनलाई बलियो बनाउन केन्द्रित रहनुपर्ने देखिएको छ । देशमा स्थानीय, प्रादेशिक र संघीय चुनावको प्रारम्भ हुँदै छ । कांग्रेसको अवस्था त्यति मजबुत छैन, जति देखिएको छ । कार्यकर्तामा लोकतान्त्रिक आचरण छैन । समाजप्रति प्रतिबद्धता छैन । स्वतन्त्रताको नाममा राजनीतिक छिना-झपटी, गुटबन्दी, भ्रष्ट आचरण र बेइमानी राजनीतिक संस्कारका रूपमा फैलिन थालेको छ । अहिलेको परिवेशमा कांग्रेस वा कम्युनिस्ट कसैले पनि स्वाभाविक रूपमा चुनाव जित्न सक्दैनन् । राज्य संयन्त्रहरू बिचौलियाको हातमा परेका छन् । भ्रष्टाचारको त कुरै गर्न परेन । प्रधानमन्त्री देउवाले यी विकृति अन्त्य गर्ने प्रयत्न मात्रै गरे भने पनि देशको ठूलो भलो हुन्थ्यो । के कांग्रेस नेताहरूले प्रधानमन्त्री देउवालाई घचघच्याउलान् ?

# श्रवण अशक्तताको समस्या र समाधान

## विश्वमा एक अर्ब १० करोड युवा बढी हल्ला हुने मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न हुँदा श्रवण अशक्तताको उच्च जोखिममा छन्



● डा. प्रशान्त पौड्याल

विश्व स्वास्थ्य संगठनको (२०२१ अप्रिल को अपडेट) अनुमानअनुसार संसारभर करिब ४३.३ करोड मानिसमा श्रवण अशक्तता छ । जसमध्ये ३.४ करोड बालबालिका छन् । हरेक १० जना व्यक्तिमध्ये एकजनालाई कुनै न कुनै किसिमको सुनाइको समस्या हुने अनुमान छ । विश्व स्वास्थ्य संगठनका अनुसार शीघ्र कार्यनीति ल्याइएन भने आउँदा वर्षमा मानिसमा सुन्ने अशक्तता झन् बढ्नेछ । सन् २०३० सम्ममा ६३ करोड र सन् २०५० सम्ममा ९० करोड मानिसमा यो समस्या हुने प्रक्षेपणले देखाउँछ । दक्षिण एसियामा कुल जनसंख्याको ४.६ देखि ८.८ प्रतिशत मानिसमा श्रवण अशक्तता रहेको र यीमध्ये बालबालिकाको संख्या अधिक रहेको छ । एक अर्ब १० करोड युवा (१२ देखि ३५ वर्ष उमेर) बढी हल्ला हुने मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न हुने हुँदा श्रवण अशक्तताको उच्च जोखिममा छन् ।

श्रवण अशक्तताको प्रतिकूल असर शारीरिक तथा मानसिक स्वास्थ्य, शिक्षा र रोजगारीमा समेत पर्छ । बालबालिकामा हुने यो समस्यामध्ये आधाभन्दा बढी (झन्डै ६० प्रतिशत) रोकथाम गर्न सकिन्छ । श्रवण शक्तिमा समस्या हुनाले कतिपय बालबालिका विद्यालय शिक्षाबाट पनि वञ्चित छन् । नेपालमा १५ वर्षमुनिका करिब दुई लाख ५० हजार बालबालिकामा सुस्त श्रवणको समस्या छ । शिक्षा मन्त्रालयको तथ्यांकअनुसार सुस्तश्रवण भएका करिब सात हजार बालबालिका मात्र विद्यालयमा भर्ना भएका छन् । त्यसअनुसार करिब तीन लाख ४३ हजार बालबालिका श्रवण शक्तिमा समस्या हुनुका साथै विद्यालय शिक्षाबाट पनि वञ्चित छन् ।

विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार 'सुनाइ कमजोरी' भन्नाले २५ डेसिबल वा सोभन्दा बढी र 'अशक्त रूपमा सुनाइ कमजोरी' भन्नाले ३५ डेसिबलभन्दा बढीको सुनाइ कमजोरीलाई जनाउँछ । यो समस्या भएका ८० प्रतिशतभन्दा बढी व्यक्ति कम र न्यून आय आर्जन भएका देशमा छन् । 'सुस्त श्रवण' भन्नाले २० डेसिबलभन्दा धेरै सुनाइ कमजोरी भएको व्यक्तिलाई जनाउँछ, जसले कुराकानी गर्न साङ्केतिक भाषा पनि प्रयोग गर्छन् ।

ध्वनि प्रदूषणले करिब एक खर्ब व्यक्तिको श्रवण शक्तिमा असर गर्ने अनुमान भएकाले सन् २०१५ मै विश्व स्वास्थ्य संगठनले 'मेक लिसनिङ सेफ इनिसिएटिभ' सुरु गरेको थियो । यसका लागि निम्न कार्यक्रमबाट अघि बढ्ने उद्देश्य थियो :

- स्वास्थ्य सुनाइका लागि अभिमुखीकरण र जनचेतना फैलाउने ।
- ध्वनि प्रदूषण न्यूनीकरणको मापदण्ड लागू गर्ने ।
- इन्टरनेसनल युनियन अफ टेलिकम्युनिकेसन (आइटियू) र विश्व स्वास्थ्य संगठनको सहकार्यमा 'ग्लोबल स्टान्डर्ड फर सेफ लिसनिङ डिभाइसेज एन्ड सिस्टम्स' लागू गरिने ।

बहिरोपन र सुनाइको कमजोरीका प्रमुख कारण कानको संक्रमण, वंशाणुगत, सुनाइलाई असर पुऱ्याउने औषधि, मेनेन्जाइटिस, दादुरा, हाँडे, टाइफाइडजस्ता संक्रामक रोग आदि हुन् । अत्यधिक ध्वनि आउने संगीत र विस्फोटक पदार्थको आवाज इत्यादिले पनि सुनाइमा असर पार्छ ।

१) ०-७० डेसिबलसम्मको आवाजले श्रवण शक्तिमा क्षति पुऱ्याउँदैन । सास लिएको, कानेखुसी गरेको, रुखमा पातहरू हल्लेको, पानी परेको, सामान्य कुराकानी गरेको, ट्याक्सी चलेको जस्ता आवाज यसअन्तर्गत पर्छन् ।
२) ७१-९० डेसिबलसम्मको आवाजलगातार आठ घन्टासम्म सुनियो भने श्रवण शक्तिमा क्षति हुन सक्ने सम्भावना हुन्छ । ट्रक, मिक्सचर, कपाल सुकाउने मेसिन आदिका आवाज यसअन्तर्गत पर्छन् ।
३) १०० डेसिबलसम्मको आवाज लगातार १५ मिनेटसम्म सुन्दा श्रवण शक्तिमा क्षति हुने सम्भावना हुन्छ । हेलिकोप्टर, हवाईजहाज आदिका आवाज यसअन्तर्गत पर्छन् ।
४) ११०-११५ डेसिबलसम्मको आवाज एक मिनेट मात्र सुनेमा पनि श्रवण शक्तिमा क्षति हुने सम्भावना धेरै नै हुन्छ । बाजा, मोटर चलेको, ट्र्याक्टरका आवाज यसअन्तर्गत पर्छन् ।
५) १२०-१४० डेसिबलसम्मको आवाजले श्रवण शक्तिमा तुरुन्तै पूर्ण रूपमा क्षति हुन सक्ने सम्भावना हुन्छ । कान दुख्ने सम्भावना पनि हुन्छ । पटाका, पुलिस साइरन, जेट इन्जिन आदिका आवाज यसअन्तर्गत पर्छन् ।

ध्वनि प्रदूषणबाट हुने सुनाइको कमजोरी र बहिरोपनलाई ध्यानमा राख्दै विश्व स्वास्थ्य संगठनले यस वर्षको विश्व श्रवण दिवस ३ मार्चमा 'टु हियर फर लाइफ, लिसन विथ केयर' भन्ने नारासाथ मनाउन सबैलाई आह्वान गरेको थियो ।

९ वर्षदेखि बहिरोपन र सुनाइ कमजोरी निवारणका लागि लक्षित गरी स्नायुजन्य अपांगता न्यूनीकरणमा लागिपरेको बिपी नेत्र प्रतिष्ठानअन्तर्गत सञ्चालित बाल आँखा, कान, नाक, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाले पनि यस वर्षको विश्व श्रवण दिवस २-४ मार्च मनाउँदै छ । ध्वनि प्रदूषणबाट हुने सुनाइको कमजोरीलाई न्यूनीकरण गर्न अस्पतालले यससम्बन्धी जनचेतना फैलाउने सामग्रीका साथ ट्राफिक प्रहरी र उच्च जोखिममा काम गर्ने व्यक्तिहरूको विद्युतीय माध्यमद्वारा सुनाइ परीक्षण नेपालमै पहिलोपटक गर्न लागेको छ । यो परीक्षणलाई विश्व स्वास्थ्य संगठनले पनि मान्यता दिइसकेको छ । अमूल्य सुनाइ शक्ति र कानलाई ध्वनि प्रदूषणबाट बचाउन र विश्व श्रवण दिवसलाई एक दिन मात्र नभई वास्तविक रूपमा सफल पार्न निम्न उपाय अपनाउन सकिन्छ :

१. वयस्कले ८० डेसिबलको ध्वनिमा साताको ४० घन्टाभन्दा बढी समय नबिताउने ।
२. बालबालिकाले ७५ डेसिबलको ध्वनिमा साताको ४० घन्टाभन्दा बढी समय नबिताउने ।
३. टिभी, रेडियो, मोबाइल आदि प्रयोग गर्दा आवाज चर्को नगर्ने ।
४. चर्को आवाज आउने औजार, विद्युतीय उपकरण वा फ्याक्ट्रीमा काम गर्दा 'इयर प्लग' वा 'इयरमफ' प्रयोग गर्ने ।
५. समय-समयमा कान र सुनाइको जाँच गराउन नाक, कान, घाँटी रोग विशेषज्ञ, अडियोलोजिस्ट र कान सहायक सहयोगीसँग परामर्श लिने ।

*(डा. पौड्याल नाक, कान, घाँटी रोग विशेषज्ञ हुन्)*

# युरोपलाई विध्वंसबाट जोगाउनुको अर्थ के ?

## पश्चिमको रुस घेर्ने रणनीतिका कारण रुसको युक्रेनमाथिको आक्रमणलाई जायज ठहऱ्याउनु अन्यायपूर्ण बर्साई सन्धि देखाएर हिटलरलाई जायज ठहऱ्याउनुजस्तै हो




युक्रेनमाथि रुसी आक्रमणपछि स्लोभेनिया सरकारले तुरुन्तै हजारौँ युक्रेनीलाई शरण दिन तयार रहेको जनायो । स्लोभेनियाको नागरिकका रूपमा शरण दिन तयार रहेको सरकारी निर्णयले मलाई गौरवान्वित मात्रै नभई लज्जित पनि बनायो । किनभने ६ महिनाअघि अफगानिस्तान तालिबान कब्जामा पर्दा यही सरकारले अफगान शरणार्थीलाई स्विकारेको थिएन । र, करिब दुई महिनाअघि जब हजारौँ शरणार्थी विशेषतः इराकी कुर्द बेलारुसबाट पोल्यान्ड जान खोज्दा स्लोभेनिया सरकारले युरोप आक्रमणमा पऱ्यो भन्ने दाबी गर्दै पोल्यान्डको शरणार्थी रोक्ने घिनलाग्दो प्रयासलाई सघाउन सैन्य सहयोगसमेत गर्ने बताएको थियो ।

युरोपेली क्षेत्रमा दुई किसिमका शरणार्थी देखा परेका छन् । स्लोभेनिया सरकारको २५ फेब्रुअरीको ट्विटले यी शरणार्थीबीचको भिन्नता छुट्याएको थियो । ट्विटमा 'युक्रेनबाट आउने शरणार्थी यस्तो वातावरणबाट आएका छन्, जहाँको सांस्कृतिक, धार्मिक र ऐतिहासिक चेतना अफगान शरणार्थीको भन्दा निकै भिन्न रहेको छ' लेखिएको थियो । चर्को विरोधपछि ट्विट तुरुन्तै मेटाइयो, तर यसले एक अश्लील सत्यलाई उजागर गऱ्यो, अर्थात् युरोपले आफूलाई गैरयुरोपबाट जोगाउनुपर्छ ।

हालको वैश्विक भूराजनीतिक प्रभावको संघर्षका क्रममा यो रबैया युरोपका लागि विध्वंसात्मक हुनेछ । हाम्रा मिडिया र कुलीन वर्ग यस संघर्षलाई पश्चिमा 'उदार' र रुसी 'युरेसियाली' वृत्तको द्वन्द्वका रूपमा प्रस्तुत गरिरहेका छन्, जहाँ ल्याटिन अमेरिका, मध्यपूर्व, अफ्रिका र दक्षिणपूर्वी एसियाका हामीलाई नजिकबाट नियालिरहेका मुलुक उपेक्षित छन् ।

यस द्वन्द्वमा चीनले आफ्ना केही स्वार्थ पूरा गर्ने योजना बनाए पनि रुसलाई खुलेरै समर्थन गर्न सकिरहेको छैन । रुसले युक्रेनमा अतिक्रमण गरेको दिनपछि उत्तर कोरियाली नेता किम जोङ उनलाई चिनियाँ समकक्षी सी जिनपिङले चीन र कोरियाबीचको मैत्री एवं सहकार्यको सम्बन्धलाई 'नयाँ परिस्थितिमा' विकास गर्न चीन तयार रहेको बताएका थिए । अहिले यो 'नयाँ परिस्थिति'लाई प्रयोग गरेर चीनले ताइवानलाई 'मुक्त' गर्ने भय देखिएको छ ।



देश/परदेश

● स्लाभोज जिजेक

(जिजेक दार्शनिक हुन्, उनी युरोपियन ग्र्याजुएट स्कुलमा दर्शनशास्त्र प्राध्यापन गर्छन्)

हामीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको अहिलेको उग्रवादीकरणबाट चिन्तित हुन आवश्यक छ । थुप्रै उदार-वामपन्थी दुवै पक्ष युद्ध झेल्न सक्दैनन् भन्नेमा ढुक्क थिए र युक्रेन सीमामा सेना तैनाथ गरेर पुटिनले घुर्की लगाइरहेको ठानेका थिए । र, अहिले आफूलाई वामपन्थी भन्नेहरू पुटिनको गतिविधिका लागि पश्चिमको रुस घेराइलाई जिम्मेवार ठहऱ्याइरहेका छन् । यस तर्कमा मेरो भने सहमति छैन ।

निःसन्देह यस तर्कमा केही मात्रामा सत्यता छ । तर, यो सत्यतालाई जायज ठहऱ्याउनु अन्यायपूर्ण बर्साई सन्धिलाई देखाएर हिटलरलाई जायज ठहऱ्याउनु जस्तै हो । त्योभन्दा पनि खराब, ठूला शक्तिराष्ट्रलाई विभिन्न वृत्तलाई प्रभावित पार्ने छुट हुन्छ, जहाँ अन्यले वैश्विक स्थायित्वका लागि आफू अधीनस्थ हुन अभिशप्त हुनुपर्छ ।

के युक्रेनी फासीवाद साँच्चै समस्या हो ? यो प्रश्न पुटिनको रुसतर्फ सोझ्याउँदा उचित होला । पुटिनका बौद्धिक गुरु इभान इलिइन हुन्, उनका कामलाई पुनः प्रकाशित गरेर सरकारी अधिकारी एवं सेनाका जवानलाई बाँडिएको छ । सन् १९२० मा सोभियत संघबाट निकालिएपछि इलिइनले फासीवादको रुसी संस्करणको पैरवी गरेका थिए, अर्थात् राज्य एक संगठनात्मक समुदाय हो, जसलाई पुरुष सम्राट्ले नेतृत्व गर्छ र स्वतन्त्रता व्यक्तिगत हैसियतअनुसार निर्धारण हुन्छ । इलिइन (वा भनौँ पुटिन) का लागि मतदान भनेको वैधानिक नेता छान्नु नभई नेतालाई सामुदायिक ऐक्यबद्धता टक्र्याउनु हो ।

पुटिनका भारदारी दार्शनिक एलेक्जेन्द्र दुगिन इलिइनको पदचापलाई ऐतिहासिक सापेक्षतावादको उत्तरआधुनिकतावादी लेपन लगाएर नजिकबाट पछ्याउँछन् । 'हरेक तथाकथित सत्यको आधार विश्वास मात्रै हो । त्यसकारण हामी जे गर्छौं, त्यसमा विश्वास गर्छौं । र, यो मात्र सत्यलाई परिभाषित गर्ने उपाय हो ।

त्यसैकारण हाम्रो आफ्नै रुसी सत्य छ, जसलाई तपाईंले स्विकार्नुपर्छ । यदि अमेरिका युद्ध चाहँदैन भने तपाईंले अमेरिका अब अद्वितीय मालिक रहेन भनेर बुझ्नुपर्छ । र, सिरिया एवं युक्रेनको अवस्थालाई मध्यनजर गर्ने हो भने रुस अमेरिकालाई 'तिमी अब मालिक रहेनौ भन्छ' । को मालिक रह्यो-रहेन भन्नेले संसारमा हालीमुहाली गर्ने निर्धारण गर्छ । र, युद्धले यसको छिनोफानो गर्नेछ,' दुगिन लेख्छन् ।

तर, सिरिया र युक्रेनका जनताको भविष्य के हुने ? यी मुलुकले पनि आफ्ना लागि सत्य छान्ने मौका पाउँछन् कि यी मुलुक विश्व शासकका रणभूमि मात्रै हुन् ? हरेकको आ-आफ्नै सत्य हुन्छ भन्ने यही दक्षिणपन्थी विचारका कारण दक्षिणपन्थी लोकरिझ्याइँवादी पूर्व-अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पुटिनले युक्रेनमा हमला गर्ने कामलाई 'विशिष्टता'को संज्ञा दिएका छन् । र, पुटिनका तर्फबाट पनि पारस्परिक भावना देख्न सकिन्छ, अर्थात् पुटिनले फ्रान्स, इटली र अन्य क्षेत्रका वास्तविक नव-फासीवादी आन्दोलनलाई समर्थन गरेका थिए ।

'रुसी सत्य' पुटिनको साम्राज्यवादी महत्वाकांक्षालाई जायज ठहऱ्याउने एक सजिलो किंवदन्ती हो । युरोपले यो महत्वाकांक्षालाई प्रतिकार गर्ने उत्तम उपाय भनेको विकासशील र उदीयमान राष्ट्रसँग मित्रताको सम्बन्ध गाँस्नु हो । यी राष्ट्रमध्ये धेरैका पश्चिमा उपनिवेशवाद र शोषणका गुनासा छन् । अर्थात् 'युरोपको प्रतिरक्षा' अपूरो छ । वास्तविक दायित्व भनेको रुस वा चीनभन्दा पश्चिमले यी विकासशील मुलुकले हित गर्छन् भन्ने पार्नु हो । र, यसो गर्नका लागि एक मात्रै उपाय छ, हामीले आफूलाई निर्मम ढंगबाट नव-उपनिवेशवादी सोचबाट मुक्त गराउनुपर्छ, चाहे त्यो मानवीय सहयोगका क्रममा नै किन नहोस् ।

यसका लागि हामीले युरोपको प्रतिरक्षा गर्दा विश्वभरिको स्वतन्त्रताका लागि लडिरहेका छौँ भन्ने प्रत्याभूत गर्नुपर्छ । तर, शरणार्थीलाई बराबरी व्यवहार नगर्ने हाम्रो घिनलाग्दो अस्वीकार्यताले भिन्नै सन्देश दिइरहेको छ ।

*प्रोजेक्ट सिन्डिकेटबाट*

## बक्यौता उठाऊ

'विमानस्थलमा तारबार मर्मत गर्न पैसा छैन भन्छ प्राधिकरण, तर एक अर्ब ८३ करोड बक्यौता उठाउन बाँकी' शीर्षकको समाचार पढियो । नागरिक उड्डयन प्राधिकरणसँग तारबार मर्मत गर्ने सामान्य रकम पनि छैन भने यति ठूलो बक्यौता उठाउन बाँकी हुँदाहुँदै पनि किन उसले ताकेता गरेन ?

प्राधिकरणले उठाउन बाँकी बक्यौता उठाउन सक्ने हो भने त उसले त्यस्ता मर्मत सम्भारका काम मात्र होइन, अन्य ठुल्ठूला कामसमेत गर्न सक्ने रहेछ । त्यसैले छिटो बक्यौता उठाऊ ।

● **बलबहादुर लामा**
तारकेश्वर-४, काठमाडौं

टिप्पणी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## एमसिसी छिटो कार्यान्वयनमा जाओस्

जब-जब देशमा संकटको अवस्था आउँछ, त्यस वेला कांग्रेसले महत्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ । संकटमा कांग्रेसले ऐतिहासिक भूमिका निर्वाह गरेका उदाहरण प्रशस्त पाइन्छन् । एमसिसीको विषयमा सदनदेखि सडकसम्म समर्थन र विरोधमा आवाज उठेका थिए । संयम र धैर्यसाथ कांग्रेस सभापति तथा वर्तमान गठबन्धनका प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सुझबुझसाथ एमसिसी सम्झौता प्रतिनिधिसभाबाट अनुमोदन गरी अमेरिकास्थित एमसिसीको मुख्यालयले समेत स्वीकार गरेको छ ।

एमसिसी अनुमोदनसँगै अब आगामी दिनमा यसमार्फत आउने रकम नेपालमा बिजुली र सडक परियोजना विकासमा खर्च गरिनुपर्छ । सो रकम ट्रान्समिसन लाइन र सडक निर्माणमा खर्च गरिँदै गर्दा थप हजारौँ नेपालीले रोजगारी पाउने अवस्था सिर्जना हुनेछ । साथै, निर्धारित पाँच वर्षको अवधिमा परियोजना पूरा गरी नेपाली जनतासामु नतिजा दिनका लागि अबका दिनमा सत्तापक्ष र प्रतिपक्ष एकजुट भएर अगाडि बढ्नेछन् भनी जनताले आशा गरेका छन् ।

● **बलराम थापा**, कुश्लेचौर, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## हामी कहिले सचेत हुने ?

नेपाल विशिष्ट भू-धरातल भएको एउटा सानो मुलुक हो । तीनतिर भारत र एकातिर चीनसित जोडिएको नेपाल तराई, पहाड र हिमाल मिलेर बनेको सुन्दर देश हो । यद्यपि, भूपरिवेष्टित हुनुमा नेपालको आफ्नै पीडा छ । भौतिक विकासका दृष्टिबाट नेपाल अरू मुलुकको तुलनामा निकै पछि छ । पूर्वाधार विकासको कमीले जनताले सोचेअनुसार सुख-सुविधा प्राप्त गर्न सकेका छैनन् ।

लाखौँ युवा विदेशी भूमिमा आफ्नो रगत र पसिना बगाउन विवश छन् । युवाको विदेश पलायनले सामाजिक क्षेत्रमा पारेको प्रभाव धेरै छ । रेमिटेन्सले देशको अर्थतन्त्र धानिएको छ । गाउँको खेतबारी बाँझो राखेर मानिस सदरमुकाम र राजधानीकेन्द्रित भएका छन् । समाजमा नैतिक विचलन र व्यभिचार बढेको छ । त्यसको प्रत्यक्ष असर केटाकेटी र वृद्धवृद्धामा परेको छ ।

मूल्यवृद्धिले आकाश छोएको छ । त्यसैभित्र एकथरी मानिस राज्यको स्रोतलाई खुलम-खुला चुसेर पद र पैसाको आडमा धनी भइरहेका छन् । कमिसनको जालो यतिसम्म फैलिएको छ कि राज्यको उच्च ओहोदामा बस्नेहरू मोलमोलाइ गर्छन् । सार्वजनिक स्थल, नदी, वनजंगल आदिको उत्खनन नाजायज ढंगले भइरहेको छ । जथाभावी रुख कटान, ढुंगा खानी सञ्चालन, प्लटिङ एवं घरघडेरीले खेतीयोग्य जमिन नाश भइरहनुले राज्यको उदासीनता प्रस्ट हुँदैन र ?

हाम्रा सार्वजनिक सेवाका क्षेत्रहरूको विश्वसनीयतामा ह्रास आइरहेको छ । अस्पताल, विद्यालय र विश्वविद्यालयहरू सेवा प्रदान गर्ने कार्यमा चुकिरहेका छन् । यसले आगामी दिनमा धनी र गरिबबीचको खाडल झनै चुलिने निश्चित छ ।

● **भोला दुलाल**, टोखा, काठमाडौं
bholadulal54@gmail.com



कोरोनाविरुद्ध सचेतना
हात मिलाउनुको सट्टा
नमस्ते आदान-प्रदान गरौँ



# विप्लवले बढाए सक्रियता

## स्थानीय तहको निर्वाचन घोषणा र संसद्‌बाट अमेरिकी परियोजना एमसिसी अनुमोदन भएसँगै विप्लव नेतृत्वको नेकपाको गतिविधि बढ्यो, तर चुनावमा भाग लिने-नलिने अझै अनिश्चित

**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**

दुई वर्ष लामो प्रतिबन्ध फुकुवा भएपछि खुला राजनीतिमा आएको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले मुलुकमा स्थानीय तहको निर्वाचन घोषणा र संसद्‌बाट अमेरिकी परियोजना एमसिसी अनुमोदन भएसँगै गतिविधि बढाएको छ। नेकपाले वामपन्थी राजनीतिक दलहरूसँग मोर्चाबन्दी गर्दै एमसिसीविरोधी आन्दोलन चर्काइरहेको छ भने संसद्‌मा विपक्षमा उभिएका दल र नेताहरूसँग संवादमार्फत आफ्नो सक्रियता बढाएको हो।

नेकपा महासचिव विप्लवले संसद्‌मा एमसिसी सम्झौताविरुद्ध आवाज उठाउने दल र नेतालाई भेटेर सहकार्यका लागि आग्रह गरेका छन्। बिहीबार विप्लवले एमाले नेता भीम रावलसँग भेट गरी 'राष्ट्रिय स्वाधीनताका लागि सबै देशभक्त एक हुन र मोर्चा बनाउन' प्रस्ताव गरेका छन्। जवाफमा रावलले 'देशभक्तहरू एक हुने कुरा उचित भएको र हाल आफ्नो ठाउँबाट भूमिका खेल्नु उचित हुने' बताएका छन्।

त्यसअघि बुधबार मात्रै विप्लवले एमसिसीकै मुद्दामा पार्टीभित्र असन्तुष्ट एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल, माओवादी नेता नारायणकाजी श्रेष्ठ र संसद्‌मा चर्को विरोध गरेको नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेसँग भेट गरेका छन्। बुधबार नै नेकपासहितका पार्टी सम्मिलित मोर्चाले संघर्षका कार्यक्रम सार्वजनिक गरेको छ।

नेकपाका केन्द्रीय सदस्य तथा पार्टी कार्यालय सचिव असल क्षेत्रीले एमसिसी र अन्य जनजीविकाका विषयमा विभिन्न दल र व्यक्तिसँग छलफल गर्ने क्रममा पार्टीका महासचिव विप्लवले भेटघाट थालेको बताए। 'अहिलेको तत्कालीन कार्यक्रम संसद्‌वादी दलहरूले पारित गरेको एमसिसी सम्झौताको खारेजी हो। यसै विषयलाई लिएर महासचिवले राजनीतिक दलहरू र विभिन्न पार्टीभित्रका असन्तुष्ट नेताहरूसँग छलफल गर्नुभएको हो,' नेता क्षेत्रीले भने, 'हामीले ६ दल र दुई मोर्चासँग सहकार्यमार्फत संघर्षका कार्यक्रम घोषणा गरिसकेका छौँ। यसलाई अझै प्रभावकारी बनाउने विषयमा छलफल गर्नकै लागि महासचिवले भेटघाट गर्नुभएको हो।' उनले एमसिसी राष्ट्रघाती सम्झौता भएको भन्दै यसलाई खारेज गर्नुपर्ने मागसहित आन्दोलनलाई विस्तार गर्ने र अन्य जनजीविकाका सवाललाई पनि उठाइने बताए।



माओवादी केन्द्रका नेता श्रेष्ठले अध्यक्ष प्रचण्डले छलफलै नगरी यथास्थितिमा पार्टीको लाइनविपरीत एमसिसी टेबुल गरेर पारित गर्ने निर्णय गरेको भन्दै असन्तुष्ट व्यक्त गरिरहेका छन्। उनीनिकट नेताहरूका अनुसार प्रचण्डले एकलौटी निर्णय गर्ने गरेको भन्दै असन्तुष्ट बन्दै आएका छन्। एमसिसीको विषयमा पनि प्रचण्डले सोही व्यवहार दोहोर्‍याएको भन्दै श्रेष्ठ थप चिढिएका हुन्। यही मौकामा विप्लवले नेता श्रेष्ठसँग भेट गरेर सहकार्यका लागि आग्रह गरेका हुन्। श्रेष्ठले भने आफ्नै पार्टीका बैठकहरूमा उक्त विषय उठाउने र त्यसपछि अन्य विकल्पमा छलफल गर्ने जवाफ विप्लवलाई दिएका छन्।

त्यस्तै, विप्लवले नेमकिपाका अध्यक्ष बिजुक्छेसँग पनि एमसिसीविरोधी आन्दोलनमा सहकार्यका लागि अनुरोध गरेका छन्। पार्टी प्रवक्ता खड्कबहादुर विश्वकर्मासहित विप्लवले भक्तपुरस्थित बिजुक्छे र महासचिव प्रेम सुवालसँग निवासमा पुगेर छलफल गरेका थिए। नेता क्षेत्रीले नेकपाले राष्ट्रियताको पक्षमा उभिने सबै शक्तिसँग सहकार्य गर्ने र त्यसका लागि छलफल चलिरहेको बताए।

एमसिसी पारित भएसँगै विप्लवले राजनीतिक गतिविधिलाई तीव्र पारे पनि उनको पार्टीले घोषणा भइसकेको आगामी निर्वाचनमा सहभागी हुन्छ वा हुँदैन भन्ने आमचासोको विषय बनेको छ। नेकपाले यसअघि संसदीय चुनावले मुलुकको समस्या समाधान नहुने भन्दै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन जनमतसंग्रह गर्नुपर्ने धारणा राख्दै आएको छ।

नेकपा केन्द्रीय सदस्य क्षेत्रीले अहिले नै यस विषयमा पार्टी ठोस निर्णय गरिनसकेको बताए। 'संसदीय चुनावमा भाग लिने वा नलिने भन्ने विषयमा पार्टीले अहिले नै निर्णय गरिसकेको छैन। निर्वाचनलाई लिएर हाम्रो आफ्नै दृष्टिकोण रहेको अवगत नै छ। आगामी केन्द्रीय समिति बैठकले यस विषयमा अन्तिम निर्णय गर्नेछ,' उनले भने। यसअघि फागुनमा पार्टीको महाधिवेशन गर्ने योजना बनाएको नेकपाले कोरोना महामारीका कारण त्यसलाई स्थगित गरेको छ। महासचिव विप्लवले महाधिवेशनकै लागि भनेर दस्तावेज लेख्न सुरु गरेका थिए। तर, अहिले यी सबै विषय केन्द्रीय समितिमा छलफल गर्ने नेता क्षेत्रीको भनाइ छ।

### ■ निरन्तर सडक आन्दोलनमा

एमसिसीविरुद्ध सडकमा निरन्तर आन्दोलन गरिरहेको नेकपाले संसद्‌बाट सम्झौता पारित भएसँगै थप संघर्षका कार्यक्रमसमेत घोषणा गरेको छ। बुधबार पत्रकार सम्मेलन गरी संघर्षका कार्यक्रम घोषणा गरेको हो। त्यसका लागि नेकपाले संसद्‌बाहिरका ६ वटा राजनीतिक दल र अन्य दुईवटा मोर्चासँग सहकार्य गरिरहेको छ। उक्त मोर्चामा नेकपासँग मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल), आहुति नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, कर्णजित बुढाथोकी नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादी र सिपी गजुरेल नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चा तथा चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा सहभागी छन्। एमसिसी अनुमोदनपछि जनमोर्चा पाँचदलीय गठबन्धनबाट बाहिरिएको छ।

मोर्चाले एमसिसीविरुद्ध आगामी ६ चैतसम्मका लागि घोषणा गरेका आन्दोलनका कार्यक्रममा अन्तर्क्रियादेखि विरोधसभासम्म छन्। घोषणा भएका संघर्षका कार्यक्रममा २० फागुनमा काठमाडौं उपत्यकामा विशाल विरोध प्रदर्शन र संयुक्त विरोधसभा गर्ने, २२ फागुनमा बुद्धिजीवीसँग अन्तर्क्रिया, २४ फागुनमा ८ मार्च भव्य रूपमा मनाउन देशव्यापी विरोध प्रदर्शन र सभा गर्ने भएको छ।

त्यस्तै, २६ फागुनमा विद्यार्थीको देशव्यापी क्याम्पस र विद्यालयमा विरोध प्रदर्शन तथा सभा, २८ फागुनमा युवकहरूको देशव्यापी विरोध प्रदर्शन र सभा, ३० फागुनमा मजदुरहरूको देशव्यापी विरोध प्रदर्शन र सभा, २ चैतमा किसानको देशव्यापी विरोध प्रदर्शन र सभा, ४ चैतमा श्रमिक/दलित समुदाय मोर्चाको देशव्यापी विरोध प्रदर्शन र सभा गर्ने तथा ६ चैतमा राष्ट्रिय मुक्ति (जातीय/क्षेत्रीय) मोर्चाहरूको देशव्यापी विरोध प्रदर्शन र सभा गर्ने घोषणा भएको छ। नेकपासहितको मोर्चाले यसअघि एमसिसीविरुद्ध पछिल्लो दुई सातामा मात्रै दुईपटक नेपाल बन्द आयोजना गरेको थियो। खुला राजनीतिमा आए पनि नेकपाका कैयौँ नेता अझै थुनामा छन्। उनीहरूको रिहाइका लागि नेकपाले सरकारसँग माग गर्दै आएको छ।

# माओवादीको केन्द्रीय समिति बैठक आज

## पदाधिकारी चयन र चुनावकेन्द्रित कार्ययोजनामा केन्द्रित, एमसिसी मुद्दालाई प्रवेश गराउने श्रेष्ठ पक्षको तयारी



प्रचण्ड



नारायणकाजी श्रेष्ठ

**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**

एमसिसी अनुमोदनसँगै पार्टीभित्र उत्पन्न विवादका बीच माओवादीको केन्द्रीय समिति बैठक शुक्रबार बस्दै छ। आठौँ महाधिवेशन सम्पन्न गरेपछि एकपटक बसी स्थगित पहिलो पूर्ण केन्द्रीय समिति बैठक बस्न थालेको हो।

पटक-पटक स्थगित हुँदै आएको केन्द्रीय समिति बैठक स्थानीय तह निर्वाचनको मिति नजिकिँदै गर्दा पुनः बस्न थालेको हो। शुक्रबार दिउँसो ११ बजे राष्ट्रिय सभागृहमा बस्ने तय भएको बैठकले संगठन र आगामी कार्यभारका विषयमा छलफल गर्नेछ।

पार्टी कार्यालय सचिव श्रीराम ढकालका अनुसार बैठकमा मुख्यतः पार्टी पदाधिकारी र निर्वाचनलगायत अन्य भावी कार्यभार तय गर्ने विषयमा छलफल हुनेछ। 'महाधिवेशन सकेपछि बसेको पहिलो केन्द्रीय समिति बैठक पुनः बस्ने गरी स्थगित भए पनि कोरोना महामारी र राजनीतिक परिस्थितिका कारण बस्न सकेको थिएन। त्यसैको निरन्तरता बैठक बस्दै छ,' उनले भने, 'त्यसैले पहिला नै तय एजेन्डामा छलफल हुनेछ। विशेष गरी पार्टी पदाधिकारी र भावी कार्ययोजनाका विषयमा छलफल हुनेछ।' उनले पार्टी नेतृत्वले गृहकार्य गरेको हुँदा थप विषयमा पनि छलफल हुन सक्ने बताए। वैशाखमा स्थानीय तहको निर्वाचन हुन थालेकाले बैठकले चुनावी कार्ययोजना पनि बनाउनेछ।

गत ११ पुसदेखि सुरु भएर झन्डै एक हप्तापछि सम्पन्न माओवादीको आठौँ महाधिवेशनमा पदाधिकारी चयन गर्न नसकेपछि केन्द्रीय समिति मात्रै घोषणा गरेर सकिएको थिए। त्यसपछि लगत्तै १९ पुसमा बसेको केन्द्रीय समितिले पुष्पकमल दाहाल प्रचण्डलाई अध्यक्षमा दोहोर्‍याउने निर्णय गरेको थियो।

त्यसबाहेक अन्य पदाधिकारीका विषयमा सहमति नजुटेपछि पटक-पटक तय भएका बैठक स्थगित हुँदै आएका छन्। माओवादीले यसै बैठकलाई निरन्तरता दिन ८ र ९ माघमा मिति तय गरे पनि पछि स्थगित गरेर २८ माघका लागि तय भएको थियो। सोही बेला पनि कोरोना कारण देखाउँदै स्थगित भएको बैठक आज पुनः बस्न लागेको हो।

माओवादी केन्द्रमा एकजना अध्यक्ष, एकजना वरिष्ठ उपाध्यक्ष, सातजना उपाध्यक्ष, एकजना महासचिव, दुईजना उपमहासचिव, तीनजना सचिव र एकजना कोषाध्यक्ष रहने प्रावधान छ। पार्टीमा शक्तिशाली मानिने महासचिव को बन्ने भन्नेमा नेताहरूको दौडधुप चलिरहेको छ।

### ■ एमसिसी विवाद मत्थर पार्ने प्रयास

एमसिसी मुद्दामा देखिएको विवाद चर्कंदै गएपछि माओवादीभित्र यसलाई मत्थर पार्ने प्रयास सुरु भएको छ। एमसिसी संसद्‌बाट पारित गर्ने सत्ता गठबन्धनको निर्णयमा पार्टी अध्यक्ष प्रचण्डले एकलौटी सहमति जनाएको भन्दै नेता नारायणकाजी श्रेष्ठ पक्ष असन्तुष्ट बनेको छ। श्रेष्ठ पक्षले उक्त विषय केन्द्रीय समिति बैठकमा लैजाने गरी आन्तरिक छलफल तीव्र पारेको छ।

अध्यक्ष प्रचण्डले पनि विवादलाई बाहिर छताछुल्ल पार्नुभन्दा बैठकमा नै आफ्ना विषय राख्न श्रेष्ठसँग आग्रह गरेका छन्। प्रचण्डले गत मंगलबार र बिहीबार मात्रै श्रेष्ठको निवासमा नै पुगेर भेटेका छन्। श्रेष्ठले एमसिसी अनुमोदन भएसँगै पार्टीमा देखिएको आन्तरिक मतभेदप्रति सचेत हुन सार्वजनिक आग्रह गरेका छन्।

उनले सञ्चारमाध्यमलाई पार्टीमा भएको मतभेद र अन्तरविरोधलाई अतिरञ्जित ढंगले प्रचार नगर्नसमेत सामाजिक सञ्जालमार्फत अनुरोध गरेका छन्। मतभेद चर्किएर माओवादी विभाजन हुन लागेको विषयमा चर्चा हुन थालेपछि उनले प्रचण्ड र आफूबीच छलफल भइरहेको बताएका छन्। 'हाम्रो पार्टीभित्र देखिएको मतभेद र अन्तरविरोधलाई लिएर विभिन्न सञ्चारमाध्यममार्फत विभिन्न ढंगले प्रचार भइरहेको सम्बन्धमा अतिरञ्जित ढंगले नबुझ्न सबैसँग अनुरोध गर्दछु,' नेता श्रेष्ठले भने, 'अध्यक्ष प्रचण्ड र मेरो बीचमा छलफल जारी छ र अन्य नेतृत्वदायी कमरेडहरूसँग पनि छलफल भइरहेको छ।' श्रेष्ठले असन्तुष्टि केन्द्रीय समितिमा राख्ने र छलफल हुन नदिए बैठकबाट बाहिरिने मनस्थिति बनाएका छन्।


## Invitation for Bids of Postal Highway Directorate

Date of publication: .2078/11/20 (4th March, 2022)

Notice No: 04-2078/79

The Department of Roads, Postal Highway Directorate on behalf of Ministry of Physical Infrastructure and Transport, Government of Nepal now invites Single Stage Double Envelope Electronic Bids from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract No. | Name of Works | Average Annual Turnover of best 3 years over the last 10 years (NRs. in Millions) | Bid Security Amount (NRs. in Millions) | Minimum Work experience of similar size and nature | Non-refundable fee for bid document (NRs) |
|---|---|---|---|---|---|---|
| | | Design and Build of | | | at least One Contract for *Construction* of Motorable *Bridges with value* given below (NRs. in Millions) *within the last ten (10) years* | |
| 1 | HRP/337011284/ 078-79/DB-BC-012 | Bridge over Doda River | 146.00 | 11.40 | 273.40 | 20000.00 |
| 2. | HRP/337011284/ 078-79/BC-013 | RCC Box culvert (4 cell*6*5) construction work at TCN Khola. | 40.00 | 0.83 | 22.00 | 5000.00 |

Eligible Bidders may ***visit PPMO's website*** www.bolpatra.gov.np/ppmo, ***e-procurement section*** for further information or contact Postal Highway Directorate or email at : phphulaki@gmail.com.

**Project Director**

मधेश प्रदेश सरकार
## खानेपानी तथा उर्जा विकास मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/११/२० गते**

यस मन्त्रालय मिति २०७८/०८/१६ गते रेन ट्रेड मार्केटिंग प्रा. लि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुंदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ बोलपत्र स्विकृतीको लागी छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | MoWSaED/P2/ NCB/ Works/-Pac1/078/079 | Supply, delivery and installation of tower light (High mast pole with lights) Inside Birgunj Metropolitan City of province no. 2 under Sahid Tej Bahadur Amataya Ujjyalo Yojana | ओम सत्यसाई प्रा.लि., लिपनी, विर्ता, बिरगंज-२१, पर्सा | रु. १,०६,६८,००० |
| 2 | MoWSaED/P2/ NCB/ Works/-Pac2/078/079 | Supply, delivery and installation of tower light (High mast pole with lights) for Bara and Parsa district (Outside of premises of Birgunj Metropolitan) of province no. 2 under Sahid Tej Bahadur Amataya Ujjyalo Yojana | ओम सत्यसाई प्रा.लि., लिपनी, विर्ता, बिरगंज-२१, पर्सा | रु. १,०७,६४,००० |
| 3 | MoWSaED/P2/ NCB/ Works/-Pac3/078/079 | Supply, delivery and installation of tower light (High mast pole with lights) for Saralahi and Rautahat district of province no. 2 under Sahid Tej Bahadur Amataya Ujjyalo Yojana | ओम सत्यसाई प्रा.लि., लिपनी, विर्ता, बिरगंज-२१, पर्सा | रु. १,०९,८०,००० |
| 4 | MoWSaED/P2/ NCB/ Works/-Pac4/078/079 | supply, delivery and installation of tower light (High mast pole with lights) for Dhanusha and Mahottari district of province no.2 under Sahid Tej Bahadur Amataya Ujjyalo Yojana | ओम सत्यसाई प्रा.लि., लिपनी, विर्ता, बिरगंज-२१, पर्सा | रु. १,१०,४०,०० |
| 5 | MoWSaED/P2/ NCB/ Works/-Pac5/078/079 | supply, delivery and installation of tower light (High mast pole with lights) for Saptari and Siraha district of province no.2 under Sahid Tej Bahadur Amataya Ujjyalo Yojana | ओम सत्यसाई प्रा.लि., लिपनी, विर्ता, बिरगंज-२१, पर्सा | रु. १,११,६०,०० |

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

### ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सूचना

(मिति २०७८/११/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना)

यस बैंक अफ काठमाण्डू लिमिटेडको **शाखा कार्यालय, टीकापुर, कैलाली** (यसपछि बैंक भनिएकोछ) बाट ऋणकर्जा लिने तपसिलमा उल्लिखित ऋणीहरूले बैंकबाट ऋणकर्जा लिंदाका बखत बैंकलाई लेखिदिएको कर्जा स्वीकृति पत्र, ऋणकर्जा तमसुक, लिखत लगायत अन्य सम्बद्ध लिखत, कागजातहरूमा उल्लिखित शर्त-वन्देजहरूको उल्लँघन गरी उक्त लिखत तथा कागजातहरूमा तोकिएको भाखा, अवधि,समयमा तोकिए बमोजिमको तरिकाले ऋणकर्जाको साँवा, व्याज तथा जे जो लागेको/लाग्ने हर्जाना ब्याज तथा सो कर्जासँग सम्बद्ध फि, मार्जिन, दै-दस्तुर लगायतको रकम कलमहरू नतिरी आलटाल, धिङ्न्याई, किचलो तथा बेवास्ता गरेकोले सो ऋणकर्जाको रकम तिर्न बुझाउनकालागि बैंकको तर्फबाट पटक-पटक मौखिक तथा लिखित रूपमा तर-ताकेता बारम्बार अनुरोध गर्दा पनि माथि उल्लिखित ऋणकर्जाको रकमहरू चुक्ता भुक्तान नगरेकाले तपाई ऋणीहरूको नाममा यो ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकौ छ। अतः उक्त सूचनाको म्यादैभित्र ऋणीहरूले उपयोग गर्नु भएको सम्पूर्ण ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज लगायतको सम्पुर्ण खडा लेना बाँकी बक्यौताको कर्जा रकम चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। निज ऋणीहरूले सो कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान नगरेमा तपाई जमानीकर्ताहरूले बैंकसँग गर्नु भएको शर्त कवुल बमोजिम आफ्नो जिम्मेवारी तथा दायित्वहरू सोही अवधिभित्रैमा ऋणीहरूलाई पुरा गर्न लगाउनुहोला वा जमानीकर्ताहरूले पुरा गर्नुहोला। माथि उल्लिखित समयावधिभित्र ऋणकर्जाको सम्पूर्ण रकमहरू चुक्ता भुक्तान नगरेमा तपाई ऋणीहरूले लेखिदिएको धितो सुरक्षण नियन्त्रण वा कब्जामा लिने, धितो लिलाम बिक्रि गर्ने, तपाई ऋणीहरू तथा जमानीकर्ताहरूलाई कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश गर्ने तथा सम्बद्ध ऐन, कानुन, नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन, बैंकको कर्जा नीति, कर्जा असुली सम्बन्धी सम्बद्ध सर्कुलर, नीति, कार्यविधि बमोजिम ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायतका कर्जा असुल उपर गरिलिनकोलागि अन्य आवश्यक कानुनी कार्वाहीहरू समेत अगाडि बढाईने व्यहोरा यसै सूचना मार्फत् सम्बन्धित सबै पक्षहरूलाई जानकारी गराईन्छ। यस सूचनाबाट यहाँहरूको इज्जत, मान, प्रतिष्ठामा आघात/मर्दन हुन गएमा सो को जिम्मेवारी/ जवाफदेही बैंक हुने छैन र सम्बन्धित पक्ष आफैं हुनु हुनेछ।

**तपसिल**

**ऋणीहरूको विवरण:**

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, धनगढी कार्यालय, धनगढीमा दर्ता प्रा.फ.र.नं. ४८४३/०५७/५८(स्थानिय ब्यापार) अन्तरगत मिति २०५७/०४/२६ मा दर्ता भइ कैलाली जिल्ला टीकापुर न.पा वडा नं. ९ मा रजिष्टर्ड कार्यालय रहेको **ककेशु ट्रेडर्स** को तर्फबाट अख्तियार प्राप्त प्रोप्राईटर पदम सिंह साहुको नाती कमल बहादुर साहुको छोरा सेती अञ्चल कैलाली जिल्ला टीकापुर न.पा. वडा नं. १ को जिल्ला प्रशासन कार्यालय कैलालीबाट नम्बर १२३९२ मिति २०४९/०३/०३ मा नागरिकता प्रमाणपत्र प्राप्त बर्ष ४४ को श्रीमान **केशर साहु**।

**व्यक्तिगत तथा सामुहिक जमानीकर्ताहरूको विवरण:**

१. पदम सिंह साहुको नाती कमल बहादुर साहुको छोरा सेती अञ्चल कैलाली जिल्ला टीकापुर न.पा . वडा नं. १ को जिल्ला प्रशासन कार्यालय कैलालीबाट नम्बर १२३९२ मिति २०४९/०३/०३ मा नागरिकता प्रमाणपत्र प्राप्त बर्ष ४४ को श्रीमान **केशर साहु**।



२. कमल बहादुर साहुको बुहारी, केशर शाहुको श्रीमति, कैलाली जिल्ला, टीकापुर न.पा., वडा नं. ९, बस्ने जिल्ला प्रशासन कार्यालय कैलाली बाट ना.प्र.नं. ६७२०४०।१५४०७ मिति २०६८।०४।२९ मा नागरिकता प्रमाण पत्र प्राप्त वर्ष ३४ की श्रीमती **शारदा देवी साहु**।



**धितोको विवरण:**

१. श्रीमान **केशर साहु**को नाममा मालपोत कार्यालय, टीकापुरको अभिलेखमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला टीकापुर न.पा. वडा नं. ९ स्थित् कित्ता नं. १५७ को क्षेत्रफल ८४ वर्ग मि र मनिकापुर गा. वि. स. वडा नं. ८ स्थित् कित्ता नं. ८३० को क्षेत्रफल १२७०।५२ वर्ग मि को जग्गा एवं उक्त जग्गामा बन्ने/बनेको घर, भवन टहरा र सो सम्पत्तिहरूले चर्चेको लिगलगापातहरू समेत।

२. श्रीमती **शारदा देवी साहु**को नाममा मालपोत कार्यालय, टीकापुरको अभिलेखमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला टीकापुर न.पा. वडा नं. ९ स्थित् कित्ता नं. ८०१ को क्षेत्रफल १३३।०५ वर्ग मि र मनिकापुर न.पा. वडा नं. ९ स्थित् कित्ता नं. ५०९ को क्षेत्रफल ३३८।५८ वर्ग मि को जग्गा एवं उक्त जग्गामा बन्ने/बनेको घर, भवन टहरा र सो सम्पत्तिहरूले चर्चेको लिगलगापातहरू समेत।

# अर्थ पत्रिका

शुक्रबार २० फागुन ०७८, www.nayapatrikadaily.com  nayapatrikaofficial  @naya_patrika


## फरक बैंकको एटिएम प्रयोग गर्दा प्रत्येकपटक १० रुपैयाँ बिदेसिन्छ

# २१ महिनामा ४० करोड बाहिरियो

**२१ महिनामा करिब चार करोड ६ लाखपटक अन्तरबैंक एटिएम कारोबार भएको छ। अन्तरबैंकको एटिएम प्रयोग गर्दा ग्राहकले महिनामा दुईपटक शुल्क तिर्नुपर्दैन। त्यसपछि प्रत्येकपटक २० रुपैयाँ शुल्क तिर्नुपर्छ।**

**विजयराज खनाल**/नयाँ पत्रिका

अन्तरबैंक एटिएमबाट ग्राहकले पैसा निकाल्दा पछिल्लो २१ महिनामा देशबाट करिब ४० करोड रुपैयाँ बाहिरिएको छ। फरक बैंकको एटिएम प्रयोग गर्दा प्रत्येक कारोबारबापत १० रुपैयाँ कार्ड निर्माता कम्पनीले पाउने गर्छ। बैंकका एटिएम प्रयोगकर्ताहरूले २१ महिनामा १३ करोड ५५ लाखपटक एटिएम मेसिनबाट रकम निकालेका छन्। यसमध्ये करिब ३० प्रतिशत एक बैंकको एटिएम अर्को बैंकको मेसिन (अफअस)मा प्रयोग हुने गरेको राष्ट्र बैंकको प्रक्षेपण छ। 'कार्ड जारी गर्ने संस्था एउटै भए पनि एटिएम मेसिन फरक छ भने त्यस्तो कारोबारलाई अफअस भनिन्छ,' राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा भुक्तानी विभागका प्रमुख गुरुप्रसाद पौडेलले भने, 'मानौँ, कुनै दुईवटै बैंकको कार्ड भिसा हो भने पनि एक-अर्काको एटिएममा कसैले प्रयोग गर्छ भने त्यो अफअस कारोबार हुन्छ।'

पैसा झिक्न अर्को बैंकको एटिएम मेसिन प्रयोग हुँदा प्रतिकारोबार बैंकहरूले २० रुपैयाँ लिने गरेका छन्, जसमध्ये १० रुपैयाँ कार्ड जारी गर्ने संस्थालाई जाने नेपाल इन्भेष्टमेन्ट बैंककी कार्ड विभाग प्रमुख रिना चन्दले बताइन्। उनले भनिन्, 'बाँकी १० रुपैयाँ बैंकले पाउँछ।' हाल मुलुकमा भिसा, मास्टर कार्ड र युनियन पेलगायतका कार्ड बैंकहरूले प्रयोगमा ल्याएका छन्। यसमध्ये भिसा कार्डको प्रयोग करिब ८० प्रतिशत बराबर रहेको अनुमान राष्ट्र बैंकको छ।

राष्ट्र बैंककै प्रक्षेपणले २१ महिनामा करिब चार करोड ६ लाखपटक अफअस कारोबार भएको देखाएको छ। यसरी हुने अफअस कारोबारमा प्रतिकारोबार १० रुपैयाँ कार्ड जारी गर्ने कम्पनीलाई जाने गर्छ। यसरी सो अवधिमा करिब ४० करोड ६५ लाख रुपैयाँ मुलुकबाट बाहिरिएको हो। पछिल्लो समय अन्तरबैंकको एटिएम प्रयोग गर्दा ग्राहकले महिनामा दुईपटक शुल्क तिर्नुपर्दैन। त्यसपछि प्रत्येकपटक २० रुपैयाँ लिन पाउने व्यवस्था छ। कोभिड-१९ का कारण एउटै एटिएम वा बैंकमा भिड हुनबाट रोक्न भन्दै राष्ट्र बैंकले यस्तो नियम ल्याएको हो। सोही कारण नेपालीहरूको बानीमा परिवर्तन आएको र अन्तरएटिएमको प्रयोगमा वृद्धि भइरहेको अनुमान राष्ट्र बैंकको छ। कार्ड निर्माता कम्पनीहरूलाई विदेशी मुद्रामा नै भुक्तानी हुन्छ। 'हामीले दिएको यही सहुलियतका कारण कतै मुद्रा बिदेसिने प्रवृत्तिलाई बढाएको त छैन भन्ने सोच्नुपर्ने हो कि भन्ने लागेको छ,' पौडेलले भने।

यसरी बाहिरिने रकममा पनि करिब ६५ प्रतिशत रकम नेपालमै फर्किने राष्ट्र बैंकको अनुमान छ। तर, बैंकरहरू भने यसलाई स्वीकार गर्न तयार छैनन्। 'त्यत्रो रकम फर्कने भन्ने हुँदैन,' नबिल बैंकका कार्ड विभाग प्रमुख परमेश्वर श्रेष्ठले भने, 'कहिलेकाहीँ बजार प्रवर्द्धनका लागि भन्दै प्रोत्साहन (इन्सेटिभ्स) स्वरूप केही रकम आउने हो, सधैँ आउँदैन पनि र यति नै भन्ने निश्चित पनि हुँदैन।'

केही वर्षअघिसम्म भने अन्तरबैंक एटिएमको प्रयोगमा बैंकहरूले दुई सय रुपैयाँसम्म लिने गर्थे। पछिल्लो समय सहरका गल्ली-गल्लीमा बैंकहरूले एटिएम जडान गरेकाले अन्तरएटिएम प्रयोगलाई निरुत्साहन गर्न शुल्क केही महँगो बनाउनुपर्ने धारणा पनि बैंकरहरूको छ। तर, सर्वसाधारणलाई दिइसकेको सहुलियत खोसिँदा आलोचना हुने डरले राष्ट्र बैंकले आँट गर्न नसकेको स्रोतको भनाइ छ।

### राष्ट्रिय कार्डको विकल्पमा जाँदै राष्ट्र बैंक

अहिले राष्ट्र बैंकले राष्ट्रिय पेमेन्ट स्विच र राष्ट्रिय कार्डका रूपमा नेपाल पेमेन्ट कार्ड जारी गर्ने रणनीतिअनुसार पनि काम गरिरहेको छ। सबै वित्तीय संस्थाहरूको कारोबार राष्ट्रिय पेमेन्ट स्विचको बाटो हुँदै जाने मानिएको छ। सबै कार्डहरू यो प्रणालीका कारण एक-अर्को बैंकहरूमा पनि चल्ने गरी इन्टरअपरेबल हुने मानिन्छ।

त्यसबाहेक राष्ट्रिय कार्ड प्रचलनमा आएमा मुलुकभित्र यही कार्डको प्रयोग बढाउने सोच राष्ट्र बैंकको हो। 'मुलुकबाहिर हुने कारोबारमा सम्भवतः क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विदेशी कार्ड निर्माता कम्पनीहरूसँग साझेदारीमा जानुपर्ने हुन सक्छ,' पौडेलले भने, 'तर, मुलुकभित्र भने राष्ट्रिय कार्डमार्फत नै सबैखाले खुद्रा रकमको भुक्तानी हुने अपेक्षा गरेका छौँ।'

हाल भारतमा पनि 'रुपे' नामक राष्ट्रिय कार्ड प्रचलनमा छ। भारतभर एटिएम, पस मेसिन र कमर्स वेबसाइटमा यस्तो कार्ड प्रयोग गर्न सकिन्छ। त्यहाँको बैंकर एसोसिएसन र केन्द्रीय बैंक (आरबिआई) मिलेर बनाइएको भारतीय राष्ट्रिय भुक्तान निगमले रुपे कार्ड ल्याएको हो। नेपालमा पनि यही धारणालाई आत्मसात् गर्दै राष्ट्र बैंकसहित अन्य बैंक तथा वित्तीय संस्थाहरूको समेत लागनी रहेको नेपाल क्लियरिङ हाउसमार्फत यी काम अगाडि बढाउन लागिएको छ।



फाइल तस्बिर

### एटिएममा दिएको सुविधाले रकम बिदेसिने प्रवृत्ति बढायो



● **गुरुप्रसाद पौडेल**, कार्यकारी निर्देशक तथा भुक्तानी विभाग प्रमुख, राष्ट्र बैंक

एटिएम कार्ड जारी गर्ने संस्था एउटै भए पनि एटिएम मेसिन फरक छ भने त्यस्तो कारोबारलाई अफअस भनिन्छ। मानौँ, कुनै दुईवटै बैंकको कार्ड भिसा हो भने पनि एक-अर्काको एटिएममा कसैले प्रयोग गर्छ भने त्यो अफअस कारोबार हुन्छ। यस्तो कारोबारमा प्रत्येकपटक रकम बिदेसिन्छ। कोभिडको समयमा राष्ट्र बैंकले एटिएम प्रयोगमा ग्राहकलाई दिएको सुविधाले मुद्रा बिदेसिने प्रवृत्तिलाई बढाएको हो कि भन्ने सोच्नुपर्ने भएको छ।

### एटिएम मेसिन प्रयोग र बाहिरिएको रकम

| | |
|---|---|
| ०७७ वैशाखदेखि ०७८ पुससम्म एटिएम प्रयोग संख्या | १३ करोड ५५ लाख |
| अफअस कारोबार प्रयोग | ४ करोड ६ लाख |
| बाहिरिएको रकम | ४० करोड ६५ लाख रुपैयाँ |

## बढ्दै पर्यटक, फेब्रुअरीमा भित्रिए २० हजार

**काठमाडौं**/ विश्वभरि कोभिड महामारी कम हुँदै गएसँगै विदेशी पर्यटक आगमन बढ्न थालेको छ। फेब्रुअरी २०२२ मा विभिन्न मुलुकबाट १९ हजार सात सय ६६ पर्यटक नेपाल आएका छन्, जुन गत वर्षको सोही महिनाको तुलनामा ११६ प्रतिशतले बढी हो।

कोभिड महामारीका कारण फेब्रुअरी २०२१ मा विभिन्न मुलुकबाट नौ हजार एक सय ४६ पर्यटक नेपाल आएको पर्यटन बोर्डको तथ्यांक छ। महामारी सुरु हुनुअघि फेब्रुअरी २०१९ मा एक लाख दुई हजार चार सय २३ र फेब्रुअरी २०२० मा ९८ हजार एक सय ९० पर्यटक नेपाल आएका थिए। तर, पछिल्लो समय महामारी कम हुँदै गएपछि पर्यटक आगमन पनि बढ्दै गइरहेको पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले बताए। जनवरी २०२२ मा १६ हजार नौ सय ७५ पर्यटक नेपाल भ्रमणमा आएको पर्यटन बोर्डको तथ्यांक छ। जनवरीको तुलनामा फेब्रुअरीमा नेपाल आउने पर्यटक करिब तीन हजारले बढेको छ।

नेपालमा चैत ०७६ (मार्च २०२०) देखि फैलिन थालेको कोभिड महामारीले पर्यटन क्षेत्र ठप्प थियो। बीचमा पर्यटक आगमन बढ्न थाले पनि कोभिडको दोस्रो लहर, निषेधाज्ञा, सीमित उडान, विभिन्न मुलुकले ट्राभलमा गरेको कडाइलगायत कारणहरूले पर्यटक आगमन पुनः ठप्प भएको थियो। २०२१ सेप्टेम्बर-अक्टोबरदेखि पर्यटन क्षेत्र बिस्तारै लयमा फर्किन थालेको पर्यटन व्यवसायी बताउँछन्। पर्यटकीय सिजन सुरु भएकाले पर्यटक आगमन बढ्दै जाने बोर्डका निर्देशक लामिछानेले बताए। 'महामारीको सन्त्रास पनि कम हुँदै गइरहेको छ, विश्वभरिबाट घुमफिरमा निस्कने पर्यटक पनि बढ्न थालेका छन्।'

### कुन मुलुकबाट कति ?

फेब्रुअरी २०२२ मा नेपाल भित्रिएका कुल पर्यटकमध्ये सात हजार दुई सय ६२ पर्यटक सार्क मुलुकबाट आएका छन्, यो कुल संख्याको ३६.७४ प्रतिशत हुन आउँछ। अन्य एसियाली मुलुकबाट नौ सय ५३ पर्यटक नेपाल भ्रमणमा आएका छन्। यस्तै, युरोपका १६ मुलुकबाट चार हजार आठ सय १३ पर्यटक आएका छन् भने अस्ट्रेलिया र न्युजिल्यान्डबाट एक हजार ७३ तथा क्यानडा र अमेरिकाबाट दुई हजार ५१ पर्यटक आएको पर्यटन बोर्डले जनाएको छ।

फेब्रुअरीमा सबैभन्दा बढी पर्यटक आउनेमा भारत पहिलो र अमेरिका दोस्रोमा रहेका छन्। भारतबाट पाँच हजार नौ सय ९८ पर्यटक आउँदा अमेरिकाबाट तीन हजार एक सय ९५ पर्यटक आएका छन्। यस्तै, युकेबाट दुई हजार दुई सय १७, अस्ट्रेलियाबाट एक हजार ५२, बंगलादेशबाट आठ सय ८८, जर्मनीबाट ६ सय ४२ आएको बोर्डको तथ्यांक छ।


Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक


## पेट्रोलियम पदार्थको फेरि मूल्यवृद्धि

**काठमाडौंमा पेट्रोलको मूल्य १५० तथा डिजेल र मट्टीतेल समान १३३ रुपैयाँ**

**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**

अन्तर्राष्ट्रिय बजारमा बढ्दै गएको कच्चा तेलको मूल्यलाई कारण देखाउँदै नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। निगमले पेट्रोल, डिजेल र मट्टीतेलमा समान पाँच-पाँच रुपैयाँ मूल्यवृद्धि गरेको हो। शुक्रबार बिहानबाट काठमाडौं उपत्यकामा पेट्रोल एक सय ५० रुपैयाँ, डिजेल र मट्टीतेल समान एक सय ३३ रुपैयाँ प्रतिलिटरमा बिक्री हुने भएको छ।

निगमले इन्धन खरिद गर्दै आएको इन्डियन आयल कर्पोरेसन (आइओसी)ले मंगलबार खरिद दर बढाएर पठाएको सहायक प्रवक्ता पुष्कर कार्कीले बताए। उनका अनुसार आइओसीले पठाएको नयाँ मूल्यसूचीमा पेट्रोल ३.८९ रुपैयाँ, डिजेल ३.०८ रुपैयाँ, मट्टीतेल १०.३० रुपैयाँ र हवाई इन्धन ३.३२ रुपैयाँ प्रतिलिटर तथा ग्यास ९९.१७ रुपैयाँ प्रतिसिलिन्डर बढेर आएको थियो।

सबै पेट्रोलियमको मूल्य बढेर आए पनि निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मात्र मूल्य समायोजन गरेको उनको भनाइ छ। हवाई इन्धन र ग्यासको मूल्य स्थिर राखेको छ। विगतमा आइओसीबाट प्राप्त मूल्यसूचीअनुसार नेपालमा मूल्यवृद्धि नगर्दाको सञ्चित घाटादरका कारण अहिलेको मूल्यवृद्धिबाट निगमलाई अझै घाटा नै रहेको सहायक प्रवक्ता कार्कीले दाबी गरे।

'सबै पेट्रोलियमको मूल्य बढेर आयो, तर हामीले हवाई इन्धन र ग्यासमा मूल्यवृद्धि गर्न सकेनौँ। जसका कारण आगामी १५ दिनमा हामीलाई अझै दुई अर्ब ५० करोड रुपैयाँ घाटा हुने प्रक्षेपण गरिएको छ,' उनले भने।





### पेट्रोलपम्पको सुविधा कटौती

त्यस्तै, यसपटक मूल्यवृद्धि गर्दा आयल निगमले पेट्रोलपम्प व्यवसायीले पाउने सुविधा पनि रोकेको छ। गत वर्षदेखि पेट्रोल र डिजेल बिक्री गर्ने पम्पले प्रतिशतका आधारमा कमिसन पाउने व्यवस्था लागू भएको थियो। जसकारण पेट्रोल, डिजेलको मूल्य बढ्दा व्यवसायीको कमिसन बढ्ने र मूल्य घट्दा व्यवसायीको कमिसन पनि घट्ने गरेको थियो।

तर, पछिल्लो समय निरन्तर मूल्य बढेर पेट्रोलपम्प व्यवसायीको कमिसन प्रतिलिटर पेट्रोलमा करिब ६ रुपैयाँ र डिजेलमा करिब पाँच रुपैयाँ पुगेको थियो। यो दरको कमिसन नै उच्च भएको दाबी गर्दै निगमले सञ्चालक समितिबाट निर्णय गराई व्यवसायीलाई थप कसिमन नदिने निर्णय गरेको हो। यसबाट समेत निगमको खर्च कटौती भई केही रकम जोगिएको निगमको दाबी छ।

### कर्मचारीको लुगा धुने भत्ता खारेज

निगमले यसपटक मूल्यवृद्धि गर्दा विद्यार्थी संगठन, उपभोक्ता अधिकारकर्मी र नागरिक अगुवालगायतको विरोध हुने देखेर कर्मचारीले पाउँदै आएको लुगा धुने भत्ता खारेज गर्ने निर्णय गरेको छ। निगममा कार्यरत करिब चार सय ७० स्थायी कर्मचारीले प्रतिदिन १५ रुपैयाँका दरले लुगा धुने भत्ता पाउँदै आएका थिए। यो भत्ता खारेज भएको प्रवक्ता विनीतमणि उपाध्यायले बताए।

'कर्मचारीले धेरै भत्ता लिने गरेको गुनासो थियो। हामीले लिएको सुविधा कटौती गर्दा संस्था बच्छ भने हामी तयार छौँ भनेर सञ्चालक समितिलाई जानकारी गराएका थियौँ,' प्रवक्ता उपाध्यायले भने, 'त्यसपछि सञ्चालक समितिले पोसाक संरक्षण खर्च (लुगा धुने भत्ता) कटौती गरेको हो।'

निगम कर्मचारीले करिब दर्जन शीर्षकमा भत्ता सुविधा लिँदै आएका आएका छन्। त्यसमध्ये लुगा धुने भत्ता सबैभन्दा कम दरको थियो। यो शीर्षकबाट कर्मचारीले मासिक रूपमा बढीमा चार सय ५० रुपैयाँ पाउँदै आएका थिए।

## डाक्टर र नर्सलाई माल्दिभ्समा रोजगारी

**नेपाल-माल्दिभ्स श्रम समझदारीपत्रको मस्यौदालाई अन्तिम रूप दिने तयारी**

**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**

माल्दिभ्समा नेपाली डाक्टर तथा नर्सहरूको मागलाई नेपाल सरकारले सकारात्मक रूपमा लिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले बताएका छन्। श्रममन्त्री श्रेष्ठसँग नेपालका लागि माल्दिभ्सका नवनियुक्त राजदूत डा. हसन नियाजले गरेको भेटमा उनले यस्तो बताएका हुन्। मन्त्री श्रेष्ठले मेडिकल क्षेत्रबाहेक पर्यटन, निर्माणलगायत क्षेत्रमा पनि नेपाली श्रमिकलाई हुन सक्ने रोजगारीको अवसरबारे चासो राखेका थिए।

नेपाली डाक्टर तथा नर्सहरूलाई माल्दिभ्सका सरकारी अस्पतालहरूमा रोजगारीका लागि नेपाल-माल्दिभ्स श्रम समझदारीपत्रको मस्यौदालाई अन्तिम रूप दिने तयारी भइरहेको छ। अहिले माल्दिभ्सका विभिन्न स्वास्थ्य संस्थामा दुई सयभन्दा बढी नेपाली डाक्टर तथा नर्सहरू छन्।

उनीहरूले माल्दिभियन मुद्रामा पारिश्रमिक प्राप्त गर्ने र स्थानीय बैंकहरूले मुद्रा विनिमयको सुविधा नदिँदा समस्यामा परेको भन्दै मन्त्री श्रेष्ठले माल्दिभियन बैंकहरूमार्फत डलर विनिमयको सुविधा दिन आग्रह गरे। मन्त्री श्रेष्ठले नेपालमा चिकित्सा अध्ययनका लागि माल्दिभ्सका विद्यार्थीलाई अवसर दिन यसअघि भएको शैक्षिक सहयोगसम्बन्धी सम्झौता नवीकरण गर्न नेपाल सरकार सकारात्मक रहेको बताए।

सन् १९८० मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल-माल्दिभ्सबीच घनिष्ट सम्बन्ध रहेको छ। मन्त्री श्रेष्ठले दुवै देश सार्कका सक्रिय सदस्य राष्ट्र रहेको बताउँदै नवनियुक्त राजदूत नियाजको कार्यकालमा द्विपक्षीय सम्बन्ध अभिवृद्धि हुने विश्वास व्यक्त गरे। सो अवसरमा राजदूत नियाजले माल्दिभ्समा रहेका नेपाली श्रमिकको समस्या समाधानका लागि पहल गर्ने बताए।


**Mahalaxmi Municipality**
**Office of The Municipal Executive**
Jitpur, Dhankuta

**Invitation for Online Bids for JITPUR DANDAGAUN SADAK**

**Contract Identification No.: MM/DKT/NCB/10/078-79**
**First Publication Date: March 4, 2022**
**Deadline for Bids' Submission: 12:00 PM on April 3**

1. Office of the Mahalaxmi Municipality invites only online bids under E-Procurement system form eligible bidders of the procurement of following works.

| Contract Identification No. | Description | Estimated Amount (Without VAT and Contingencies) | Bid document fee NRs | Bid Security NRs | Remarks |
|---|---|---|---|---|---|
| MM/DKT/NCB/04/078-79 | JITPUR DANDAGAUN SADAK | 6190426.39 | 3000.00 | 180000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Mahalaxmi Municipality Office, Jitpur, Dhankuta, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre bid meeting shall not be held.
4. Bidding document is available online and can be download from e-GP system http://www.bolptra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.00 NRs. in the following specified bank.
   **Name of Bank** : **Rastriya Banijya Bank Ltd., Jitpur Branch**
   **Name of Office** : **Mahalaxmi Municipality, Jitpur, Dhankuta.**
   **Office Code No.** : **NA**
   **Office Account No.** : **2350100301010003 (Aantarik Rajaswa Khata)**
   **Revenue Head No.** : **NA**
5. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 3rd April, 2022 at 12:00 PM. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP system operating guideline 2073 and User manuals issued by PPMO which are available on e-GP system.
6. Online bids shall be opened in the presence of Bidders representatives who choose to attend on 3rd April, 2022 14:00 hours at the office of the Mahalaxmi Municipality, Jitpur, Dhankuta, Province No. 01. Online bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to NRs.180000 which shall be valid for minimum 30 days beyond the bid validity period. The scanned copy of bid security should be uploaded in the e-GP system during bid submission.

**Information to deposit the bid security Amount**

| Name of the Bank | Account Name | Account No: |
|---|---|---|
| Rastriya Banijya Bank Ltd., Jitpur branch | Mahalaxmi Municipality, Jitpur, Dhankuta | 2350100303000003 (Dharauti Khata) |

7. If the office happens to be closed in the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# छोटी भन्सार सञ्चालन नहुँदा तस्करी बढ्दो

**चिरञ्जीवी घिमिरे/नयाँ पत्रिका**
**झापा, १९ फागुन**

झापामा रहेका नेपाल-भारत सीमाका छोटी भन्सार सञ्चालनमा नहुँदा तस्करी बढ्दै गएको छ। मूल भन्सार मानिने मेची भन्सार र भद्रपुर भन्सारअन्तर्गत रहेका ११ वटै छोटी भन्सार सञ्चालनमा नहुँदा तस्करी बढेको हो।

मेची भन्सार काँकडभिट्टाअन्तर्गत ६ वटा र भद्रपुर भन्सारअन्तर्गत पाँचवटा छोटी भन्सार छन्। यीमध्ये कतिपय वर्षौंदेखि बन्द छन् भने केही कोरोना महामारीयता खुल्न सकेका छैनन्। मेची भन्सारअन्तर्गत गाडागल्ली, बाहुनडाँगी, नकलबन्दा, सतीघट्टा, महाभारा र गौरीगन्ज छोटी भन्सार छन् । तीमध्ये बाहुनडाँगी, नकलबन्दा र गौरीगन्ज महामारीअघिसम्म सञ्चालनमा थिए। तर, महामारीपछि भने यी छोटी भन्सार पनि बन्द छन्।

यस्तै, भद्रपुर भन्सारअन्तर्गत पाठामारा, केचना, घेराबारी, पन्थपाडा, कुमरखोद-झापा छोटी भन्सार छन्। तीमध्ये झापा गाउँपालिकामा रहेको छोटी भन्सार कार्यालय सञ्चालनमा छ। यहाँ एकजना कर्मचारी छन्। तर, कोभिड महामारीपछि उनी कामविहीन छन्। 'चारवटा छोटी भन्सार बन्द छन्। छोटी भन्सार झापामा चाहिँ एकजना कर्मचारी छन्,' भद्रपुर भन्सारका प्रमुख रामेश्वर मिश्र भन्छन्, 'कोरोनापछि त्यहाँ पनि काम भएको छैन।'

छोटी भन्सारको आफ्नै संरचना छ। केही छोटी भन्सार लामो समयदेखि सञ्चालनमा नआउँदा स्थानीयका गाईगोठ भएका छन्। कतिपयले छोटी भन्सारको संरचनामा बाख्रा पनि बाँध्ने गरेका छन्। तर, यी दुई भन्सार कार्यालयले हालसम्म छोटी भन्सारको संरचना संरक्षणमा ध्यान दिएका छैनन्।


गौरीगन्ज-६ स्थित खजुरगाछीमा बन्द अवस्थामा रहेको छोटी भन्सार कार्यालय।

कोभिड महामारीपछि दुईवटा मूल भन्सारबाहेक ११ वटै छोटी भन्सार बन्द रहेका कारण सीमामा हुने वैधानिक व्यापार ठप्पजस्तै छ। जसका कारण तस्करी भने मौलाएको छ। 'हामीलाई त धेरै समस्या छ। वैधानिक हिसाबले राजस्व तिरेर सामान ल्याउँछु भन्दा पनि पाउँदैनौँ। यहाँबाट सामान ल्याएर भन्सार तिर्न काँकडभिट्टा वा भद्रपुर पुग्नुपर्छ,' गौरीगन्ज-६ का विनोद साह भन्छन्, 'भन्सार नहुँदा तस्करी मौलाएको छ। दैनिक उपभोग्य सामान ल्याउँदा पनि छोटी भन्सार कार्यालय नहुँदा नागरिकले दुःख पाएका छन्।'

गौरीगन्ज-६ मा रहेको गौरीगन्ज छोटी भन्सार कार्यालयले विगतमा मासिक दुई लाखसम्म राजस्व उठाउने गरेको गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठको दाबी छ। तर, लामो समयदेखि छोटी भन्सार बन्द हुँदा लाखौं राजस्व गुमेको गाउँपालिका अध्यक्ष श्रेष्ठले बताए। 'कोरोनापछि गौरीगन्जको छोटी भन्सारमा कर्मचारी छैनन्। यो केका लागि छोटी भन्सार ? कर्मचारी बस्नुपर्छ कि पर्दैन ? भन्सार काट्ने सामग्री ल्याउँदा पनि भन्सार काट्न पाउँदैनन्। जसले गर्दा तस्करी मौलाएको छ,' उनी भन्छन्, 'मेची भन्सार प्रमुखलाई पटक-पटक जानकारी गराएँ। तर, छोटी भन्सार सञ्चालनमा चासो नदिएपछि एक वर्षदेखि सम्पर्क पनि गरेको छैन।' सीमामा बस्ने सशस्त्र प्रहरीलाई पनि भन्सार नभएपछि अवैध सामान पक्राउ गर्नसमेत झन्झट रहेको अध्यक्ष श्रेष्ठ बताउँछन्।

स्थानीयका अनुसार छोटी भन्सार सञ्चालनमा नहुँदा खुला सीमा रहेका नाकाबाट खुलेआम तस्करी हुँदै आएको छ। गौरीगन्जको फत्तेपुर नाकाबाट खुलेआम तस्करी हुने गरेको फत्तेपुर नाकाका स्थानीय गुणाप्रसाद सिंहले बताए। 'भन्सार छैन। तर, साइकलका साइकल सामान आइरहन्छन्,' उनी भन्छन्, 'दिनभर सुरक्षाकर्मीले कडा गर्छन्। रात परेपछि उनीहरूकै मिलेमतोमा तस्करी हुन्छ। यो नाका भएर चिनी सबैभन्दा धेरै आउँछ। माछा पनि आउँछ।' यहाँ छोटी भन्सार नहुँदा दमकसम्मका व्यापारीले सशस्त्र प्रहरीसँग लाइन मिलाएर राजस्व छलेर सामान भित्र्याउँदै आएका छन्।

मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख केशवराज ओलीले प्राविधिक कारण कोरोना महामारीपछि छोटी भन्सार चल्न नसकेको बताए। 'छोटी भन्सारबाट धेरैजसो खाद्यान्न आउँछन्। ती खाद्यान्न पनि सर्टिफाई भएर नआउने हुनाले भन्सार राखेर पनि हामीले पास गर्न सक्दैनौँ।' यसबारे जिल्ला प्रशासन कार्यालयमा मिटिङ पनि भएको, तर निर्णय भइनसकेको उनको भनाइ छ। ओलीले नयाँ पत्रिकासँग भने, 'त्यहाँ व्यापार गर्छन्, वैध कारोबार गर्छन् भने मूल भन्सारबाट नै आउनुपर्छ। दुई-तीन केजी चिनी ल्याउँदैमा तस्करी भयो भन्न पनि भएन। विभागीय रूपमा केही समस्या भएका कारण छोटी भन्सार चल्न सकेको छैन।'

# महिन्द्रा केयर फेस्ट आयोजना हुँदै



**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**

महिन्द्रा फोर ह्विलरको नेपालका लागि अधिकृत विक्रेता अग्नि समूहको सहायक कम्पनी बालाजु अटो वर्क्स प्रालिले देशभर महिन्द्रा केयर फेस्ट आयोजना गर्ने भएको छ। कम्पनीले २२ देखि २७ फागुनसम्म ४५-प्वाइन्ट चेकअप क्याम्प आयोजना गर्न लागेको हो।

क्याम्पमा फ्री लेबर चार्ज, फ्री हेल्थ चेकअप, लुब्रिकेन्ट्स र स्पेयर पार्टस्मा १० प्रतिशत छुट तथा एक्सेसरिजमा २५ प्रतिशतसम्म छुटको लाभ लिन सकिने कम्पनीले जनाएको छ। महिन्द्राका ग्राहकले नेपालभरि रहेका महिन्द्राका आधिकारिक सर्भिस सेन्टरमा गई केयर फेस्टमा सहभागी हुन सक्ने जनाइएको छ। आफ्ना सेवाग्राहीलाई थप सेवा-सुविधा प्रदान गर्ने उद्देश्यले हरेक वर्ष आयोजना गर्दै आइरहेको केयर फेस्टमा यसपटक पनि अघिल्ला वर्षहरूमाझैँ ग्राहकको उल्लासमय सहभागिता रहने अपेक्षा गरेको जनाएको छ।

# काठमाडौंमा हुने अन्तर्राष्ट्रिय कला प्रदर्शनीमा बर्जर पेन्ट्सको सहकार्य




**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**

बर्जर पेन्ट्सले काठमाडौं ट्रिनालेले आयोजना गर्ने अन्तर्राष्ट्रिय कला प्रदर्शनीमा सहकार्य गर्ने भएको छ। यो त्रैवार्षिक रूपमा हुने प्रदर्शनीको चौथौँ संस्करण हो।

काठमाडौं ट्रिनाले र बर्जर पेन्ट्स नेपालबीच भएको साझेदारीले नेपालको कला र संस्कृतिलाई प्रवर्द्धन गर्ने कम्पनीले जनाएको छ। १७ फागुनदेखि १७ चैतसम्म हुने कला प्रदर्शनीमा ४० राष्ट्रका एक सयजना कलाकारले आफ्ना तीन सय कलाकृति प्रदर्शन गर्नुका साथै विभिन्न विधामा आधारित रहेर काठमाडौंका सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका पाँच ठाउँमा आफ्ना कला प्रस्तुत गर्ने जनाइएको छ। कुनै पनि कला-संस्कृतिमा पेन्टको भूमिका महत्त्वपूर्ण हुने भएकाले बर्जर पेन्ट्सले नेपालको कला र संस्कृतिको प्रवर्द्धनमा पहिलेदेखि नै सक्रिय भूमिका निर्वाह गर्दै आइरहेको कम्पनीको भनाइ छ।

विश्वव्यापी समकालीन कला प्रदर्शनीका लागि काठमाडौं ट्रिनाले नेपालकै प्रमुख अन्तर्राष्ट्रिय मञ्च रहेको जनाइएको छ। काठमाडौंको कला र संस्कृतिलाई विश्वसामु चिनाउन सिद्धार्थ आर्ट फाउन्डेसनको पहलमा प्रदर्शनीको पछिल्लो संस्करण हुन लागेको ट्रिनालेले जनाएको छ।

# आठ वर्षदेखि प्रयोगमा आएन हुम्डे विमानस्थल

**शान्ता कमली/नयाँ पत्रिका**
**लमजुङ, १९ फागुन**

पक्की धावनमार्ग बनेको सात वर्षपछि ०७६ भदौ २७ गते हिमाली जिल्ला मनाङमा जहाज पुग्यो। गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले असोज १० गतेदेखि मनाङमा नियमित उडान हुने भाषण गरे। तर, अहिलेसम्म पनि हुम्डे विमानस्थल प्रयोगमा आउन सकेको छैन।

'असोज १० गते जहाज आउँछ कि भनेर आकाश हेर्दैमा बित्यो, तर जहाज आएन,' डिस्याङ गाउँपालिका-४, हुम्डे मनाङकी विष्णु गुरुङले भनिन्, 'जहाज आउँछ भनेर भाषण गरेको दुई वर्ष बित्यो, जहाज देख्न पाइएन।' हुम्डेमा जहाज चलाउने नेताको प्रतिबद्धता भाषणमै सीमित भएको उनी बताउँछिन्।

मुख्यमन्त्री, मन्त्री, सांसदले भनेपछि धेरैले असोज १० गतेदेखि नियमित जहाज आउँछ भन्ने ठानेका थिए। तर, मन्त्रीले आश्वासन दिएको दुई वर्ष बित्दा पनि जहाज नआएपछि स्थानीय निराश बनेका छन्। पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङले जहाज उडान नहुँदा मनाङवासी समस्यामा परेको बताए। नागरिक उड्डयन प्राधिकरणले आर्थिक वर्ष ०६९/७० मा नौ करोड रुपैयाँ खर्च गरेर धुले धावनमार्गलाई विस्तार गरी कालोपत्रे गरेको थियो। ६ सय मिटरको धावनमार्ग नौ सय मिटर बनाइएको छ।

धावनमार्ग कालोपत्रे भएपछि तत्कालीन मन्त्री तथा प्राधिकरणका अधिकारीले जहाज चढेर मंसिरमा धावनमार्गको परीक्षण गरेका थिए। ०७० देखि हुम्डे विमानस्थल बन्द थियो। त्यतिवेला निगमले तत्कालीन मन्त्री तथा प्राधिकरणका अधिकारीहरू ल्याएर हवाईजहाज परीक्षण गरेको थियो। त्यसयता वायुसेवा निगमको जहाज मनाङ पुगेकै छैन।

कालोपत्रे गर्नुअघि वायुसेवा निगमले सातामा दुईपटक पोखरा-मनाङ र मनाङ-पोखरा नियमित उडान भरेको थियो। हरेक वर्ष असार १६ र पुस १६ देखि मौसममा आएको खराबीको कारण देखाई सूचना जारी गरेरै हवाई उडान स्थगित गर्दै आएको थियो। विमानस्थल तीन हजार तीन सय ३० मिटर उचाइमा अवस्थित छ। पोखरा-मनाङ वा मनाङ-पोखरा उडानमा २५ मिनेट लाग्छ। हुम्डेमा ०३९ असोजबाट उडान सुरु गरिएको थियो। कालोपत्रे भएको दुई वर्षपछि तारा एयरको डोर्नियर जहाजले परीक्षण उडान गरे पनि त्यसयता कुनै पनि जहाज मनाङ आएको छैन।

# नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी २७ फागुनदेखि

**नयाँ पत्रिका**
**काठमाडौं, १९ फागुन**




निर्माणसँग सम्बन्धित विभिन्न विषयमा जानकारी दिने उद्देश्यले आयोजना गरिने नेपाल बिल्डकन इन्टरनेसनल एक्सपो २७ देखि २९ फागुनमा हुने भएको छ। मिडिया स्पेस सोलुसन्स प्रालि र फ्यूचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपले यसअघि आयोजना गर्दै आइरहेको यो प्रदर्शनी सातौँ वर्षमा भृकुटीमण्डपमा आयोजना हुन लागेको हो।

प्रदर्शनीमा विभिन्न देशका तीन सयभन्दा बढी ब्रान्डका एक सय ५० भन्दा बढी स्टल रहने आयोजकले जनाएका छन्। यसमा निर्माण कम्पनी, डिलर, सबडिलर र विक्रेताहरूले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादनहरूको बारेमा जानकारी गराउने र यस क्षेत्रमा आउने नयाँ-नयाँ प्रविधिका बारेमा जानकारी गराउने जनाइएको छ। विगत ६ वर्षदेखि आयोजना हुँदै आएको यो प्रदर्शनीमा निर्माण सामग्री, निर्माण मेसिनरीहरू, हेभी इक्युपमेन्ट, प्रिफ्याब स्ट्रक्चर, युपिभिसी झ्याल तथा मेसिनरी, युपिभिसी प्रोफाइल, झ्याल र ढोकाहरू, आर्टिटेक्टरल हार्डवेयर, बाथरुप फिटिङ राखिने आयोजकको भनाइ छ।

त्यस्तै, पाइपहरू, टाइल्स र सेनिटरिवेयर, रुफिङ, प्रि-इन्जिनियरिङ बिल्डिङ, पावर टुल्स, कंक्रिट ब्यलक मेसिनरी निर्माताहरू, अर्थ मुभिङ इक्युपमेन्ट्स, मेटेरियल ह्यान्डलिङ इक्युपमेन्टर, एलुमिनियम कम्पोजिट प्यानलहरूको पनि सहभागिता रहने जनाइएको छ।

मिडिया स्पेस सोलुसन्स प्रालिका प्रबन्ध निर्देशक श्रीजल भट्टराईले प्रदर्शनीमा टाइटल स्पोन्सर हुलास स्टिल इन्डस्ट्रिज रहने बताए। अन्य सहयोगी संस्थाहरूमा नेपाल इन्जिनियरिङ एसोसिएसन, नेपाल निर्माण व्यवसायी महासंघ, सोसाइटी अफ नेप्लिज आर्किटेक्ट्स, हेभी इक्युपमेन्ट पार्टस् एसोसिएसन तथा कफिडेरेसन अफ इन्डियन इन्डस्ट्री रहने उनको भनाइ छ। तीन दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको उनले जानकारी गराए।

प्रदर्शनीमा निर्माण क्षेत्रमा काम गरिरहेका नेपालका आर्किटेक्ट, इन्जिनियर, कन्ट्र्याक्टरस, बिल्डरस, इन्टेरियर डिजाइनर, घर बनाउन चाहने व्यक्ति तथा आमनागरिकको उल्लेखनीय सहभागिता रहने आयोजकले विश्वास व्यक्त गरेका छन्।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म:
१९९५/१२/०२

स्वर्गारोहण:
२०७८/११/०५

**स्व. खेमराज लम्साल**

हाम्रा प्रातः स्मरणीय, पुजनीय पति, पिता, हजुरबुबा स्याङ्जा बजार निवासि **खेमराज लम्साल**को स्वर्गारोहण भएको १३औं पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दुःखद् घडीमा हामीप्रति सहानुभूति राखि प्रत्यक्ष भेटेर, फोन एवं सामाजिक सञ्जाल मार्फत् समवेदना प्रकट गर्नुहुने समस्त आफन्तजन, इष्टमित्र, साथीभाई तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

धर्मपत्नी : शोभादेवी लम्साल

**छोरा/बुहारी**
मधु/लक्ष्मी लम्साल
रितु लम्साल/ ममता भट्टराई

**नाति/नातिना**
रविन्द्र लम्साल/ सदिक्षा शर्मा
रविना लम्साल, स्कन्द लम्साल

**छोरी/ज्वाई**
दुर्गा / तोयानाथ अर्याल
शिला/ हरि प्रसाद पोखेल
निर्मला/ शिवराम पोखेल
शान्ती/ ठक्कर प्रसाद सुवेदी

*एवं समस्त लम्साल परिवार*

## Sunchhahari Rural Municipality
## Office of the Rural Municipal Executive
## Pobang, Rolpa

## Invitation for Bid

**First Date of Publication: 2078/11/20**

1. The Sunchhahari Rural Municipality, Pobang, Rolpa invites sealed bid from the registered Suppliers for the supply and delivery of Pipes, Fittings, Tools and Construction Materials for the water Supply Projects.

| S. No. | Contract Number | Description | Estimated Amount | Bid Security |
|---|---|---|---|---|
| 1 | 09/GOODS/NCB /SRM/078-79 | Procurements of Pipes, Fittings, Tools and Construction Materials. | 35,78930.162 (Exclusive of Vat) | 1,00,000 |

2. A complete set of Bidding Documents may be purchased from the office Sunchhahari Rural Municipality, Pobang, by eligible bidder upon payment of a non-refundable fee of NRs. 3000.00 till 20th Chaitra 2078 during office hours.
3. Sealed bid must be submitted to the office Sunchhahari Rural Municipality by on or before12 hours (Local Time) on 21st Chaitra 2078. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14 hours on 21st Chaitra 2078 at the office of Sunchhahari Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amount as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Ga.3 Sunchhahari Dharauti Khata: 43525240600003, at Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa, or in any A Class Commercial Bank accredited by Nepal Rastra Bank and submit the receipt of the deposited amount of cash along with the Sealed bids.
5. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal PPA 2063 and PPR 2064.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last date.
8. For Detail Information Eligible Bidders may visit Municipality website at www.sunchhaharimun.gov.np, or may contact on 9847193099.

## Tinpatan Rural Municipality
## Office Of the Rural Municipal Executive
Lampatar, Sindhuli

**INVITATION FOR BIDS**

**Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Tinpatan Rural Municipality**

**Contract Identification No: TRM/W/NCB/01/2078-079**
**First Date of Publication: 2078/11/20 (2022/03/04)**

1. **The Government of Nepal (GoN)** has allocated funds to Tinpatan Rural Municipality for **Supply, Delivery, Installation, Commissioning and Testing of broadband services** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract. Bid is open to all eligible Nepalese Bidders.
2. The Tinpatan Rural Municipality invites online bids from registered internet service provider to provide service for Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Tinpatan Rural Municipality. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. Eligible Bidders may obtain further information at the office of Tinpatan Rural Municipality and inspect the bidding documents in www.bolpatra.gov.np
4. Bidding documents may be downloaded from **www.bolpatra.gov.np** by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee NRs 5,000.00 in Tinpatan Rural Municipality **Account Name:- Ga- 1.1 Antarik Rajaswo Khata**, Office Account no.: **018200000814524** of **Bank of Kathmandu Ltd., Tinpatan Branch** for bid documents.
5. Bids must be submitted online through www.bolpatra.gov.np, on or before **12:00 noon** on **2078/12/20** Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00** noon on 2078/12/20. at the office of Tinpatan Rural Municipality, Bids must be valid for a period of **90 days** after last date of bid submission and must be accompanied by bid security, amounting mention in table below, which shall be **valid for 30 days** beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in **Tinpatan Rural Municipality Dharauti Account Name Ga-3.1 Sthaniya Taha Dharauti Khata Account no:-018200000016524. of Bank of Kathmandu Ltd., Tinpatan Branch and submit bank deposit voucher along with the bid.**
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Pre-Bid Meeting shall be held at the office of Tinpatan Rural Municipality on **14:00 noon, 2078/12/11** .
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee | Remarks |
|---|---|---|---|---|
| Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Tinpatan Rural Municipality | 1,43,71,158.00 | 4,30,000.00 | 5,000.00 | |

**- Chief Administrative Officer**

कोरोनाविरुद्ध सचेतना



प्रयोग गरेको मास्क र टिस्यु
पेपर जथाभावी नफ्याकौँ

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.लि.द.नं. १७/०६९/०७०



# साहित्यमय धनगढी

## एमाले महासचिव शंकर पोखरेल भन्छन्- साहित्यमा समाज बदल्ने तागत हुन्छ। जागरणको आवाज हुन्छ। समाजलाई बुझ्न सिकाउँछ।

● तेजराज भट्ट/नयाँ पत्रिका

भनिन्छ, साहित्य समाजको दर्पण हो। समाज जस्तो छ, साहित्य त्यही रूपमा व्यक्त हुन्छ। साहित्यमा राजनीतिक प्रभाव र अन्तरसम्बन्धको चर्चा पनि साहित्यिक जमघटहरूमा वेलावेला हुने गर्छ। धनगढीमा सुरु भएको नेपाली साहित्य महोत्सवमा पनि यो विषय अछुतो रहेन। समाज, साहित्य र राजनीतिको अन्तरसम्बन्धबारे रोचक चर्चा भयो। बहसका वक्ता थिए- एमाले महासचिव शंकर पोखरेल।

'समाजको संरचना, पद्धतिका आधारमा साहित्यको अभिव्यक्ति हुन्छ। साहित्य र राजनीतिको जन्म समाजबाटै हुन्छ। त्यसैले यी अन्तरसम्बन्धित हुन्छन्।' बहसको सुरुमै पोखरेलले भने, 'राजनीति र साहित्य छुट्टिन नसक्ने विधा हुन्।' त्यसो भए राजनीतिले साहित्यलाई गर्ने व्यवहार चित्तबुझ्दो छ त ? बहसको सहजीकरण गरिरहेका पत्रकार राजेन्द्र बानियाँको प्रश्नमा पोखरेलले राजनीति सही दिशामा हिँडोस् भन्ने आफूले पनि चाहेको बताए।

समाजको ऐना देखाउने मात्र नभई समाजको चित्र बदल्ने तागत साहित्यमा हुनुपर्ने उनको भनाइ थियो। पोखरेलले साहित्य समाजको ऐना भएको बताए। त्यसो भए ऐना हेर्दा अनुहार बदल्ने कि ऐना ? राजनीतिले समाज रूपान्तरण गर्न नसकेको व्यङ्ग्यात्मक प्रश्नमा पोखरेलले राजनीति र साहित्य दुवैको उद्देश्य समाज परिवर्तन भएको बताए। साहित्य जति समृद्ध हुन्छ समाज त्यति नै बलियो हुने उनको विचार थियो।

'समाज बदल्ने तागत साहित्यमा पनि हुन्छ। साहित्यमा जागरणको आवाज हुन्छ। साहित्यले समाजलाई बुझ्न सिकाउँछ,' उनको भनाइ थियो, 'राजनीतिका माध्यमबाट समाज बदल्ने काम राजनीतिले गर्छ।' पोखरेलले आफूले बुझेको समाज, साहित्य र राजनीतिबारे करिब एक घन्टा व्याख्या गरे। राजनीति र साहित्य दुवैको अन्तर्य एउटै रहेको उनले बताए।




महोत्सवको पहिलो दिन नेकपा एमालेका महासचिव शंकर पोखरेलसँग साहित्यवार्ता गर्दै पत्रकार राजेन्द्र बानियाँ।

नेपाली साहित्य कुन गतिमा छ ? पोखरेलले घुमाउरो उत्तर दिए, 'सबै असलैअसल भए समाज विकासको प्रक्रिया नै रोकिन्छ।' उनले राजनीतिमा पनि समस्या रहेको स्वीकारे। मुलुकमा भएका राजनीतिक परिवर्तनलाई सही बाटोमा डोऱ्याउन नसक्दा सबैतिर अराजकता देखिएको उनले बताए।

### ■ सिर्जनामा मित्रताको ऊर्जाको चर्चा

अर्को सेसनमा साहित्यकार सरुभक्त र तीर्थ श्रेष्ठले सिर्जनामा मित्रताको ऊर्जाबारे चर्चा गरे। दुवैजनाले बालापनदेखिको आफ्नो मित्रताको चर्चा गरे। सरुभक्तले रचना गर्दा कुनै प्रसंगमा छलफल हुनु स्वाभाविक भए पनि मूलभूत रूपमा सिर्जनामा साहित्यकार एक्लो हुने बताए। साहित्यकारले आ-आफ्नो रुचिअनुसार विधा चयन गर्ने अधिकार रहेको र रुचि बदल्न नसकिने उनले बताए। श्रेष्ठले सरुभक्तसँगै हिउँ खेल्न जाँदा हिउँमा नाम लेखेको प्रसंगमा 'हिउँमा लेखिएको नाम' कविता सिर्जनाको सन्दर्भ सुनाए।

सुदूरपश्चिमाञ्चल साहित्य समाजले आयोजना गरेको नेपाली साहित्य महोत्सव तीन दिनसम्म चल्नेछ। 'साहित्य महोत्सव सुदूरपश्चिमलाई माथि उठाउने अभियान हो।' समाजका अध्यक्ष रामलाल जोशीले भने, 'यहाँको कला, संस्कृति, चिनारीलाई देशव्यापी बनाउने अभियानमा हामी छौँ।'

सम्मेलनमा प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. तुलसीप्रसाद भट्टराई, प्रा.डा.ध्रुवचन्द्र गौतम, प्रा.डा. कुसुमाकर न्यौपाने, प्रा.डा. प्रेमकुमार खत्री, डा. महादेव अवस्थी, नारायण ढकाल, नयनराज पाण्डेय, उमा सुवेदी, सनत रेग्मीलगायत भाषा, साहित्य क्षेत्रका दिग्गज व्यक्तित्वको सहभागिता रहेको छ। महोत्सव बिहीबार सुरु भएर शनिबार समापन हुँदै छ।

# १२ वर्षपछि मण्डला थिएटर आफ्नै भवनमा

## नयाँ भवनमा दुई सय सिट क्षमताको अडिटोरियम र ७० सिटको बाल नाटकघर छ

**काठमाडौं**/ मण्डला थिएटर स्थापनाको १२ वर्षपछि आफ्नै भवनमा सरेको छ। थिएटरले काठमाडौंको नयाँबानेश्वरमा आफ्नो भवन बनाएको हो।

उपराष्ट्रपति नन्दबहादुर पुनले थिएटरको नयाँ भवनको बिहीबार उद्घाटन गरेका छन्। मण्डला थिएटरकी अध्यक्ष सिर्जना सुब्बाले १२ वर्षदेखिको मिहिनेत र संघर्षले एउटा स्वरूप लिएको बताइन्। 'यो बीचमा मण्डलाले ८० वटा नाटक मञ्चन गरेको छ। यसमध्ये ५१ वटा आफ्नै नाटक हुन्। मण्डलाले सामाजिक विकृति र विसंगतिका विरुद्ध सधैँ आवाज उठाइरह्यो,' उनले भनिन्। दुई सय सिट क्षमताको अडिटोरियम र ७० सिट क्षमताको बाल नाटकघर निर्माण भएको उनले बताइन्। ३० आना जग्गा भाडामा लिएर मण्डलाले भवन निर्माण गरेको हो।

उपराष्ट्रपति पुनले नेपाली समाज रूपान्तरणका लागि नाटकले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताए। 'राजनीतिक तथा सामाजिक रूपान्तरणका लागि भएका क्रान्ति र आन्दोलनमा नाटकले महत्वपूर्ण भूमिका खेलेको छ,' उनले भने, 'समाजका अन्धविश्वास, विकृति, विभेदलाई उदाङ्गो पारेर जनमानसमा प्रस्तुत गर्ने प्रमुख प्रेरक नाटक नै हो। राजनीतिक क्रान्तिका परिवर्तनहरू, परिवर्तनको पक्षमा जनमतका लागि नाटकको प्रमुख भूमिका रह्यो।' उपराष्ट्रपति पुनले नयाँ भवनमा मञ्चन भएको नाटक 'रोगन' पनि अवलोकन गरेका थिए।

कार्यक्रममा नाट्यकर्मी हरिहर अधिकारीले मण्डला थिएटरको आफ्नै भवन तयार हुँदा नेपाली रंगकर्म पुनर्जागरण भएको बताए। नाट्यकर्मीका लागि नाटक मञ्चन गर्न स्थायी थलोको आवश्यक पर्ने उनले बताए। उनले मण्डला थिएटर टिमलाई शुभकामना व्यक्त गर्दै भने, 'नाटक कुरा गरेर मात्रै हुँदैन, नाटक लेखेर मात्रै पनि हुँदैन। नाटक गरेपछि, त्यो नाटक हुन्छ। नाटक दर्शकसम्म पुग्नुपर्छ। नाटक मञ्चनका लागि स्थायी थलोको आवश्यक पर्छ।

# झापा गोल्डकपको तयारी पूरा

नयाँ पत्रिका
झापा, १९ फागुन

आगामी शनिबारदेखि सुरु हुन लागेको पाँचौं संस्करणको झापा गोल्डकपको सम्पूर्ण तयारी पूरा भएको छ। झापा गोल्डकप आयोजक समितिले बिहीबार पत्रकार सम्मलेलन आयोजना गर्दै गोल्डकपको सम्पूर्ण तयारी पूरा भएको जनाएको हो।

मोफसलकै प्रतिष्ठित झापा गोल्डकप बिर्तामोडस्थित डोमलाल राजवंशी रंगशालामा हुनेछ। गोल्डकपका लागि रंगशालामा १२ हजार अट्ने प्यारापिट निर्माण, खेलमैदान सम्याउनेलगायतका काम सकिएको छ। चार वर्षसम्म लगातार भएको ०७६ र ०७७ मा कोरोना महामारीले हुन नसकेको यो गोल्डकपका लागि एक करोड ४० लाख खर्च लाग्ने आयोजकको अनुमान रहेको झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेतले बताए। झापा गोल्डकपलाई नेपाल आइस बियरले मुख्य प्रायोजन गरेको छ।

गोल्डकप गरेर बाँकी रहेको रकमले खेलाडी उत्पादनका लागि एकेडेमी स्थापना गर्ने योजना रहेको उनले बताए। 'गोल्डकप सञ्चालन गरेर रहेको पैसाले हामी गोल्डकपमा राख्दैनौँ। हामी एकेडेमी स्थापना गरेर नयाँ खेलाडी उत्पादन गर्छौं,' उनले भने, 'गोल्डकपको मुख्य उद्देश्य खेलाडी उत्पादन गर्नु पनि हो।' उनले यो गोल्डकप बिर्तामोडको मात्र नभई झापाकै भएको दाबी गरे।

प्रतियोगितामा घरेलु टोली झापा-११ सहित आठवटा ए डिभिजन क्लब र दुई विदेशी टोलीको सहभागिता रहनेछ। प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, थ्री स्टर क्लब, संकटा क्बल, घरेलु टोली झापा-११ फुटबल क्बल, एपिएफ फुटबल क्बल, जावलाखेल युथ क्लब र सातदोबाटो युथ क्लबको सहभागिता रहनेछ।

पाँचौं संस्करणको झापा गोल्डकप २१ देखि ३० फागुनसम्म हुनेछ। गोल्डकपको विजेताले विजेताले १२ लाख ५५ हजार र उपविजेताले ६ लाख पाँच हजार रुपैयाँ नगद प्राप्त गर्ने अध्यक्ष बस्नेतले जानकारी दिए। प्रतियोगिताको 'मस्ट भ्यालुएबल प्लेयर'ले एक थान मोटर साइकल पाउनेछ। यस्तै, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षकलाई नगर २१ हजार रुपैयाँ दिइने आयोजकले जनाएको छ। प्रतियोगिताको सर्वाधिक गोलकर्ताले नगद २५ हजार पाउनेछन्। प्रत्येक खेलको म्यान अफ दि म्याचलाई नगद ९ हजार ९९९ रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# मध्यपरिक्रमा सुरु



**जनकपुरधाम**/ मिथिला क्षेत्रमा विशेष धार्मिक महत्त्वका साथ मनाइने १५ दिने मध्यपरिक्रमा बिहीबार सुरु भएको छ। फागुनको औँसीदेखि पूर्णिमासम्म मनाइने यस परिक्रमाअन्तर्गत बिहीबार धनुषाको मिथिला बिहारी नगरपालिकाको कचुरीस्थित मिथिलाबिहारी मन्दिरबाट किशोरी जिको डोला निकालिएको छ।

मधेश प्रदेशका उद्योग पर्यटन तथा वनमन्त्री सत्रुधन महतो, मिथिलाबिहारी नगरपालिकाका मेयर सुनील यादव, धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडल, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कार्यकारी निर्देशक बलराम ठाकुरसहितले काँधा थाप्दै किशोरी जिको डोला बाहिर निकालेपछि परिक्रम सुरु भएको हो। परिक्रमा प्रारम्भ गर्नुअघि नेपाल प्रहरीले किशोरी जिको डोलाई सलामी दिएको थियो।

यस परिक्रमले धनुषा, महोत्तरी र भारतको विहारका दर्जनौँ धार्मिक ऐतिहासिक ठाउँहरू समेट्छ। परिक्रमामा नेपालको ९० किलोमिटर र भारतको ३० किलोमिटर गरी एक सय २० किलो मिटर भू-भागको परिक्रमा गरिन्छ।

बृहत्, मध्य र अन्तरगृह गरी तीन प्रकारको परिक्रमा गरी मनाइने गरिन्छ। तर, विभिन्न समस्याका कारण वर्तमान समयमा मध्य परिक्रमामा रुचि राख्नेहरू बढेको साहित्यकार डा.राजेन्द्र विमलले बताए। मिथिला माहात्ममा मध्यपरिक्रममा १८औं शताब्दीभन्दाअघि देखि नै सुरु भएको उल्लेख छ।

परिक्रममाअन्तर्गत क्रमशः जनकपुरको हनुमाननगर, बिहारको कलनास्थित कल्यानेश्वर, भारतकै फूलहरस्थित गिरिजा स्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सतोखर, औरही, करुण (भारत), विसौल (भारत) र यात्राको अन्तिम दिन अर्थात् १५औँ दिन जनकपुरको अन्तरगृह परिक्रम गरी मध्यपरिक्रमा सम्पन्न हुने जानकी मन्दिरका  महन्थ रामतपेशर दासले जानकारी दिए।

परिक्रम सम्पन्न भएको भोलिपल्ट जनकपुरसहितका क्षेत्रमा होली पर्व मनाउने चलन छ। परिक्रम नेपाल र भारतका भूमिसँग जोडिएकोले परापूर्वकालदेखि यी दुई मुलुकको सम्बन्ध सुमधुर राख्न यसले ठूलो भूमिका निर्वाह गर्दै आएको छ।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com